नेमकिपाले भक्तपुर जिल्लामा युवा पुस्ताका निम्न उम्मेदवारहरूलाई जिम्मेवारी दिएको छ–

**प्रतिनिधिसभा**

क्षेत्र नं. १ (भक्तपुर र चाँगु नपा)– प्रेम सुवाल

क्षेत्र नं. २ (मध्यपुर र सूर्यविनायक नपा)– अनुराधा थापामगर

**प्रदेशसभा**

प्रतिनिधिसभा क्षेत्र नं. १ को प्रदेशसभा–१ (चांगुनारायण नपा र भक्तपुर नपा वडा नं. १०) –निरज लवजू

प्रतिनिधिसभा क्षेत्र नं. १ को प्रदेशसभा–२ (भक्तपुर नपा वडा नं. १ देखि ९) – सुरेन्द्र राज गोसाईं

प्रतिनिधिसभा क्षेत्र नं. २ को प्रदेशसभा–१ (सूर्यविनायक नपा) – सरोज राज गोसाईं

प्रतिनिधिसभा क्षेत्र नं. २ को प्रदेशसभा–२ (मध्यपुर थिमि नपा) – प्रेमजन थापा श्रेष्ठ





भाज्या पोखरी परिसर सरसफाइ कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति, सहभागी स्थानीय र कर्मचारीहरु

# बाँसुरी बाजा प्रतियोगिताको तयारी बैठक

भक्तपुर नगरपालिकाले आयोजना गरेको बाँसुरी बाजा प्रतियोगिताको तयारी बैठक प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा कार्तिक २३ गते सम्पन्न भयो। बैठकमा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरको अधिकांश घरहरू पुरातात्त्विक महत्त्वको भएको र संस्कृति संरक्षणको उदेश्यले बाँसुरी बाजा प्रतियोगिता आयोजना गरेको बताउँदै बाँसुरी बाजालाई ब्यवसायिक बनाउन पनि प्रतियोगिता महत्त्वपूर्ण भएको बताउनुभयो। उहाँले कला सँस्कृति जगेर्ना गर्दै नयाँ पुस्तामा हस्तातरण गर्न विद्यालयहरूमा पनि बाजागाजा प्रशिक्षणको लागि नगरपालिकामा स्थानीय पाठ्यक्रम तयारीको विषयमा छलफल भएको बताउनु भयो। उहाँले कला संस्कृति जगेर्ना गर्न पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला संस्कृति नारालाई अगाडि सार्दै मठ-मन्दिर, पाटीपौवा र ढुङ्गेधाराहरू जीर्णोद्धारलाई जोड दिएको बताउनुभयो। उहाँले भक्तपुरको नाचगान विदेशी पर्यटकहरूलाई उत्कृष्ट अनुभव भएको सुनाउनुभयो। उहाँले पर्यटक शुल्क तिर्न तयार भई आउनु भक्तपुर नगर राम्रो हुनु र पर्यटकहरूलाई भक्तपुर नगरको प्रत्येक ठाउँ नयाँपन लाग्ने गरेको विदेशीहरूले अनुभव गरेको बताउनु भयो। उहाँले भक्तपुर नगरभित्र गाडी प्रवेश निषेध गराउनु पर्ने आवाज उठिरहेको बताउँदै उदाहरणीय नगर, सफा नगर र सांस्कृतिक नगर बनाउनमा लागि पर्ने बताउनुभयो। उहाँले सरकारबाट आवश्यक कानुन निर्माण नहुँदा समेत भक्तपुरमा विकास निर्माण, शिक्षा स्वास्थ्यमा काम भइरहेकोले नगरपालिकाप्रति विश्वास बढ्दै गएको बताउनुभयो।



बाँसुरी बाजा प्रतियोगिताको तयारी बैठकमा प्रमुख प्रजापति बोल्नुहुँदै

बैठकमा उपप्रमुख रजनी जोशीले साँस्कृतिक नगर घोषणा गराउन पूर्वाधार तयारी स्वरुप बाँसुरी बाजा प्रतियोगिता गरेको बताउनुभयो।

बैठकमा वातावरण तथा पर्यटन समितिका संयोजक रविन्द्र ज्याख्व, बाँसुरी बाजा प्रतियोगिता पुरस्कार व्यवस्थापन समितिका उकेश कवाँ, बाँसुरी बाजा प्रतियोगिता स्वयम् सेवक समितिका संयोजक श्यामकृष्ण खत्री र बाँसुरी बाजा प्रतियोगिता अतिथि सत्कार समितिका छोरी मैया सुजखुले बाँसुरी बाजा प्रतियोगिताको तयारीबारे जानकारी दिनुभयो।

# ताहामलाको भग्नावशेषमा उमा महेश्वरको मूर्ति फेला

भक्तपुर नगरपालिका वडा नं. ८ (साविक वडा नं. २) स्थित ताहामलामा भूकम्पले क्षति पुऱ्याएको घरको भग्नावशेष हटाउने क्रममा एक सुन्दर र कलात्मक उमा महेश्वरको मूर्ति फेला परेको छ। स्थानीय चार पाँच परिवार मिलेर थुप्रेको भग्नावशेष डोजरले पन्छाउने क्रममा सो मूर्ति फेला परेको हो।

उचाइ ७३ सेन्टिमिटर, चौडाइ ४३ सेन्टिमिटर र मोटाइ १९ सेन्टिमिटर रहेको सो ढुङ्गाको मूर्तिको तल्लो भागमा शिवका बाहन साँढे, पार्वतीका बाहन सिंह र बीचमा शिव पार्वतीका पुत्र गणेशको मूर्ति रहेको छ।

आलिङ्गनको आसनमा बसेको सो मूर्तिमा शिवसँग जुङ्गाको रेखा स्पष्टसँग देखिन्छ। शिव र पार्वतीको आभूषण र भेषभूषा मौलिक शैलीको रहेको संस्कृतिविद् ओम धौभडेलले बताउनुभयो।

चार हात भएको शिवको चार भुजामध्ये एक भुजामा डमरु, दोस्रो भुजामा त्रिशुल, तेस्रो भुजामा रुद्राक्ष माला र अर्को भुजामा कमण्डल रहेको देखिन्छ।

उक्त मूर्ति कति वर्षको हो ? मूर्ति साँच्चै कहाँको हो ? त्यो अध्ययन र अनुसन्धानको विषय रहेको छ। यसबारे इतिहासकार, संस्कृतिविद्हरूले खोजीनीति गर्नुपर्ने तड्कारो आवश्यकता छ।

*(मजदुर दैनिक, २०७४ कार्तिक १४ बाट)*

# जनसहभागितामा सिद्धपोखरीको सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नपा वडा नम्बर १ स्थित ऐतिहासिक सिद्धपोखरीको पश्चिम उत्तर डिलतर्फ कार्तिक १५ गते सरसफाइ कार्यक्रम सम्पन्न भयो।

नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, भनपा १ वडामा रहेका निजी तथा सरकारी विद्यालयहरू, स्थानीय जनताको सक्रिय सहभागितामा भएको सफाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चुनावको समयमा घोषणापत्रमार्फत जनतालाई दिएको प्रतिबद्धताकै आधारमा नगरलाई सफा, सुन्दर र हराभरा बनाउन वृक्षारोपन र सरसफाइ कार्यलाई निरन्तरता दिँदै आइरहेको हो भन्नुभयो।

उहाँले हरेक पन्ध्र दिनमा स्थानीय जनताको सहभागितामा हुँदै आइरहेको यस अभियानमा कर्मचारी साथीहरूलाई पनि देश र समाजप्रति जिम्मेवार बनाउनुका साथै जनतासँग एकाकार बनाउँदै आएको प्रस्ट पार्नुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नगरलाई सफा राख्ने कुरामा स्थानीय जनता, स्कूल, क्लबले देखाएको उत्साह कदर योग्य रहेको भनाइ राख्दै अबका दिनमा सफाइ कार्यको जिम्मा पनि स्थानीयले नै लिनसक्ने वातावरण बनाउँदै जानुपर्ने आवश्यकता औंल्याउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले यस्ता खालका सामाजिक कार्यक्रमहरूले समाजप्रतिको आ-आफ्नो उत्तरदायित्व बोध गराउदै जाने विश्वास व्यक्त गर्नुभयो।



ऐतिहासिक सिद्धपोखरीको सरसफाइ

कार्यक्रममा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो।



सिद्ध पोखरी परिसरमा सरसफाइ कार्यक्रमा बोल्नु हुँदै वडाध्यक्ष ज्याख्व

# पर्यटन उद्योगको प्रवर्द्धनलाई थप प्रभावकारी बनाउन छलफल

भक्तपुर नगरपालिकाले पर्यटन उद्योगको प्रवर्द्धनलाई थप प्रभावकारी बनाउने उद्देश्यले पर्यटन उद्योगसँग सम्बन्धित व्यवसायी, सङ्घ-संस्थाका प्रतिनिधिहरूबीच कार्तिक १९ गते छलफल आयोजना गऱ्यो।



पर्यटन उद्योगसँग सम्बन्धित व्यवसायी, सङ्घ-संस्थाका प्रतिनिधिहरूबीच प्रमुख सुनिल प्रजापति बोल्नुहुँदै

छलफलमा नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन नगरपालिकाबाट भइरहेको प्रयत्नबारे जानकारी दिनुभयो। उहाँले भूकम्पबाट क्षतिग्रस्त सांस्कृतिक सम्पदाहरू पुनःनिर्माण कार्यलाई तीव्रता दिइरहेको चर्चा गर्दै यहाँका संस्कृतिको संरक्षण गर्ने ध्येयले सांस्कृतिक प्रतियोगिताहरू सञ्चालन गरेको बताउनुभयो। नगरपालिकाले युवाहरूका लागि सीपमूलक तालिम सञ्चालन गरिरहेको, नगरको विभिन्न ठाउँमा पर्यटक शौचालय निर्माणको लागि इष्टिमेट भइरहेको, सम्पदाहरूको परिचयात्मक सङ्केत बोर्ड निर्माणको लागि कार्यदल गठन भएको र पर्यटनसम्बन्धी अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट प्रोत्साहनस्वरूप अनुदान दिन थालेको प्रमुखले जानकारी दिनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर पर्यटन उद्योगको लाभ नगरका सर्वसाधारण जनताले पनि पाउनुपर्छ भन्ने मान्यता बोकी परम्परागत सांस्कृतिक विधाहरूको संरक्षणमा नगरपालिका सचेत रहेको प्रस्ट पार्नुभयो।

छलफलमा सहभागी प्रतिनिधिहरूले भक्तपुरको पर्यटन विकास अल्पकालीन र दीर्घकालीन योजनाहरू बनाउनुपर्ने, युवाहरूलाई गाइड तालिम सञ्चालन गरी पोशाक र परिचयपत्र वितरण गर्नुपर्ने, बजारको मुख्य चोक र सडकमा सीसी क्यामेरा र सन्ध्याकालीन बत्तीको व्यवस्था गर्नुपर्ने, भक्तपुरका पोखरीहरूलाई पर्यटन विकासको हिसाबले योजना बनाउनुपर्ने, सडक बालबालिकालाई नियन्त्रण गर्नुपर्ने लगायतका सुझावहरू दिएका थिए।

# गपली ढुंगेधारा (पसःहिटी) को निकास मर्मत सुधार तथा ढुंगेधारा परिसर सरसफाइ

भक्तपुर नपा वडा नं ४ गपलीस्थित गपली ढुङ्गेधारा (पसःहिटीको रूपमा चिनिने) को निकास मर्मत सुधार तथा ढुंगेधारा परिसर सरसफाइ गरिएको छ। स्थानीय टोलवासी उद्धव प्रजापतिको अध्यक्षतामा एक उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति तथा जनप्रतिनिधिको सक्रियता र टोलवासीको सहयोगमा उक्त ढुंगेधाराको निकास मर्मत सुधार तथा ढुंगेधारा परिसर सरसफाइ गरिएको हो।

भक्तपुर नगरपालिकाबाट लगत इष्टिमेट ९ लाख ८३ हजार रुपैयां स्वीकृतिमा उक्त ढुंगेधाराको मर्मत तथा सुधार कार्य शुरु गरिएको हो। सूर्यविनायक चोकबाट राममन्दिर भई भक्तपुर नगर प्रवेश गर्ने बाटो मै रहेकोले उक्त ढुंगेधारा पर्यटकीय रूपमा पनि महत्त्वपूर्ण छ।



वडा नं ४ स्थित गपली ढुङ्गेधारा सरसफाइ निरीक्षण गर्नुहुँदै वडाध्यक्ष चवाल (दायाँ)

# भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्थापना गरी छाड्नेछ

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्गको शैक्षिक–सत्र २०७४/७५ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत एवं अभिमुखीकरण कार्यक्रम एक समारोहकाबीच सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले ख्वप इन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्गमा अध्ययन गर्न विभिन्न जिल्लाबाट आएका विद्यार्थीहरूलाई आफ्नै कलेज सम्झेर अध्ययन गर्न सुझाव दिनुभयो। परीक्षामा पास हुने उद्देश्यले मात्र अध्ययन गर्नु उचित नहुने बताउँदै उहाँले दक्ष प्राविधिक भएर उच्च नैतिकताले काम गर्ने उद्देश्य हुनुपर्छ भन्नुभयो।

यी कलेजहरूबाट उत्पादित इन्जिनियरहरूले देशका विभिन्न भागमा गएर इमानदारीपूर्वक देशको सेवा गरिरहेको बताउँदै त्यसको सबैतिरबाट प्रशंसा पाइरहेकोमा खुशी व्यक्त गर्नुभयो। कम शुल्कमा गुणस्तरीय शिक्षा दिन मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय स्थापना गर्न निरन्तर लागिरहेको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले एक दिन ख्वप विश्वविद्यालय स्थापना गरी छाड्नेछ भन्नुभयो।

उहाँले पूँजीवादी ब्यवस्थाले २/३ सय वर्षमा गरेको विकास रुसी अक्टोबर क्रान्तिपछि समाजवादी ब्यवस्थाले ३०/४० वर्षमा गरेर देखाएको उदाहरण प्रस्तुत गर्नुभयो। रुसको समाजवादी ब्यवस्था बिग्रनुमा त्यहाँका युवाहरूलाई राजनैतिक शिक्षा नदिनु भएको बताउँदै उहाँले विज्ञान र राजनीति सँगसँगै लानुपर्छ भन्नुभयो। उहाँले विदेशीको अगाडि झुक्ने र आफूलाई केन्द्रविन्दु बनाएर काम गर्ने बानी त्याग्नु पर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने उद्देश्यले भक्तपुर नपाले कलेजहरू स्थापना गरेको बताउँदै जनताको करबाट संचालित कलेजहरूमा अध्ययन गर्ने विद्यार्थीहरूले जनभावनामा आँच पुग्ने कुनै किसिमको अनुशासनहीन कार्य नगर्न सुझाव दिनुभयो।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले यहाँका जनता र जनप्रतिनिधिहरूले अन्यन्त मिहिनेत गरी स्थापना गरेका यी कलेजहरूमा अध्ययन गर्ने सबै विद्यार्थीहरूले देश र समाजको सेवामा समर्पित भएर काम गरेमा यहाँका जनता र जनप्रतिनिधिहरू खुशी हुने विचार व्यक्त गर्दै उच्च शिक्षा हासिल गर्ने नाउँमा वर्षको अर्बौ रूपैँया विदेशमा गइरहेकोलाई रोक्ने कोसिस गर्नुपर्छ भन्नुभयो।

उहाँले व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, रोजगारीको सुनिश्चिततातर्फ सरकारले ध्यान नदिएको बताउनु भयो। विद्यार्थीहरूले आर्जन गरेको ज्ञान र सीपलाई देश र जनताको हीतमा प्रयोग गरी देश विकासमा लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

कलेज सञ्चालक समितिका उपाध्यक्ष भक्तपुर नगरपालिकाका उपप्रमुख आ. रजनी श्रेष्ठ जोशीले उज्ज्वल भविष्यको लागि अध्ययन गर्नुपर्छ भन्नुभयो। समाजलाई बुद्धिजीविकरण गर्न भक्तपुर नपाले शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउँदै उहाँले यी दुवै कलेजहरू मानिसका दुई आँखाजस्तै छन् भन्नुभयो।

इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोकका प्राध्यापक डा.प्रेमनाथ मास्केले ख्वप सर्कलका कलेजहरूको काम प्रशंसनीय भएको र उहाँ पनि गौरवान्वित भएको बताउनुभयो। अहिले प्रविधिको युग भएकोले विद्यार्थीहरूले नयाँ नयाँ ज्ञानहरू सिक्न नयाँ नयाँ प्रविधिहरूको उपयोग गर्न जान्नुपर्छ भन्नुभयो। उहाँले पढ्ने वातावरण बिगार्न नहुने तर्फ विद्यार्थीहरूलाई सचेत पार्दै नयाँ मानिस बनेर समाज सेवा गर्न सकोस् भनी शुभकामना दिनुभयो।

ख्वप इन्जिनियरिङ्ग कलेजका प्राचार्य ई.सुजन माकले कलेजहरूले शैक्षिक ज्ञानको साथै ब्यबहारिक ज्ञान पनि सिकाएको बताउनुभयो। दुवै इन्जिनियरिङ्ग कलेजहरूले हरेक वर्षको माघ २ गते भूकम्पीय जोखिम न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू गरिदै आएको र उक्त कार्यक्रममा दुवै कलेजका शिक्षक, कर्मचारी र विद्यार्थीहरूले सक्रियता जनाउँदै आउनुभएको बताउनुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य ई.सुनिल दुवालले मिहिनेतको विकल्प छैन, मिहिनेतले मात्र राम्रो बन्न सक्छ र कर्तब्यनिष्ठ तथा देशभक्त नागरिक बनाउन कलेजहरू सञ्चालन भएको बताउनुभयो।

कलेज सञ्चालक समितिका अध्यक्ष भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको सभापत्विमा भएको उक्त कार्यक्रममा अधिकृत राजन जतिले पनि बोल्नुभएको थियो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस्।

# युवाहरूले देश र जनताको सेवा गर्ने भावनाले राजनीतिमा भाग लिनुपर्ने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संविधानमा खेलकूदलाई नागरिकको मौलिक हकमा राख्न नेमकिपाले जोड दिए पनि ठूला शासक दलहरूले स्वीकार नगरेको कारण सफल नभएको बताउनुभयो।




शारीरिक सुगठन भक्तपुर जिल्ला समितिको आयोजना कार्तिक २ गते सम्पन्न शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले खेलकुद प्रतियोगिता व्यक्तिगत शोखको विषयले नभई देशको शिर उँचो राख्ने भावनाले भाग लिनुपर्ने बताउनुभयो।

उहाँले देशको भविष्य युवाहरूको हातमा हुने हुँदा युवाहरू अनुशासित, देश र जनताको सेवा गर्ने तथा अन्यायका विरुद्ध लड्ने भावनाका हुनुपर्छ भन्नुभयो।

सरकारमा बसेका दलहरूले नेपालमा अशान्ति हुन्छ भनेर युवा जनशक्ति विदेश पठाउने अपराध गरिरहेको बताउँदै उहाँले भन्नुभयो, जतिसुकै युवाहरू बाहिर पठाए पनि पूँजीवादले जनताको समस्या समाधान गर्न नसक्ने भएकोले आन्दोलन र क्रान्ति निरन्तर अगाडि बढिरहन्छ।

देशभक्त र स्वाभिमानी जनता कस्तो हुन्छ भन्ने उदाहरण प्रजग कोरिया र क्यूबाका जनताबाट शिक्षा लिनुपर्छ भन्दै उहाँले भन्नुभयो, नेपाल जस्तो सानो देश प्रजग कोरियाले संरा अमेरिकालाई चुनौति दिइरहेको छ, क्यूबाको स्वास्थ्य उपचार संसारमै उत्कृष्ट छ। त्यो समाजवादी व्यवस्थाकै कारण सम्भव भएको हो। हरेक कुरा राजनीतिले निर्देशित गर्ने हुँदा युवाहरूले देश र जनताको सेवा गर्ने भावनाले राजनीतिमा भाग लिनुपर्ने सुझाव दिनुभयो।

कार्यक्रममा शारीरिक सुगठन तथा फिटनेस संघका केन्द्रीय उपाध्यक्ष दिनेश राजभण्डारीले शारीरिक सुगठन प्रतियोगितामा नेपालले भाग लिएका हरेक पटक मेडल प्राप्त गर्न सफल भएबाट नेपाली खेलाडीहरू राम्रो भएको उदाहरण हो भन्नुभयो।

शारीरिक सुगठन तथा फिटनेस संघ भक्तपुर जिल्ला समितिका अध्यक्ष बाबुकाजी मानन्धरको सभापतित्वमा सम्पन्न कार्यक्रममा अन्तराष्ट्रिय प्रतियोगितामा भाग लिई पदक जित्न सफल खेलाडीहरूलाई सम्मान पनि गरिएको थियो।



प्रमुख प्रजापतिसँग शुभकामना आदान प्रदानमा शारीरिक सुगठनका खेलाडीहरू

# वडा नं. ५ मा जनप्रतिनिधिहरूको सय दिन

भक्तपुर नगरपालिकामा जनताद्वारा निर्वाचित प्रतिनिधिहरुले एक सय दिनमा गरेका उपलब्धि जनतासमक्ष राख्न भक्तपुर नपा वडा नं. ५ को आयोजनामा एक कार्यक्रम कार्तिक १२ गते सम्पन्न भयो।

सभामा बोल्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरभित्रका निर्माण कार्य उपभोक्ता समितिहरुमार्फत हुँदा स्थानीय श्रम र स्रोत साधनको परिचालन र उपयोग हुने बताउनुभयो। उहाँले ठेकेदारीमा निर्माण कार्य गराउँदा निर्माण कार्यमा स्थानीय जनताको सहभागिता कम हुने र निर्माणप्रति जनताको माया पनि नहुने धारणा राख्नुभयो।




कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति बोल्नुहुँदै

प्रमुख प्रजापतिले नयाँ पुस्ता शारीरिक र सामाजिक रुपमा अघि बढोस् भन्ने लक्ष्यकासाथ खेलकुद प्रतियोगिता सञ्चालन भइरहेको जानकारी प्रस्तुत गर्दै खेलकुदप्रति विद्यार्थीहरुको उत्साहजनक सहभागिताबाट भक्तपुर नगरपालिकालाई उत्साहित बनाएको बताउनुभयो।

उहाँले टौमढीको भैरवनाथ मन्दिरको जीर्णोद्धारका लागि प्रयत्न भइरहेको बताउनु भयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपालाई सञ्चालन स्वीकृत प्राप्त ख्वप अस्पताल सञ्चालनको लागि तयारी भइरहेको जानकारी दिँदै जनताको स्वास्थ्य सुविधाका लागि सक्दो चाँडो अस्पताल सञ्चालनमा ल्याउन तत्पर रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले वडामा भइरहेका विकास निर्माण तथा अन्य गतिविधिबारे जानकारी दिनुभयो।

शिक्षाविद् पृथुचरण वैद्य र समाजसेवी श्यामसुन्दर धौभडेलले वडामा भइरहेका गतिविधिको समीक्षा गर्दै खेलकुद तथा सम्पदा संरक्षणको लागि नपाले अझै अग्रसरता देखाउनुपर्ने सुझाव दिनुभयो।

कार्यक्रममा वडा सदस्य सरिना द्योला र स्थानीय जनताको तर्फबाट नारायणप्रसाद त्वानाबासूले बोल्नुभएको थियो।

## भक्तपुर नपा वडा नं. ५ खिंछेंको हालसालै खुल्ला गरिएको दाफा खलःको भजन पाटी



# सी जिन पिङ महासचिवमा पुन:निर्वाचित

चिनियाँ कम्युनिष्ट पार्टीको उन्नाइसौं महाधिवेशनले दुई सय चार केन्द्रीय सदस्य र एक सय बहत्तर वैकल्पिक केन्द्रीय सदस्य निर्वाचित गरेर सम्पन्न भएको छ। चिनियाँ कम्युनिष्ट पार्टीको महाधिवेशन पाँच पाँच वर्षमा हुने गर्छ।

निर्वाचित केन्द्रीय समितिको पूर्ण बैठकले सी जिन पिङलाई पार्टीको महासचिव पदमा सर्वसम्मत निर्वाचित गरेको छ। पार्टी महासचिवको रूपमा सीको यो दोस्रो कार्यकाल हो। चीनमा एकजना महासचिवले दुई कार्यकाल गरी दश वर्ष पदमा बस्ने परम्परा छ।

बैठकले पार्टीको पोलिटव्युरोको स्थायी समितिमा सी जिन पिङ, ली खस्याङ, ली चाङ्सु, वाङ याङ, वाङ हुननिन, चाओ लिची र हान चेङलाई सर्वसम्मत निर्वाचित गरेको छ।

पुन:निर्वाचित महासचिव सीले पत्रकार सम्मेलन गरी नवनिर्वाचित केन्द्रीय नेतृत्वको तर्फबाट सबै पार्टी सदस्यहरूलाई हामीप्रति देखाएको विश्वासको लागि आभार व्यक्त गर्दै 'हामी हाम्रो कर्तव्य पूरा गर्न, हाम्रो लक्ष्य हासिल गर्न र हामीप्रतिको विश्वासलाई अर्थपूर्ण बनाउन दिलोज्यानले काम गर्ने' बताए।




महासचिव सी जिन पिङ

त्यस्तै चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय सैनिक आयोगको अध्यक्ष पनि सी जिन पिङ नै निर्वाचित भएका छन्।

## प्रदेशसभाहरूमा समावेशी आधार

संवैधानिक व्यवस्थाअनुसार राज्यका सबै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न प्रत्येक प्रदेशमा फरक फरक समावेशिताको आधार तयार भएको छ।

निर्वाचन आयोगले तयार गरेको समावेशीको आधार निम्नअनुसार रहनेछ–

**प्रदेश र प्रतिशत**

| समावेशी क्षेत्र | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | प्रदेश ६ | प्रदेश ७ |
|---|---|---|---|---|---|---|---|
| आदिवासी जनजाति | ४६.७९ | ६.६१ | ५३.१७ | ४२.३७ | १९.५८ | १३.६३ | ३.६१ |
| खस आर्य | २७.८४ | ४.८९ | ३७.०९ | ३७.२४ | २८.८४ | ६२.२ | ६०.२ |
| थारु | ४.१५ | ५.२७ | १.६६ | १.७२ | १५.१८ | ०.५ | १७.२१ |
| दलित | १०.०६ | १७.२९ | ५.८४ | १७.४४ | १५.११ | ०.५ | १७.२१ |
| मधेसी | ७.५७ | ५४.३६ | १.५७ | ०.५२ | १४.३५ | ०.२४ | १.६४ |
| मुस्लिम | ३.५९ | ११.५८ | ०.६७ | ०.७१ | ६.९४ | ०.१८ | ०.२३ |

गोरखापत्र, २०७४, कार्तिक ८ बाट

**सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो।**

# रुपान्तरित संसदको कार्यकाल समाप्त

नेपालको संविधान २०७४ को व्यवस्थाअनुसार संसदको कार्यकाल २०७४ माघ ७ गतेसम्म कायम रहने भए पनि संविधानको धारा २९६ (१) को कार्यकाल पूरा हुनु अगावै यस संविधान बमोजिम प्रतिनिधिसभाको निर्वाचन हुने भएमा त्यस्तो निर्वाचनका लागि उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनसम्म व्यवस्थापिका संसद कायम रहने छ भन्ने प्रतिबन्धात्मक वाक्यांशको कारण समाप्त भएको छ ।

निर्वाचन आयोगले मंसिर १० र २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने र पहिलो चरणको निर्वाचनको लागि असोज २९ गते मनोनयन पत्र दाखिला गर्ने मिति तय गरेको कारण संसदको कार्यकाल असोज २८ गते राति १२ बजेपछि समाप्त भएको हो । यसको अन्तिम बैठक असोज २७ गते बसेको थियो ।

संविधान सभाबाट २०७२ असोज ३ गते संविधान जारी भएपछि संवैधानिक व्यवस्थाअनुसार नै संविधान सभा व्यवस्थापिका-संसदमा रूपान्तरित भएको थियो । कार्यकालमा ६६६ दिन बैठक बसेको यस संसदले ५६ वटा विधेयक पारित गरेको थियो भने १९ विधेयकहरू तुहाइएका छन् ।

आगामी निर्वाचनको लागि समानुपातिकतर्फ ८८ वटा दलहरूले निर्वाचन आयोगमा नाम दर्ता गराएका थिए । तर असोज २९ गते आयोगमा निम्न ५५ दलले समानुपातिक निर्वाचनका लागि उम्मेदवारहरूको बन्दसूची बुझाएका छन्-

१. ग्रिन पार्टी नेपाल
२. राष्ट्रिय यथार्थवादी पार्टी नेपाल
३. राष्ट्रिय जनता दल नेपाल
४. चुरे भावर लोकतान्त्रिक पार्टी
५. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च
६. नेपाल युवा किसान पार्टी
७. एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)
८. ताम्सालिङ लोकतान्त्रिक पार्टी
९. नेपाली कांग्रेस
१०. नेपाल समावेशी पार्टी
११. नेपाल समाजवादी पार्टी लोहियावादी
१२. जनशक्ति नेपाल
१३. जनतान्त्रिक पार्टी नेपाल
१४. राष्ट्रिय शिवसेना पार्टी र नागरिक पार्टी
१५. राष्ट्रिय जनता पार्टी नेपाल
१६. दशभक्त समाज
१७. नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी
१८. देशभक्त लोकतान्त्रिक पार्टी
१९. बहुजन शक्ति पार्टी
२०. दलित मुस्लिम जनशक्ति पार्टी
२१. संघीय समाजवादी फोरम नेपाल
२२. नेपाल जनता पार्टी
२३. नेपाल मजदुर किसान पार्टी
२४. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च थरुहट
२५. युवा नेपाल पार्टी
२६. राष्ट्रिय जनमोर्चा
२७. लिबरल डेमोक्र्याटिक पार्टी
२८. देशभक्त जनगणतान्त्रिक मोर्चा
२९. नयाँ शक्ति पार्टी नेपाल
३०. हाम्रो पार्टी
३१. नेपालवाद
३२. आमुल परिवर्तन मसिहा पार्टी नेपाल
३३. नेपाल दर्शन
३४. राष्ट्रिय प्रजातन्त्र पार्टी
३५. मंगोल नेसनल अर्गानाइजेसन
३६. राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)
३७. नेपाल कम्युनिस्ट पार्टी (एमाले)
३८. संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल
३९. राष्ट्रिय त्रिशूल बहुजन समाजवादी पार्टी
४०. नेकपा माले समाजवादी पार्टी नेपाल
४१. नेपाल नौलो जनवादी पार्टी
४२. नेपाल लोकतान्त्रिक फोरम
४३. नेकपा (माओवादी केन्द्र)
४४. नेपाल सुकुम्बासी पार्टी लोकतान्त्रिक
४५. नेपाल लोकतान्त्रिक जनता कांग्रेस
४६. नेपाली जनता दल
४७. नेपाली कांग्रेस बीपी
४८. राष्ट्रिय मुक्ति आन्दोलन
४९. राष्ट्रिय समाजवादी पार्टी नेपाल
५०. नेपाल दलित पार्टी
५१. राष्ट्रिय जनमुक्ति पार्टी
५२. नेपाल संघीय समाजवादी पार्टी
५३. विवेकशील साझा पार्टी
५४. ऐतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल
५५. नेपा:राष्ट्रिय पार्टी

# 'नाचगानको राजधानी भक्तपुर' का लेखक राणाको निधन

'भक्तपुरमा प्राचीन कलाकौशलको खानी नै छ। प्राचीनत्वको अनुभव इन्द्रीय, शरीर र मनले गर्नुछ भने भक्तपुर गए अघाउँजी भोग्न पाइन्छ। मुलुकलाई आफूभित्र राखेर आफू मुलुक बाहिर बस्दा मेरो मन र मस्तिष्कमा हामीले बालककालदेखि बर्सेनि देख्दै आएको देवी नाच नाचिरहन्थ्यो। यता आएर समुद्रपारका देशमा गएर पनि नाचहरू हेर्दा हाम्रो नाचको याद आउँथ्यो। कसैले यसको चर्चा गरे पनि यो नृत्यलाई उकास्ने र यसको पुनरुत्थान गर्ने काम भए जस्तो लागेन। यसैबारे खोजीनिती गर्न म भक्तपुर पसें।'



जगदीश शमशेर राणा

यस्तै भावनाले भक्तपुरको नाचगानबारे जगदीश शमशेर राणाले अध्ययन-अनुसन्धान गरी 'नाचगानको राजधानी भक्तपुर' लेखेका थिए। यसले मानव सभ्यताको एक सृंखला संरक्षण गर्न योगदान पुगेको थियो। भक्तपुरको नाचगान संरक्षणको लागि 'भक्तपुर पारम्परिक नाचगान संरक्षण कोष' स्थापना गरी गहकिलो सहयोग गरेका थिए।

भक्तपुरको कला-संस्कृतिलाई माया गर्ने जगदीश शमशेर राणाको गएको असोज २३ गते भारतको शिमलामा ८८ वर्षको उमेरमा निधन भयो। उनको जन्म वि.सं. १९८६ भदौ ३ गते भएको थियो।


## 'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

रचना पठाउने ठेगाना :

कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)

email - bhaktapurmasik@gmail.com


## हार्दिक समवेदना



स्व. पूर्णदेवी शाक्य

जन्म : २००२ माघ ०७ निधन : २०७४ कार्तिक १८

भक्तपुर नगरपालिका वडा नं. १० का महिलावडा सदस्य विजयलक्ष्मी शाक्यका ममतामयी माता **पूर्णदेवी शाक्य**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# योजना निर्माणभन्दा कार्यान्वयन महत्त्वपूर्ण

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरलाई साँस्कृतिक नगर घोषणा गर्नुपर्ने दोहोऱ्याउनु भयो।

राष्ट्रिय योजना आयोगको आयोजनामा सम्पन्न काठमाण्डौ उपत्यकाका नगर क्षेत्रभित्र उद्यान विकास र खाद्य हरियाली विकासको प्रवर्द्धन विषयक छलफल कार्यक्रममा



छलफल कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

बोल्दै प्रमुख प्रजापतिले योजना निर्माणभन्दा कार्यान्वयन महत्त्वपूर्ण कुरा हो भन्नुभयो।

सबै फुल एउटै टोकरीमा राख्ने गल्ती नगर्न सचेत पार्दै उहाँले भन्नुभयो, 'हरेक नगरको आ-आफ्नो विशेषता हुन्छ। नगरको विशेषताअनुसार राष्ट्रिय योजना आयोगले कार्यक्रम तयार गरेमा व्यवहारिक हुनेछ। सरकारले बजेट पठाएमा जनप्रतिनिधिहरू काम गर्न सक्षम छन्।'

पूर्वाधारहरूविना नगरपालिका घोषणा गरेको कारण अहिले देशभर विभिन्न समस्याहरू आइरहेको बताउँदै उहाँले डम्पिङ साइट, बसपार्क, खानेपानी, ढलनिकास, अस्पताललगायत पूर्वाधारहरू निर्माणपछि मात्रै नपा घोषणा गर्न नेमकिपाले जोड दिएको बताउनुभयो।

स्मार्ट सिटी के हो भनी बुझ्दै नबुझी प्रचार गर्दा अहिले अप्ठेरो परिरहेको बताउँदै उहाँले भन्नुभयो, 'नेपालको सन्दर्भमा स्मार्ट सिटी के हो ? कस्तोलाई स्मार्ट सिटी भनिन्छ ? त्यसको स्पष्ट परिभाषा राष्ट्रिय योजना आयोगले गर्नुपर्छ।'

प्रमुख प्रजापतिले निजी क्षेत्रलाई प्लानिङ्को अधिकार दिएकोले उपत्यकामा हरियाली समाप्त हुँदै गएको हुँदा तत्काल त्यसलाई रोक्नुपर्ने र स्थानीयतह मार्फत व्यवस्थित आवास योजना संचालन गर्नुपर्छ भन्नुभयो।

महालक्ष्मी नगरपालिकाका प्रमुख रामेश्वर श्रेष्ठले नपा घोषणाको प्रकृया नै गलत भएको बताउँदै आफू भाडाको घरमा बसेर नपा चलाउनु परेको दुखेसो पोख्नुभयो।

उहाँले साँस्कृतिक क्षेत्र पहिचान गरी ठाउँ ठाउँमा पर्यटकीय स्थल बनाउनु पर्नेमा जोड दिनुभयो।

राष्ट्रिय योजना आयोगका सदस्य डा. सुनिलबाबु श्रेष्ठको अध्यक्षतामा भएको छलफल कार्यक्रममा कीर्तिपुर नपाका प्रमुख रमेश महर्जन, गोकर्णेश्वर नपा, सुर्यविनायक नपा, नागार्जुन नपालगायत काठमाण्डौ उपत्यकाका प्रमुख उपप्रमुखहरू र वातावरण विज्ञहरूले आयोगले गर्नुपर्ने कामको विषयमा सुझावहरू दिनुभएको थियो।





ब्रम्हायणी पीठ सरसफाइमा सहभागी वडावासी र विद्यार्थीहरू

# ताला लगाइएको भजन पाटी खोलियो

भक्तपुर नगरपालिका वडा नं. ९ स्थित वाकुपतिचांगु नारायण मन्दिर परिसरमा रहेको भजन पाटीमा लगाइएको



भजन पाटी ताला खोलिएपछि । इन्सेटमा ताला लगाइ राख्दाको

ताला स्थानीयबासिन्दाहरूको सहयोगमा असोज २६ गते खोली भजनकार्यलाई निरन्तरता दिइएको छ । वडा कार्यालयको अगुवाइमा तथा महानगरीय प्रहरी वृत्त जगातीका प्रहरी कर्मचारीहरूको रोहबरमा स्थानीय जनता र मिनप्रसाद धन्छाको परिवारबीच छलफल गरी ताला खोलिएको वडाध्यक्ष रविन्द्र ज्याख्वले बताउनुभयो ।

२०७२ सालको विनाशकारी भूकम्पका कारण उक्त पाटी रहेको घर पूर्ण क्षतिभएको थियो । त्यतिबेला देखि नै स्थानीय धन्छाले घरका सामग्रीहरू पाटीमा सुरक्षित गरी ताला लगाइरहेको थियो ।

छलफलमा स्थानीय बासिन्दाहरूले पाटीको ताला खोलेर टोलवासीहरूलाई भजन गर्ने वातावरण बनाइदिन आग्रह गरिएको थियो । तर धन्छा परिवारले ताला खोल्न अस्वीकार गरेपछि वडा कार्यालय र प्रहरीको रोहबरमा उक्त ताला खोलिएको हो । ताला खोल्नकालागि स्थानीय बासिन्दाहरूले विगत एक वर्षदेखि नै निरन्तर रूपमा प्रयासहरू गरिरहेको र सफल नभएको उल्लेख गर्दै स्थानीय आशाकाजी प्रजापतिले टोलवासी र नगरपालिकाको संयुक्त प्रयासमा ताला खोलिएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले भजन कार्यलाई निरन्तरता दिन आगामी दिनमा पाटी सुधार कार्यकालागि पनि टोलवासीहरू अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

पाटी खोलिएपछि त्यहाँ रहेका भजनसँग सम्बन्धित सामग्रीहरू स्थानीय भजन मण्डललाई जिम्मा दिइएको थियो भने धन्छाले राखिरहेका केही व्यक्तिगत सामग्रीहरू निजलाई बुझिलिन आग्रह गरिएको र उनले बुझ्न नमानेपछि वडा कार्यालयमार्फत लिएर पाटी सफा गरेको वडाध्यक्ष रविन्द्र ज्याख्वले बताउनुभयो ।

उक्त पाटीमा नेपाल सम्बत ८९५ को शिलापत्र भेटिएको उल्लेख गर्दै उहाँले त्यस शिलापत्रको अध्ययन भइरहेको बताउनुभयो ।



भजन पाटीमा भेटिएको शिलापत्र

# "समाजवाद संसारमा आजसम्म विकसित राजनैतिक व्यवस्थामध्ये उत्कृष्ट व्यवस्था हो"

सुनिल प्रजापति

विश्व सर्वहारा वर्गका महान् नेता का. लेनिनको नेतृत्वमा सोभियत संघमा सन् १९१७ मा भएको बोल्सेभिक क्रान्तिको १०० वर्षको अवसरमा आज यो कार्यक्रम गर्दैछौं। संसारभरिका मजदुर, किसान र कामदार वर्गका जनता आजको दिन अक्टोबर क्रान्तिलाई स्मरण गर्दै विभिन्न गोष्ठी, भेला र सभाहरू गर्दैछन्।

मार्क्स र ऐंगेल्सले सन् १८४८ मा कम्युनिष्ट घोषणापत्र लेख्नुभयो। उहाँहरूले कम्युनिष्ट घोषणा पत्रमा– 'सर्वहारा वर्गले बल प्रयोगद्वारा पूँजीपति वर्गलाई हटाएर आफ्नो सत्ता कायम गर्दछ' भनी लेख्नुभयो। त्यो पूँजीवादबाट समाजवादमा जाने स्पष्ट मार्गचित्र थियो।

मार्क्सभन्दा पहिले पनि काल्पनिक समाजवादीहरू थिए। सेन्ट साइमन, चार्ल्स फ्युरियो, रोबर्ट ओवनहरू तर उनीहरूले पूँजीवादको सार र त्यसको पतनको बाटो देखाउन सकेका थिएनन्। मार्क्स र ऐंगेल्सले नै पहिलो पटक शक्तिकै बलमा सर्वहारा वर्गले





राज्यसत्ता कब्जा गर्नुपर्ने बताउनु भएको हो।

सन् १८७२ मा पेरिस कम्युन बल प्रयोगद्वारा नै स्थापना भयो तर त्यो टिकाउ हुन सकेन। त्यसका थुप्रै कमजोरीहरू थिए। विपक्षी सेनाहरूलाई निःशस्त्र नबनाउनु, विपक्षीहरूलाई बन्दी नबनाउनु, बैंक र संचारहरू कब्जा नगर्ने जस्ता गल्ती र कमजोरीले छोटो समयमै पेरिस कम्युनको अन्त्य भयो। वास्तवमा त्यसबेला कुनै अनुभव थिएन।

त्यसको मूल्यांकन गर्दै सन् १८९१ मा ऐंगेल्सले फ्रान्सको गृहयुद्धको भूमिकामा लेख्नुभयो– 'कम्युनिष्टहरूको हातमा बैंक भइदिएको भए त्यो १० हजार सेनाभन्दा महत्त्वपूर्ण हुन्छ।' युद्ध वा लडाईंमा आर्थिक पक्ष कति महत्त्वपूर्ण हुन्छ भने त्यो एक उदाहरण हो। पेरिस कम्युनको जितसगै बैंकहरू कब्जा गर्न सकेको भए यति छिट्टै पेरिस कम्युन असफल हुने थिएन भन्ने उहाँको सार थियो।

वर्नस्टिन मार्क्सकै शिष्य थिए। उनले सशस्त्र क्रान्तिको विरोध गरे। शान्तिपूर्ण तरिकाबाटै पूँजीवाद समाजवादमा रूपान्तरण हुन सक्छ भन्ने संशोधनवादी विचारलाई अगाडि सारे। त्यो वर्ग समन्वयको सिद्धान्त थियो र मार्क्सवादी विरोधी संशोधनवादी विचार थियो। संशोधनवाद पूँजीवादी विचार हो।

सन् १९१७ सोभियत संघमा समाजवादी क्रान्ति भयो। क्रान्ति भएको केही दशकपछि सोभियत संघमा पनि संशोधनवादी विचार देखापऱ्यो। सन् १९५६ मा खुश्चेभले शासन सत्ता हातमा लिएपछि शान्तिपूर्ण संक्रमण, शान्तिपूर्ण सह अस्तित्व जस्ता वर्ग समन्वयको सिद्धान्तलाई अगाडि सारे। त्यो निर्वाचनमा भाग लिएर संसदमा बहुमत कायम गरी समाजवाद ल्याउन सकिन्छ भन्ने विचार हो र मार्क्सवाद विपरीत संशोधनवादी विचार थियो। त्यसबारे विश्व कम्युनिष्ट आन्दोलनमा चर्को सैद्धान्तिक संघर्ष भयो। त्यस संशोधनवादी विचारको चिनियाँ कम्युनिष्ट पार्टीलगायत धेरै देशहरूले

त्यसको विरोध गरे ।

चीन, क्यूवा, प्रजग कोरियालगायतका समाजवादी देशहरूले मार्क्सवादी सिद्धान्तअनुसार आ-आफ्ना देशमा क्रान्ति गरे । ती देशहरूले मार्क्सवादको श्रृजनात्मक प्रयोग गरिरहेका छन् । विश्वका जनतालाई समाजवादको उज्यालो दिइरहेका छन् ।

सोभियत संघमा समाजवादको स्थापना पछि द्रुततर विकास भयो । जनताले शिक्षा, स्वास्थ्य उपचार निःशुल्क पाए, रोजगारीको सुनिश्चितता पाए । विकासले नयाँ मोड लियो । पूँजीवादी देशहरूले दुई तीन सय वर्ष लगाएर गरेको विकास समाजवादी रुसले चालिस पचास वर्षमा गरेर देखायो । समाजवाद आजसम्म संसारमा विकसित राजनैतिक व्यवस्थामध्ये उत्कृष्ट व्यवस्था सावित भयो ।

नेपालमा झापा विद्रोहबाट अगाडि आएको एमाले २०४७ सालदेखि सरकारमा गए । सरकारमा गएपछि एमालेको व्यवहारलाई हेरेर २०४८ सालमै नेमकिपाका अध्यक्ष रोहितले एमालेलाई भाइ कांग्रेस भन्नुभएको थियो । त्यसबेला नेपालका धेरै बुद्धिजीवीहरूले त्यस भनाईप्रति चित्त दुखाए । तर सत्य तीतो हुन्छ । आज एमाले भाइ कांग्रेस नै सावित भयो । माओवादी एमालेकै पदचापमा हिंड्यो र हिंड्दैछ । सरकार प्राप्तिको निम्ति ऊ जस्तोसुकै अनैतिक काम गर्न पनि पछि परेन । माओवादी भारतले तयार गरेको 'ट्रोजन हर्स' नै सावित भयो ।

नेपालमा वर्नस्टिन र गोर्भाचोभका शिष्यहरूले एमाले र माओवादीको नाउँमा पटक पटक शासन गरे र गरिरहेका छन् । तिनीहरू पालैपालो सरकारमा गए र जनतालाई शासन र शोषण गरे तथा गर्दैछन् । एमालेले ४ पटक माओवादीले ३ पटक सरकारको नेतृत्व गरे तर जनताले के पाए ? अहिले नेपाली जनताले प्रश्न गरिरहेका छन् ।

निर्वाचन नजिकिंदैछ । शासक दलहरू निर्वाचनमा गुण्डाहरूलाई टिकट दिने, तस्करहरूलाई चुनावमा उठाउने र निर्वाचनमा बल, प्रशासन, पैसाको दुरूपयोग गर्ने जस्ता सबै खालका घृणित र अनैतिक कार्यहरू गर्दैछन् । एमाले र माओवादीहरूले कम्युनिष्टको नाउँमा पूँजीवादी राजनीति गरिरहेका छन् र कम्युनिष्टहरूकै बदनाम गरिरहेका छन् । ती नक्कली कम्युनिष्टहरूलाई नङ्ग्याउने र तिनीहरूले गरेका अपराधहरूलाई जनताबीच भण्डाफोर गर्ने आजको हाम्रो दायित्व हो । यही जिम्मेवारी पूरा गर्न नेमकिपाले निर्वाचन अभियानलाई अगाडि बढाएको छ ।

लेनिनले भन्नुभएको छ– 'पुराना सत्ताले पहिलेकै अवस्थामा काम गर्न नसकेको र जनता पुरानै अवस्थामा बस्न नचाहेको बेला क्रान्ति हुन्छ ।'

हामी पूँजीवादी सत्तालाई ध्वंश गर्न चाहन्छौं । त्यसको निम्ति प्रतिक्रियावादी संस्थाभित्र गएर पनि काम गर्छौं । निर्वाचनमा भाग लिनु क्रान्तिको निम्ति त्यसलाई उपयोग गर्नु हो । हामी क्रान्तिकारी संसदवादको पक्षमा छौं । संसदलाई देश र जनताको हितमा उपयोग गर्नु वा क्रान्तिको वातावरण निर्माणको उद्देश्यले प्रयोग गर्नु क्रान्तिकारी संसदवाद हो ।

हाम्रा उम्मेदवार साथीहरू मार्क्सवाद, लेनिनवाद र माओ विचारधाराबाट दीक्षित हुनुहुन्छ । उहाँहरू प्रतिनिधिसभा र प्रदेशसभामा गएर पूँजीवादी शासन व्यवस्थाको जरा काट्न सशक्त भएर उभिनु हुनेछ । त्यसैले क्रान्तिकारी उम्मेदवारहरूलाई जिताउनु हाम्रो जिम्मेवारी हो ।

(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले मिति २०७४ कार्तिक २१ गते अक्टोवर क्रान्तिको सय वर्ष पुगेको अवसरमा नेमकिपाद्वारा भक्तपुरमा आयोजित जनसभामा व्यक्त विचारको सार संक्षेप)

## बासिबियाँलो



बीचको थोप्लोमा एक टक हेरेर तपाईंले आफ्नो टाउको वा यो चित्र अगाडि पछाडि गर्दा नचल्ने कुरा पनि चलेको जस्तो देखिन्दोरहेछ ।

### सोचेकै उत्तर

तपाईंलाई मन लागेको कुनै एउटा अङ्क लेख्नुहोस् । त्यसमा ५ जोड्नु होस् र जोडफल लाई २ ले गुणा गर्नुहोस् । गुणनफलमा १० घटाउनुहोस् र २ ले भाग गर्नुहोस् । भागफल जहिल्यै तपाईंलाई मनलागेको शुरुकै अङ्क हुनेछ ।

# 'संसद शोषण, लुट र डकैतजस्ता अपराधहरूलाई वैधता दिने थलोमात्रै साबित भयो'

**- सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका**

हरेक महत्त्वपूर्ण घटनापछि नेपाल मजदुर किसान पार्टीले जनसभाहरूमार्फत पार्टीको दृष्टिकोण स्पष्ट पार्दै आएको छ। असोज २८ गते संसदको अवधि समाप्त भयो। यही अवसरमा नेमकिपा भक्तपुरले यो जनसभाको आयोजना गरेकोमा म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

नेपाल मजदुर किसान पार्टीले निर्वाचनको बेला जनतालाई वचन दिएअनुरूप संसदमा प्रखर प्रतिपक्षको भूमिका खेल्यो। हाम्रा सांसदहरूले जन विरोधी विधेयकहरूको विरोध गर्ने र जनताको पक्षमा निरन्तर आवाज उठाउने काम गर्दै आउनु भएको छ। हाम्रा सांसदहरूको कामप्रति हामीलाई गर्व छ। इमानदार, निर्भिक, देश र जनतामा समर्पित सांसदहरू निर्वाचित गरेर पठाउन सकेकोमा हामी भक्तपुरवासीहरू खुशी छौं।

नेमकिपा संसदवादी पार्टी होइन न त संसदबाट समाजमा आमूल परिवर्तन हुने विश्वास गर्ने पार्टी हो। कामदार वर्गको मुक्तिको लागि पूँजीपति वर्गको सत्ता ध्वंश गर्न नै नेमकिपाको स्थापना भएको हो। नेमकिपाले संसद, स्थानीय तहलगायत पूँजीवादी व्यवस्थामा हुने हरेक प्रकारको निर्वाचनलाई कामदार वर्गको हितमा उपयोग गर्दै आएको छ र उपयोग गर्दै जानेछ।

पूँजीवादी प्रजातन्त्रमा अल्पसङ्ख्यक धनीहरू, शोषकहरूको लागि मात्रै प्रजातन्त्र हुन्छ। उनीहरूलाई सबै काम गर्ने स्वतन्त्रता प्राप्त हुन्छ। पूँजीपति वर्गलाई जनतामाथि शोषण गर्ने, लुट्ने र डकैत गर्न स्वतन्त्रता पूँजीवादी व्यवस्थामा हुन्छ। संसद पूजीपति वर्गले जनतालाई शोषण गर्ने, लुट्ने र डकैत गर्ने कामलाई वैधता दिने थलोमात्रै हुने गर्छ। अहिलेसम्मको व्यवस्थापिका संसदले गरेका कामहरूले यही कुराको पुष्टि गरेको छ।

पूँजीवादी व्यवस्थामा अत्यधिक जनता मजदुर र किसानहरूलाई राजनीतिमा भाग लिन र राजनैतिक गतिविधिमा रोक लगाउने वा वञ्चित गर्ने गर्छन्। संसदले केही समय अघि प्रतिनिधिसभा निर्वाचन ऐन र प्रदेशसभा निर्वाचन ऐन पारित गऱ्यो। ती ऐनहरूमा प्रतिनिधिसभा निर्वाचनमा तीन प्रतिशत र प्रदेशसभाको निर्वाचनमा डेढ प्रतिशत मत प्राप्त गर्न नसकेको पार्टीलाई राष्ट्रिय मान्यता नदिने र त्यस्ता पार्टीहरूले जतिसुकै मत ल्याए पनि समानुपातिकतर्फबाट प्रतिनिधिसभा र प्रदेशसभामा प्रतिनिधित्व नगराउने प्रावधान राखियो। ती जनतालाई प्रजातान्त्रिक अधिकारबाट वञ्चित गर्ने जनविरोधी कानूनहरू हुन्। नेपाल मजदुर किसान पार्टीले शुरुदेखि नै त्यस अप्रजातान्त्रिक र जनविरोधी कानूनको विरोध गर्दै आएको हो।

नेका, एमाले र माओवादीजस्ता पूँजीवादी पार्टीहरू नेपालमा दुई दलीय तानाशाही लाद्न चाहन्छन्। ती पार्टीहरू अहिले पंचहरूका नयाँ संस्करणको रूपमा देखा पर्दैछन्। नेपाली जनताले पंचायती व्यवस्थालाई समाप्त गरे, २४० वर्षको इतिहास बोकेको राजतन्त्र पनि समाप्त पारे भने दुइ दलीय तानाशाही लाद्न चाहने नेकां, एमाले र माओवादीलाई पनि एक दिन समाप्त पार्ने नै छन्। समय ढिलो या चाँडो हुन सक्छ तर त्यो अवश्यम्भावी छ।

हामीलाई थाहा छ, साम्राज्यवादीहरू र विस्तारवादीहरू अत्यन्त क्रुर र निर्मम हुन्छन्। भूकम्पको कारण नेपाली जनताले दुःख पाइरहेको बेला भारतले आफूले चाहेबमोजिम संविधान संशोधन गराउन नाकाबन्दी गरेर दबाव दियो। माओवादीलाई भारतमा राखेर १० वर्ष पालन पोषण गरे वापत भारतले नेपालको संविधानमा आफ्नो अंश खोज्यो। संविधान घोषणालाई निहुँ बनाएर ६ महिनासम्म दुःख दियो। त्यसबेला नेमकिपाले भारतीय दूतावास घेराउ गर्ने, संसदमा नाराबाजी गर्ने तथा सडक तताउने काम गऱ्यो। नेमकिपाले देशभक्त जनताको परिचय दियो।

चार वर्षको अवधिमा संसदले कामदार वर्गको हितमा कुनै पनि विधेयक पारित गरेन। औद्योगिकरणलाई तिब्र पार्ने नाउँमा २०६८ सालमा संसदले लगानी बोर्ड विधेयक पारित गऱ्यो। प्राकृतिक श्रोत र सम्पदाहरूबारे सम्झौता गर्न संसदको दुई तिहाइ बहुमतले स्वीकृति लिनु पर्नेमा लगानी बोर्डको अध्यक्षले मात्रै गर्न सक्ने बनाइयो। त्यो देशघाती विधेयक थियो। त्यसको हामीले निरन्तर विरोध गर्दै आयौं। वास्तवमा नव उदारवादी नीतिलाई नेपालमा लागू गर्ने उद्देश्यले नै शासक दलहरूले लगानी बोर्ड विधेयक पास गरेको हो। विमानस्थल निर्माण, खानेपानी वितरण र प्रशोधन, फोहर मैला व्यवस्थापन वा प्रशोधन, रसायनिक मल कारखाना स्थापना, मेडिकल कलेज, अस्पताल निर्माणलगायत सबै उद्योग तथा सेवाहरू विदेशी निजी कम्पनीलाई दिन सक्ने बनाइयो।

# 'हाम्रो स्वाभिमानलाई आँचपुग्ने कुरा हामीलाई स्वीकार्य हुने छैन'

**- सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका**

२०७२ सालको विनाशकारी भूकम्पबाट भक्तपुरका धेरै घरहरू भत्के, सयौं सम्पदाहरूमा क्षति भयो। देशका १४ जिल्लाहरू अति प्रभावित भयो। त्यसमध्ये भक्तपुर पनि एक हो। सरकारले भूकम्पबाट क्षतिग्रष्ट संरचनाहरूको पुन:निर्माणको लागि सहयोग जुटाउन अन्तराष्ट्रिय दातृ देशहरूको बैठकको आयोजना गऱ्यो। बैठकमा सहभागी देशका प्रमुखहरूले खर्बौं सहयोगको वचन दिए। त्यही सिलसिलामा नेपाल सरकार र जर्मन विकास बैंक (KFW) बीच २०७२ पौष महिनामा एउटा सम्झौता भयो। सोही सम्झौता बमोजिम भक्तपुर नगरपालिका र जर्मन विकास बैंक बीच पनि भक्तपुरका क्षतिग्रष्ट संरचनाहरूको पुन:निर्माण गर्न अर्को सम्झौता भयो र त्यही सम्झौता बमोजिम काम गर्न नपा तयार भएर कार्यलाई अगाडि बढाइयो।

भक्तपुर नपा र केएफडब्लुबीच भएको सम्झौताअनुसार ५ तल्ले मन्दिर, भैरवनाथको मन्दिर, पुजारी मठ, राष्ट्रिय चित्र संग्राहालय, लाल बैठकलगायत भक्तपुरमा १० वटा सम्पदाहरू र ३ वटा विद्यालयहरू शारदा मा.वि., श्रीपद्य मा.वि. र विद्यार्थी निकेतन मा.वि.को पुन:निर्माण गर्ने भन्ने KFW को प्रस्ताव थियो। तर भ.न.पा.ले पुजारी मठ, न.पा.को पुरानो भवन, न.पा.को मुद्दा शाखा, नासमना स्थित हाडाहरूको आगम छें, हनुमानघाट क्षेत्र सुधार, जगनाथ मन्दिर क्षेत्र, सलां गणेशक्षेत्र र विद्यालयबनाउने प्रस्ताव राख्यो। त्यसवेलासम्म ३ वटा विद्यालय, पुजारी मठ, राष्ट्रिय चित्र संग्राहालयको विवरण तयार गर्न मात्रै १ करोड रूपैंञा खर्च भइसकेको बताइयो।

क्षतिग्रष्ट संरचनाहरू पुन:निर्माणमा दुबै पक्ष सहमत हुँदा हुँदै भ.न.पा र KFW बीच संरचना पुन:निर्माण शैली र निर्माण सामग्री प्रयोगका विषयमा भने केही बेमेल देखियो।

---

स–साना विकास निर्माणको काम गर्दा टेण्डर दिनुपर्छ। त्यो ऐनले १० अर्बभन्दा बढी लगानी गर्ने कुनै विदेशी कम्पनीलाई कर लाग्दैन सोझै सम्झौता गर्न सक्ने व्यवस्था गरियो। यो कहाँसम्मको न्यायोचित हो ?

स्थानीय तहको निर्वाचन भएको ५ महिना भयो। नगर भित्रको शिक्षा, स्वास्थ्य, निर्माण, भौतिक पूर्वाधार, मालपोतलगायत न.पा. अन्तर्गत आउने भनिएको छ तर कानूनको अभावमा कुनै पनि काम प्रष्ट रूपमा अघि बढ्न सकिरहेको छैन।

सरकारले जिल्ला स्तरीय संरचना खारेज गर्ने भनिए पनि अहिलेसम्म नगरपालिकालाई हस्तान्तरण गरेको छैन। कति कर्मचारीहरूको तलब न.पा.मा पठाइदिएको छ भने कतिलाई हाजिरमात्र गराई तलब पहिलेकै ठाउँबाट खुवाउने गरिएको छ। देशको प्रशासन अत्यन्त भद्रगोल बनाइएको छ।

स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप नगर्न हामीले बारम्बार खबरदारी गरिरहेका छौं। यद्यपि संसदले विधेयकलाई जन प्रतिनिधिहरूको अधिकार खोस्दै पारित गरेको छ। सिंहदरबारको अधिकार गाउँ र टोल टोलमा भनिए पनि टोलटोलमा भद्रगोलको वातावरण ल्याउन खोजिएको देखिन्छ।

हामी सबैका चाहना ख्वप विश्वविद्यालयको स्थापना हो। बारम्बार हामीले यो विषयलाई उठाइरहेका छौं। ख्वप विश्वविद्यालय विधेयक अहिलेसम्म पास भएन। नगरपालिकाले निरन्तर माग गरिरहेको छ। हामी सस्तोमा गुणस्तरीय शिक्षा दिन ख्वप विश्वविद्यालयको माग गर्दैछौं।

शिक्षालाई अझ अगाडि बढाउन ख्वप कलेजहरूमा नयाँ नयाँ विषय थप गर्दैछौं। निजी कलेज खोलेर बसेका केही शैक्षिक माफियाहरूले विभिन्न वाधा व्यवधानहरू ल्याइरहेका छन्। यो वर्षदेखि कम्प्युटर कक्षा संचालन गर्न त्रिभुवन विश्वविद्यालयले हामीलाई अनुमति दियो। हामीले विद्यार्थी भर्ना लिएर पनि कक्षा संचालन गरिसकेका छौं। कलेजबाट उत्पादित इन्जिनियरहरूको गुणस्तर जाँच गर्ने र लाइसेन्स दिने मात्र अधिकार पाएको इन्जिनियरिङ परिषदले विभिन्न बहानाबाजी गरेर स्वीकृति रोकिराखेको छ। त्यस्ता शैक्षिक माफियाहरूलाई हामीले चिन्नुपर्छ।

कम्युनिष्टको नामका पार्टीहरू पटक पटक सरकारमा गए तर ती पार्टीहरूले जनताको हितमा काम गरेनन्। राजनीति जनताको हातबाट क्रमशः गुण्डा, ठग, तस्कर र ठेकेदारहरूको हातमा जाँदैछन्। जनता सचेत भएन भने अबको केही वर्षमा नेपालको राजनीति गुण्डा, ठग, तस्करहरू र ठेकेदारहरूको कब्जामा पुग्नेछ। त्यसपछि जनताले दुख पाउनेछन्।

(नेमकिपा भक्तपुर जिल्ला समितिको आयोजनामा २०७४ असोज ३१ गते टौमढीमा भएको जनसभामा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्यको सार संक्षेप)

नगरपालिकाले परम्परागत प्रविधि र निर्माण सामग्रीहरूको प्रयोग गर्नु पर्ने प्रस्ताव अघि सार्‍यो। ५ तल्ले मन्दिर, भैरवनाथको मन्दिर, ५५ झ्याल दरबार लगायत थुप्रै सम्पदाहरू परम्परागत प्रविधि र निर्माण सामग्री प्रयोग गरी बनाइएको उदाहरण दिँदै त्यही प्रविधि र सामग्रीहरूको प्रयोगमा जोड दियो। तर KFW ले आधुनिक प्रविधिको प्रयोग गर्ने र अन्तराष्ट्रिय कन्सल्टेन्टको सिफारिसमा आवश्यकताअनुसार ढलान र स्टिलको प्रयोगसमेत गर्ने अडान लियो। त्यो पुरातात्त्विक दृष्टिले मिल्ने कुरा होइन।

केएफडब्लूसँगको सम्झौतामा २० प्रतिशत अर्थात झण्डै २० करोड रूपैया भक्तपुर नगरपालिकाले व्यहोर्नु पर्ने, कूल बजेटको ३० प्रतिशत कन्सल्टेन्टको लागि भनी छुत्याइएको थियो। उनीहरूले नियुक्त गरेको कन्सल्टेन्टकै निर्देशनमा काम गर्नुपर्ने तथा निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने पनि त्यसमा उल्लेख थियो। करिब १ अर्ब रूपैया लगानी गर्ने प्रस्तावमा २० प्रतिशत भक्तपुर न.पा.को ३० प्रतिशत फिर्ता लाने उनीहरूको सर्त अनुसार भक्तपुरमा कति काम हुन्छ सहजै अनुमान गर्न सकिन्छ।

भक्तपुर नगरपालिकाले ९ जना वास्तुकलाविद् (आर्किटेक्ट), २ जना इन्जिनियरहरू रहेको भक्तपुर पुनःनिर्माण अध्ययन समिति गठन गरी कार्य गर्दै आइरहेको छ। यस्तो अवस्थामा सबै काम गर्ने अधिकार केएफडब्लूसँग राखेर नगरपालिकालाई साक्षीको रूपमा मात्रै राख्नेमा हामीलाई स्वीकार्य भएन।

केएफडब्लूको शर्त थियो– सबै काम ठेक्कामै गराउनु पर्ने, केएफडब्लुले छानेको अन्तर्राष्ट्रिय कन्सल्टेन्ट र ठेकेदारमार्फत नै गराउनु पर्ने, आर्थिक तथा प्राविधिक कामहरू सोही कन्सल्टेन्टले नै गर्ने र निर्माण सामग्री र प्रविधि पनि सोही कन्सल्टेन्टले भने बमोजिम प्रयोग गर्नु पर्ने।

भक्तपुर नगरपालिकाले भनेको छ– निर्माणको काम उपभोक्ता समिति वा अमानतमा गर्ने, भ.न.पा.का प्राविधिक टोलीले नै डिजाइन, ल.इ. र अनुगमन गर्ने तथा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय कन्सल्टेन्टसँग परामर्श लिने। यस विषयमा हाम्रोबीच केही कुरामा सहमत हुन सकेन।

पछि केएफडब्लुले ३ वटा विद्यालयलाई बाहेक गरेर ७० करोडको मात्रै काम गर्ने बतायो। हामीले त्यसलाई पनि स्वीकार्दै काम गर्न तयार भयौं। पुजारी मठ, न.पा.को पुरानो भवन, कानून शाखा, भार्वाचोदेखि च्याम्हासिहसम्म बाटोमा ढुंगा छाप्नेलगायतको काम देखायौं। तर पटक पटक छलफल हुँदा पनि काम अगाडि बढ्न सकेन। हाम्रो स्वाभिमानलाई आँच पुग्ने गरी कुनै शब्द, वाक्य वा भनाई स्वीकार्न हामी तयार भएनौं। हाम्रो मौलिक शैलीले बनाएका पाँच तल्ले मन्दिर, भैरवनाथको मन्दिरले हामीलाई सचेत गराइरहेको छ। हामी नेपालीहरू त्यस्ता संरचनाहरू निर्माण गर्न सक्षम छौं।

हामी नगरपालिकामा गएपछि गैरसरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नगर क्षेत्र भित्र काम गर्न अनुमति लिनु पर्ने व्यवस्था गर्‍यौं। अहिले धेरै संघ संस्थाहरूले विभिन्न काम गर्न स्वीकृतिका लागि निवेदन दिएका छन्। हामीले हरेक कुरा पारदर्शी बनाउने कोसिस गर्दैछौं। कस्ले के काम गर्‍यो र कति पैसा खर्च गर्‍यो त्यसको जानकारी कसैलाई छैन। हामीले सबै कुरा पारदर्शी बनाउन खोज्यौं र केही व्यवस्थित गर्न खोज्दैछौं। जनताको स्वास्थ्य र शिक्षासँग सम्बन्धित केही गैरसरकारी संस्थालाई हामीले स्वीकृति दिएका छौं र वडा समितिको समन्वयमा काम गर्ने व्यवस्था मिलाएका छौं। अहिले हामी नेपालीहरूको बानी बिग्रेको छ। सा-साना पुस्तकालय, शौचालय, पर्खाल वा बगैंचा निर्माणको लागि पनि हामी विदेशीको मुख ताक्छौं। त्यसले हामीलाई परनिर्भर बनाउँदै लगेको छ।

अहिले संसदले स्थानीय तह संचालन सम्बन्धी विधेयक पारित गरेको छ। संसदमा विधेयक प्रस्तुत हुँदा नक्सापास सम्बन्धी कार्यविधि न.पा. आफैले बनाउन सक्नेछ भनिएको थियो। संसदले पारित गरेको विधेयकमा नक्सापास, नक्साको अनुमतिलगायतका काम प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनि लेखिएको छ। अहिलेसम्म देशभरिका स्थानीय तहहरू सरकारको आदेशको भरमा चलिआएको छ। हामीले त्यतिबेलै आदेशको भरमा स्थानीय तह संचालन गर्नु प्रजातन्त्र विपरीत भएको बतायौं। त्यतिबेला स्थानीय स्वायत्त शासन ऐन २०५५ खारेज भएको थिएन। व्यवस्थापिका संसदले बनाएको ऐनलाई सरकारको आदेशले खारेज गर्न सक्दैन। त्यही आधारमा हामीले न.पा.को पहिलो नगरसभाले नक्सापास सम्बन्धी कार्यविधि बनाई लागू गर्दै आयौं। अहिले राष्ट्रपतिबाट प्रमाणिकरण हुन बाँकी छ। प्रमाणीकरण भएपछि त्यो ऐन बन्छ र सबैको लागि मान्न बाध्य हुन्छ। स्थानीय तह सम्बन्धी विधेयकमा जन प्रतिनिधिको अधिकार खोसेर कर्मचारीको हातमा पुर्‍याएको छ। यो गलत भएको छ। जनप्रतिनिधिको अधिकार खोसिएकोमा हामीले शुरुदेखि नै विरोध गर्दै आएका छौं र निरन्तर विरोध गरिरहने छौं।

(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७४ असोज १६ र १७ गते सम्पन्न ३७ औं नेपाल भाषा साहित्य तःमुंज्यामा व्यक्त गर्नु भएको मन्तव्यको सार संक्षेप)

## वडाध्यक्ष राजकृष्ण गोराद्वारा प्रस्तुत

# सय दिनमा ३ वडाको प्रगति

भक्तपुर नगरपालिकामा हामी निर्वाचित भएर शपथ ग्रहण गरेको आज एकसय सोह्र दिन पुग्यो। २०७४ वैशाख ३१ गते सम्पन्न निर्वाचनमा निर्वाचित भएर २०७४ जेठ ७ गते हामीले शपथ ग्रहण गरेका थियौं।

सर्वप्रथम हामीलाई अमूल्य मत दिएर विजयी गराउने सम्पूर्ण नगर तथा वडावासी मतदाता दाजुभाइ दिदी बहिनीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस अवधिमा भक्तपुर नगर तथा वडाको विकासको लागि जनप्रतिनिधिहरूलाई आ-आफ्नो अमूल्य सरसल्लाह, सुझाव, जिज्ञासा र आलोचना एवं मार्ग निर्देशन गर्नुहुने सबै क्षेत्रका आदरणीय जनसमुदाय एवं वडावासीहरूलाई यस ३ नं. वडा समितिको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु।

स्थानीय निकाय जनताको प्रजातन्त्रको जग हो। यही जग आज जनताको हातमा आएको छ। जनताको प्रत्यक्ष सरोकार रहने यस भक्तपुर नगरपालिका तथा वडा कार्यालय वडावासीहरूको साझा संस्था हो। यो संस्थालाई साथ र सहयोग गर्नु हामी सबैको कर्तव्य हो। यसर्थ वडा समिति र वडावासीहरूको सम्बन्ध नङ र मासु जतिको हुनु आवश्यक छ। हामीलाई थाहा छ भक्तपुर नगरपालिका तथा वडा कार्यालयले जनताको सहयोग विना विकास कार्य तथा अन्य कार्य गर्न गाह्रो हुन्छ।

भक्तपुर नगरलाई सभ्य र सुन्दर बनाई नगरवासीहरूको स्वास्थ्यमा ध्यान दिने, पर्यटकहरूको गन्तव्य स्थल बनाउने, ज्ञान विज्ञानको केन्द्र बनाउने, सांस्कृतिक नगरको रूपमा विकास गर्ने र नेपालकै नमुना एवं आदर्श नगरको रूपमा विकास गर्ने हामी जनप्रतिनिधि र सम्पूर्ण नगरवासीहरूको संकल्प हो। यसलाई केन्द्रमा राखी जनताकै सहयोगमा हामी अगाडि बढिरहेका छौं।

देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु नै हाम्रो प्रमुख उद्देश्य हो। यसैलाई हामी राजनीति भनेर बुझिरहेका छौं। जनतालाई बुझाइरहेका छौं। यसै मान्यताबाट हामी जनप्रतिनिधिहरूको देश र जनताको हितमा काम गर्ने हाम्रो संकल्प हो। हामीलाई थाहा छ छलछाम गर्ने, भ्रष्टाचार गर्ने, कमिसन खाने, देश र जनतालाई दुःख दिने, नातावाद कृपावादमा लाग्ने, देशलाई बर्बाद बनाउने, लोभ लालच, झुठा आश्वासन, पैसा बाँड्ने राजनीति नभई राजनीतिको नाममा डकैती र बदमासी मात्र हो।

**आदरणीय वडावासीहरू**

हामी जनताका हरेक समस्या एक आपसमा टोलवासीसँग छलफल गरी छलफलबाटै समाधान गर्न चाहन्छौं। स-साना विषयमा विवाद हुँदा जनताको समय र सम्पत्ति नास हुने तथा त्यसबाट कसैको पनि हित नहुने कुरामा हामी सचेत छौं। जनताका विविध समस्या-सम्बन्ध विच्छेद, अंश बण्डा, लेनदेन, सांध-सीमा विवाद, सामाजिक रितिरिवाज, हक बेहक जस्ता विषयमा विवाद र मुद्दा मामिलाहरू हामीले टोलवासीकै सहयोगमा स्थानीय स्तरमै मिलाउने प्रयास गरिरहेका छौं।

पार्टी घोषणापत्र नै हाम्रो काम गर्ने मार्ग चित्र हो। निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार हामीले काम शुरु गरिरहेका छौं। भक्तपुर नपाबाट प्राप्त भएको रु. ५० लाख बजेटलाई हामीले वडावासीहरूको भेला तथा छलफलले निश्चित गरेका योजनाहरूलाई प्राथमिकता क्रममा राखी काम गर्ने तयारी गरेका छौं। यो चालु वर्षमा हुन नसकेका योजनाहरूलाई हामीले अर्को वर्षमा पनि क्रमागत रूपमा जाने यहाँहरूमा जानकारी गराउँदछु।

यस वडा कार्यालयबाट मिति २०७४।०१।०७ देखि २०७४।०५।१२ गतेसम्म सय दिनमा भए गरेका कार्यहरूको प्रगतिविवरण तपसिलमा उल्लेख भए बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु-

| सि.नं. | सेवाहरू | सङ्ख्या |
|---|---|---|
| १. | वडावासीहरूसँग परामर्श सेवा | दैनिक |
| २. | दर्ता | ३९६ |
| ३. | चिठीपत्र चलानी | २१५ |
| ४. | भूकम्प पीडित अनुदान सम्झौता | १३ |
| ५. | नागरिकताको लागि सिफारिस | २२८ |
| ६. | निवेदनहरूमा प्रारम्भिक सिफारिस | ६ |
| ७. | नाताप्रमाणितको लागि सर्जमिन, नाता प्रमाणित प्रमाणपत्र | २१ |
| ८. | विविध सर्जमिनहरू | १५ |
| ९. | नक्सा सम्बन्धी सर्जमिन | १३ |
| १०. | तीनपुस्ते प्रमाणित तथा फोटो टाँस सिफारिस | ९ |
| ११. | नामथर वतन संशोधन सिफारिस | १४ |
| १२. | अन्य कार्यालय र अदालतबाट जारी गरिएको म्याद तामेलीमा रोहवर | १५७ |
| १३. | घर जग्गा मूल्यांकन सिफारिस | १५ |
| १४. | तालिम तथा छात्रवृत्तिको लागि सिफारिस | ७ |
| १५. | घर बाटो प्रमाणित सिफारिस | २८ |
| १६. | अन्य विविध सिफरिसहरू | ४६ |
| १७. | नक्सा म्याद तामेली | १२ |
| १८. | माथिल्लो तल्ला निर्माण ईजाजत पत्रको लागि प्रतिवेदन | ९ |

| | | |
|---|---|---|
| १९. | पसल व्यवसाय दर्ता | ५ |
| २०. | व्यवसाय लगत कट्टा | १ |
| २१. | वडा समितिको बैठक | ९ पटक |
| २२. | विविध बैठकहरू | ५ पटक |
| २३. | उपभोक्ता समितिहरू गठन | २ |
| २४. | विविध चिठी पत्रहरू चलानी | ४८ |
| २५. | हाजिर उतार प्रतिलिपि | ४ |
| २६. | व्यक्तिगत घटना दर्ता जन्म, मृत्यु, विवाह र बसाई सराई दर्ता | १३५ |
| २७. | घर जग्गा नामसारी सिफारिस | १३ |
| २८. | जोतनामसारीको लागि सिफारिस | ७ |
| २९. | अंग्रेजीमा नाता प्रमाणित | ८ |
| ३०. | अंग्रेजीमा सिफारिस विविध | ८ |
| ३१. | जनजाती सिफारिस | ६ |
| ३२. | आम्दानी | रु.३८,२२,११७।२२ |

१. यस वडा क्षेत्र भित्र बसोवास गरी बसेका जेष्ठ नागरिक, एकल महिला, आंशिक अपाङ्गता भएका व्यक्ति र पुर्ण अशक्त अपांगता भएका व्यक्तिहरूलाई तेश्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य सम्पन्न।

२. छ महिनादेखि ५ वर्षसम्मका बाल बालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाउने कार्य सफलतापूर्वक सम्पन्न।

३. भक्तपुर नगरपालिका, जिल्ला जन स्वास्थ्य कार्यालय भक्तपुर, एन्फो नेपाल र अन्य सरोकारवाला संघ संस्थाहरू समेतबाट आयोजित विभिन्न सभा समारोह, बैठक तथा छलफल कार्यक्रमहरू तालिमहरूमा सहभागीता र प्रत्येक महिनाको १ गते र १५ गते सरसफाइ तथा वृक्षारोपन कार्यक्रममा सहभागिता।

४. फोटो सहितको मतदाता नामावली संकलन, त्रुटी सच्याउने, नामावली प्रकाशन गर्ने, नाम हटाउने र सार्ने कार्य सम्पन्न। व्यापक वडावासीहरूलाई सूचना सम्प्रेषन र टोलमा गई जानकारी।

५. आ.व. २०७४/०७५ को लागि योजना छनौट गर्न मिति २०७४ असार ११ गतेदेखि १५ गतेसम्म मजदुर, किसान, महिला, बुद्धिजीवी, साहु महाजन, युवा विद्यार्थी, व्यापारी, संघसंस्था, राजनैतिक दल, अन्य सरोकारवाला व्यक्तित्वहरूसँग छलफल गरी योजना छनौट गरियो।

६. विपद व्यवस्थापन सम्बन्धी दुई चरणमा चार दिनको तालिम सम्पन्न। ३०/३५ जना वडावासीहरूको सहभागीता।

७. बाराहीस्थान, हनुमन्ते पुल, बाराही उकालो र थाथुचा चोकमा समेतगरी चार स्थानमा जनसहभागितामा आधारित सौर्य सडक बत्ती जडान गर्ने कार्य सम्पन्न।

८. बाराही उकालोमा पुनःइँटा छपाइ गर्ने कार्य सम्पन्न।

९. चालु आर्थिक वर्षको लागि वडाको विभिन्न स्थानहरूको सात वटा योजनाहरूको लगत ईष्टिमेट सम्पन्न।

१०. यस वडामा मिति २०७४ साल भाद्र १३ गते देखि घरदैलो नर्सिङ्ग सेवा सुरु।

११. बाराहीस्थानमा हनुमन्ते खोलामा आएको बाढीले सडक अवरोध हुँदा चार पटक बाटो खोल्ने कार्य भएको।

१२. महिला स्वयम सेविकाहरू मार्फत महिला र बाल बालिका लक्षित सामान्य स्वास्थ्य सेवाबारे परामर्श र सहयोग।

१३. वडाका स्थानीय बासिन्दासँग आगामी योजनाहरूबारे छलफल।

१४. सुख्खायाममा खानेपानी वितरण।

१५. दैनिक रूपमा सरसफाइ अनुगमन र सो सम्बन्धी जानकारी लिने र वडावासीको सरसल्लाहरू सुझाव बमोजिम कार्य भैरहेको।

१६. दैनिक रूपमा निर्माणको अनुगमन र रेखदेख।

१७. दैनिक रूपमा वडावासीहरूको भैपरी आउने समस्याबारे छलफल तथा समस्या समाधानका बारेमा परामर्श।

१८. नगरस्तरिय बजेटबाट यस वडामा वत्सलादेवी मन्दिर, केदारनाथ मन्दिर, खौमा ध्वाका र बारही द्योछेंसँगैको सत्तल पुनः निर्माण कार्य भैरहेको।

१९. यस वर्ष पचास लाख रूपैंयासम्मको वडा बजेटबाट प्राथमिकताका आधारमा ९/१० वटा योजना संचालन हुने।

२०. घर जग्गा करमा नगरवासीहरूलाई उत्साहित बनाउन भक्तपुर नगरपालिकाबाट पचास प्रतिशतसम्म लाग्ने करमा छुटको व्यवस्था गरेको।

२१. भूकम्प पीडितहरूलाई सहुलियत दरमा दिइने साल काठ लिन वडावासीहरूलाई उत्साहित बनाउने तथा जानकारी दिने कार्य।

२२. खानेपानी समस्याबारे टोलटोलको सुझाव संकलन तथा समस्याबारे खानेपानीसँग छलफल।

२३. खानेपानी समस्यालाई लिएर काउखाली डेलिगेसन, भेटघाट।

२४. घर घरबाटै कुहिने र नकुहिने छुट्याई फोहर संकलन वा व्यवस्थापन गर्न वडावासीहरूलाई अनुरोध, उत्साहित बनाउने कार्य।

२५. अनियमित निर्माण रोक्ने र नक्सा पास बमोजिम निर्माण कार्य गराउन वडावासीहरूलाई उत्साहित बनाउने कार्य।

२६. पहिलो किस्ता नपाएका भूकम्प पीडितहरूलाई पुनः सर्भे (निरीक्षण) गर्ने गराउने कार्य सम्पन्न।

२७. भूकम्प पीडितहरूको दोश्रो किस्ता सहज निकासाका लागि पहल तथा निर्माण कार्यमा नक्साअनुसार मात्र बनाउन उत्प्रेरणा।

२८. भक्तपुर नपाद्वारा मोहडामा लाग्ने काठ र इँटाको लागि खर्चको ३५ प्रतिशत अनुदान सहज पाउन उत्प्रेरणा।

२९. वडा समितिको बैठक पटक पटक बसियो।

## वडाध्यक्ष हरिराम सुवालद्वारा प्रस्तुत

# सय दिनमा ६ वडाको प्रगति

भक्तपुर नगरपालिकामा हामी निर्वाचित भएर शपथ ग्रहण गरेको आज एक सय अठार दिनपुग्यो। आज हामी भक्तपुर नपा वडा नं. ६ का निर्वाचित जनप्रतिनिधिहरू वहाल भएको सय दिने समीक्षा कार्यक्रम गरिरहेका छौं। २०७४ वैशाख ३१ गते सम्पन्न निर्वाचनमा निर्वाचित भएर जेठ ७ गते हामीले शपथ ग्रहण गऱ्यौं। सर्वप्रथम हामीलाई अत्यधिक मत दिएर विजयी गराउने सम्पूर्ण वडावासी मतदाता दाजु–भाइ तथा दिदी–बहिनीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस अवधिमा वडाको विकास निर्माणका लागि जनप्रतिनिधिहरूलाई आ–आफ्नो क्षेत्रबाट अमूल्य सल्लाह र सुझावहरू दिएर सहयोग गर्नु हुने सबै तह र तमाम समुदायलाई म वडा कार्यालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

भक्तपुर नगरपालिका नगरवासीहरूको साझा संस्था हो। वडा कार्यालय पनि वडावासीहरूको साझा चौतारी हो। यही चौतारीमा बसेर टोल छिमेकका समस्याहरू वडावासीहरू मिलेर सर सल्लाह गरी समाधान गर्नु पर्दछ। साथसाथै जनप्रतिनिधिहरू पनि जनताका हरेक समस्या छलफलबाटै समाधान गर्न चाहन्छ। जनताका स–साना घरायसी र पारिवारिक समस्याहरूले गर्दा निकै तनावपूर्ण र कष्टपूर्ण जीवन बिताइरहेको पाईन्छ। यस पारिवारिक र छर छिमेकका आपसी विवादहरू हामीले वडा कार्यालयमा वसी एक आपसमा छलफलबाट समाधान गर्दै आएका छौं। यस बारेमा पनि वडाको विभिन्न क्षेत्रमा वसोवास गरिआएका जनताका समस्याहरूलाई सम्भव भएसम्म वडा कार्यालयले र सम्भव नभए अन्य विभिन्न निकायहरूमा सो सम्वन्धमा ताकेता गरी हरसम्भव समाधान गर्ने प्रयास गर्दै आएका छौं। सरसफाइ, खानेपानी, ढलनिकास, पानी चुहिनेलगायतका विविध समस्याहरू र निर्माण सम्वन्धी टोलका समस्याहरू आपसी छलफल गरी समाधानका उपायहरू निकाल्ने प्रयास गर्दै आएका छौं।

नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्र जनताको अगाडि राखेर हामीले चुनाव जितेर आएको कारणले घोषणापत्र शिरोधार्य गरेर हामीले काम गरिरहेका छौं। घोषणापत्रलाई नै मार्ग चित्र बनाई हामीले काम गरिरहेका छौं। निर्वाचनको वेला हामीले घोषणापत्रअनुसार काम गर्ने वचन दिएको कारणले गर्दा त्यही वचनलाई पालना गर्दै काम गरिरहेको जानकारी पनि गराउन चाहन्छु।

क. मिति २०७४ जेष्ठ ७ गते देखि २०७४ भाद्र २९ गते सम्म ६ नं. वडा समितिको कार्यालयबाट सम्पन्न गरिएका कार्य प्रगति निम्नअनुसार रहेको व्यहोरा जानकारीको लागी प्रस्तुत गर्न चाहन्छु।

| | |
|---|---|
| १. दर्ता | ३२९ |
| २. चलानी | ४४६ |
| ३. नाता प्रमाणित सर्जमिन | १५ |
| ४. नाता प्रमाणित गरिएको | १५ |
| ५. अंग्रेजीमा नाता प्रमाणित | १९ |
| ६. अंग्रेजीमा जन्म प्रमाणित | ७ |
| ७. अंग्रेजीमा कर चुक्ता प्रमाणित | ४ |
| ८. अंग्रेजीमा आयश्रोत प्रमाणित | ५ |
| ९. अंग्रेजीमा व्यबसाय प्रमाणित | २ |
| १०. अंग्रेजीमा वडा प्रमाणित | ३ |
| ११. नागरिकताको सिफारिस | ८२ |
| १२. नागरिकता प्रतिलिपि सिफारिस | ४९ |
| १३. घर जग्गा नामसारी सर्जमिन | २५ |
| १४. घर जग्गा नामसारी सिफारिस | २४ |
| १५. जोत नामसारी सर्जमिन | १२ |
| १६. जोत नामसारी सिफारिस | १२ |
| १७. जोत (मोही) लगत कट्टा सर्जमिन | ५ |
| १८. जोत (मोही) लगत कट्टा सिफारिस | ५ |
| १९. चारकिल्ला प्रमाणित सर्जमिन | ११ |
| २०. चारकिल्ला प्रमाणित सिफारिस | ५ |
| २१. अन्य सर्जमिन | १ |
| २२. घर बाटो प्रमाणित | १७ |
| २३. नाम थर संशोधन सिफारिस | ८ |
| २४. धारा बिजुली जडान सिफारिस | ५ |
| २५. निःशुल्क उपचार सिफारिस | ६ |
| २६. जनजाती सिफारिस | १४ |
| २७. विविध सिफारिस | १५ |
| २८. ज.ध.प्र.पूर्जाको प्रतिलिपि सिफारिस | ४ |
| २९. नक्सा म्याद तामेली | १७ |
| ३०. नक्सा सर्जमिन | १३ |
| ३१. तल्ला थप प्रतिवेदन | १४ |
| ३२. संशोधित नक्सा प्रतिवेदन | ६ |
| ३३. घर जग्गा मूल्यांकन | ४१ |
| ३४. पसल व्यबसाय दर्ता | ९ |

३५. लगत कट्टा, श्रेणी परिवर्तन, शिर्षक परिवर्तन सिफारिस ३
३६. अन्य कार्यालयबाट जारी भएको सूचना
टांस म्याद तामेली (सर्जमिनमा) रोहबर ११३
३७. वडा समितिको बैठक १०
३८. अन्य बैठक १६
३९. जम्मा आम्दानी रु.६०३७५५.६२
४०. योजना सम्बन्धमा चालु ६
४१. विविध व्यक्तिगत घटना दर्ता सङ्ख्या
- जन्म दर्ता २०७४ जेष्ठदेखि भाद्र २९ सम्म ५१
- बिबाह दर्ता २०७४ जेष्ठदेखि भाद्र २९ सम्म ३६
- मृत्यु दर्ता २०७४ जेष्ठदेखि भाद्र २९ सम्म १७
- बसाईसराई २०७४ जेष्ठदेखि भाद्र २९ सम्म ४
- सम्बन्ध विच्छेद २०७४ जेष्ठदेखि भाद्र २९ सम्म २

४२. व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि ५
४३. बृद्ध भत्ता वितरणमा पूर्ण सहयोग १ पटक
४४. सामाजिक सुरक्षाका अन्य कार्यहरू
४५. भूकम्प सम्बन्धी अन्य कार्यहरू
४६. भ.न.पा. कार्यालयबाट निर्देशित अन्य कार्यहरू

ख. मिति २०७४ भाद्र १५ गतेबाट ६ जना सफाइ कर्मचारीहरूबाट टोलमा सरसफाइ भइआएकोमा हाल ८ जना कर्मचारीहरूबाट टोलमा सरसफाइ हुँदै आएको जानकारी पनि गराउन चाहन्छु। दुई कर्मचारी थप भइआएको कारणले गर्दा वडाको नयाँ ठाउँहरूमा पनि सफाइ कार्य हुँदै आएको जानकारी पनि गराउन चाहन्छु।

ग. वडामा खानेपानीको समस्या भएकोले केही हप्तासम्म ट्यांकरबाट पानी वितरणको लागि वडा कार्यालयले सहजीकरण गरेको पनि जानकारी गराउन चाहन्छु। वडामा वडावासीहरूको धारामा फोहर पानी आएको गुनासो आएपछि खानेपानी संस्थानमा फोहर पानी भरेको बोटलका साथ डेलिगेसन गएको पनि जानकारी गराउन चाहन्छु।

घ. जनतालाई घरघरमा नर्सिङ सेवा दिने निर्वाचन घोषणापत्रको प्रतिवद्धताअनुसार यस वडामा पनि हाल पाइलट प्रोजेक्टको रूपमा भाद्र १४ गतेबाट शुरु भएको छ। हालसम्म यस वडामा स्टाफ नर्स सृजना वोहजु र स्वास्थ्य कार्यकर्ता विष्णु केशरी सितिखुले याछें क्षेत्रमा घर घरमा गई जनताको स्वास्थ्यको सम्बन्धमा जानकारी लिइसक्नु भएको छ। हाल वहाँहरू तुछिमला क्षेत्रमा घर घरमा गइराख्नु भएको छ। वहाँहरूले स्वास्थ्य सम्बन्धी पारिवारिक विवरण तयार गर्ने, अशक्त तथा ज्येष्ठ नागरिकहरूको हेरविचार गर्ने, पिसाव सम्बन्धी समस्या भएका बिरामीहरूलाई घरमै पिसाव थैली लगाई दिने र हेरविचार गर्ने, खानाखाने कृत्रिम पाइप राखिदिने तथा हेरविचार गर्न सिकाउने, अक्सिजन, वाफलिने, चिसो तातो सेक्ने विषयमा ज्ञान दिने, घाउको सरसफाइ गर्ने, स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने, गर्भवती आमाहरूको स्वास्थ्य परीक्षण र परामर्श दिने, महिलाहरूलाई स्तन परीक्षण गर्न सिकाउने, सुत्केरी आमाहरूको स्याहार गर्ने, ५ वर्ष मुनिका बच्चाहरूको हेरचाह गर्ने, सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने, विद्यालयमा स्वास्थ्य परीक्षण गर्ने, जेष्ठ नागरिक सेवा प्रदान गर्ने, दन्त सेवा, मानसिक स्वास्थ्य सेवा, सुरक्षित खानेपानी तथा वातावरणीय सरसफाइ सेवा, आँखाको समस्या तथा क्षयरोग मुक्त बनाउन प्रचार प्रसार गर्ने कार्य गर्नेछ।

ङ. वडामा आएका केही समस्याहरू जनतासँग प्रत्यक्ष रूपमा सम्वन्धमा भएको केही फाइलहरूको सिफारिस हामीले रोकिराखेका छौं। कानुनी रूपमा त्यस परिवारको हक लाग्ने देखिए पनि त्यस्तो फाइलमा हस्ताक्षर गरेमा सार्वजनिक सम्पत्ति तथा गुठी, मठ मन्दिर, भजन आदिको हक मेटिन जाने भएकोले पार्टीको घोषणापत्रको अवधारणाअनुसार हामीले त्यस्ता फाइलहरू वडा कार्यालयमै रोकिराखेको पनि यहाँ जानकारी गराउन चाहन्छु।

च. वडामा विशेषगरि पारिवारिक समस्या तथा नक्सा र किल्ला सम्वन्धी विवादको गुनासो वढि आउने गरेको पाइन्छ। यस्ता समस्या आउने वितिकै सम्बन्धित व्यक्तिहरूको बैठक तदारुकताका साथ राखी समस्या समाधान गर्न अग्रसरता देखाउँदै आएका छौं। हालसम्म यस्ता प्रकृतिका धेरै समस्याहरू वडाकार्यालयले सहजीकरण गर्दै आएको छ।

छ. हालसम्म भक्तपुर नपा वडा नं. ६ मा निर्वाचित पदाधिकारीहरूको बैठक १० पटक बसी विभिन्न कार्यहरूलाई अगाडि बढाएका छौं।

**चिनियाँ नीतिकथा**

## ड्रयागनको सोख

एक जना मानिस ड्रयागन भनेपछि हुरुक्कै गथ्र्यो। उसले आफ्नो घर, कोठाका भित्ताहरूमा ड्रयागनको चिरु र मूर्तिहरू सजाएर राखेको थियो। उसको ड्रयागनको सोख देखेर साँच्चैको ड्रयागन निकै खुशी भयो। एक दिन वास्तविक ड्रयागन त्यो मानिसको घरमा गयो र झ्यालबाट भिरु चियायो।

साँच्चैको ड्रयागन घरमा पस्न लागेको देखेर त्यो मानिसको डरले होस हरायो। ऊ भागेर बैंगलमा लुक्न गयो। त्यो मानिस वास्तवमा ड्रयागनको सौकिन होइन रहेछ, ड्रयागन जस्तो देखिने वस्तुको सौकिन रहेछ भन्ने कुरा साँच्चैको ड्रयागनले बुझ्यो र फर्क्यो।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित नयाँ भवन ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७४ असोज २९ गते, आइतबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रवीन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना ग्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू :-

### सहयोग समिति गठन

यस नगरपालिकाद्वारा संचालित तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनाका बाँकी कामहरू नगरपालिकाका प्रमुखको अध्यक्षतामा गठित व्यवस्थापन उपसमितिमार्फत सम्पन्न गर्न निम्न पदाधिकारीहरू रहने गरी एक सहयोग समिति गठन गरियो :

१. रविन्द्र ज्याख्व - संयोजक
२. महेन्द्र खायमली - सदस्य
३. राजकृष्ण गोरा - सदस्य
४. इन्द्रबहादुर प्याठ - सदस्य
५. कृष्णभक्त लवजु - सदस्य
६. आयोजना प्रमुख - सदस्य सचिव

### कार्यदल गठन

भक्तपुर नगर क्षेत्रभित्र रहेका ऐतिहासिक एवं साँस्कृतिक सम्पदाहरूबारे नेपाली र अंग्रेजी भाषामा (सम्भव भएमा नेपालभाषामा समेत) संक्षिप्त परिचय तयार गर्न निम्न पदाधिकारीहरू रहने गरी एक कार्यदल गठन गरियो :

१. ओम धौभडेल
२. सुलोचना छ्वाजु
३. अंग्रेजी भाषाको लागि कमिनीका न्याईच्याई
४. फोटोग्राफर बालकृष्ण बनमाला

### गुरुयोजना निर्माण

भक्तपुर नगरपालिका वडा नं. ७ स्थित ऐतिहासिक एवं साँस्कृतिक महत्त्वको हनुमानघाटलाई व्यवस्थित गर्न गुरुयोजना निर्माणको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

### विविध

विविध विषयमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

### ल.ई.स्वीकृत

ल.ई. बारे छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

ल.ई. सम्बन्धमा छलफल हुँदा आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको निर्माण समितिबाट सिफारिस भएका देहायका योजनाहरूको ल.ई. स्वीकृत गर्ने निर्णय गरियो-

**आवागमनमा अवरोध नपुऱ्याउन अनुरोध**

सडक बाटोको दायाँबायाँ पेटी र फुटपाथमा समेत पसलको सामान, डण्डी, रोडा, बालुवा, निर्माण सामग्रीलगायत अन्य सामानहरू राख्ने गरेको र सवारी साधनहरू समेत रोक्ने/पार्किङ्ग गर्ने कार्यले आवागनमा अवरोध भएको र वातावरण प्रदुषणका साथै दुर्घटनासमेत हुने गरेकोले त्यसरी सामान नराख्न र सवारी साधन पार्किङ्ग नगरिदिनुहुन सम्बन्धित नगरवासी, उद्योगी-व्यवसायी तथा सवारी धनी र चालकहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## निर्माण समितिबाट स्वीकृत

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई रकम | कैफियत |
|---|---|---|---|---|
| क | **वडा स्तरीय योजनाहरू** | | | |
| १ | श्रृजनानगरको बाटो ग्राभेलिङ गरी मर्मत गर्ने कार्य | १ | १९१,९४६।५३ | मर्मत कोषबाट |
| २ | श्रृजनानगर सृष्टीमार्ग गल्लीको बाटोमा ईटा छाप्ने कार्य | १ | १३१,४४५।०९ | वडा बजेट |
| ३ | श्रृजनानगरको नपली पाटी अगाडि दक्षिणपट्टि बाटोमा ईटा छाप्ने कार्य | १ | १२७,९१०।४९ | वडा बजेट |
| ४ | श्रृजनानगरको नपली निकल्सन कलेजको दक्षिणपट्टि बाटोमा ईटा छाप्ने कार्य | १ | २४३,७३४।०९ | वडा बजेट |
| ५ | श्रृजनानगर नपली इशानेश्वर मार्गमा ईटा छाप्ने कार्य | १ | ८२,७६१।९८ | वडा बजेट |
| ६ | श्रृजनानगर नपली सत्संग बाटोमा ईटा छाप्ने कार्य | १ | ९५,४०८।२८ | वडा बजेट |
| ७ | श्रृजनानगर नपलीको बाटोमा ईटा छाप्ने कार्य | १ | १०३,९४४।०९ | वडा बजेट |
| ८ | लिबाली शिशुस्याहार भवनमा आल्मुनियम पार्टेशन कार्य | ८ | १८८,७२७।५२ | वडा बजेट |
| ९ | वाकुपति नारायण भजन घरको छाना छाउने र नासल मन्दिरको छाना बनाउने कार्य | ९ | ३३५,२५०।२७ | वडा बजेट |
| १० | ब्रम्हायणी घाट र खोलाको डिल सुधार कार्य | ९ | ८९४,०९६।०३ | वडा बजेट |
| ११ | दुजलेबाट दथुत्वचा गल्ली बाटो ईटा छपाई कार्य | १० | ६३०,१९५।४४ | वडा बजेट |
| ख | **नगर स्तरीय योजनाहरू** | | | |
| १ | भ.न.पा. कार्यालय भवनमा रंग लगाउने कार्य | २ | ७७२,९६०।३८ | नपा बजेट |
| २ | ब्रम्हायणी वहुउद्देशीय भवन (अण्डर ग्राउण्ड) | ९ | ८६२,४६१।०० | नपा बजेट |
| | ब्रम्हायणी वहुउद्देशीय भवन (भूई तल्ला) | | ११,३४७,६६४।०० | |
| | ब्रम्हायणी वहुउद्देशीय भवन (पहिलो तल्ला) | | ११,१८५,७५९।०० | |
| | ब्रम्हायणी वहुउद्देशीय भवन (दोसो तल्ला) | | ३०,०३७,०३९।०० | |
| | ब्रम्हायणी वहुउद्देशीय भवन (तेसो तल्ला) | | ३५,४२०,१०३।०० | |
| | ब्रम्हायणी वहुउद्देशीय भवन (चौथो तल्ला) | | १४,४९९,१५६।०० | |
| | ब्रम्हायणी वहुउद्देशीय भवन (छाना तल्ला) | | ३,७००,९७६।०० | |
| | जम्मा | | १०७,०५३,१५८।०० | |

## पेश्की फछ्र्यौट

पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा देहायअनुसारको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो :

| सि.नं. | योजना | वडा नं. | ल.ई. | मुल्याङ्कन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वासिकचा बाटो मर्मत कार्य | ७ | ३२१,५८५।८१ | ४०३,४३७।६२ | ३२१,५५०।०० | २००,०००।०० | १२१,५५०।०० | |
| २ | दाफा पाटी पुन:निमाण कार्य | २ | १,३९२,०४२।२९ | ९८४,९८०।६८ | ८३१,३०५।०० | ६००,०००।०० | २३१,३०५।०० | आंशिक फछ्र्यौट |
| ३ | कमलविनायक सत्तल पुन:निर्माण कार्य | १० | ७२,७४६,७६६।०० | ४,८६९,२५६।१४ | ४,७९३,८५८।०० | १,०००,०००।०० | ५४६,५८१।०० | आंशिक फछ्र्यौट |
| ४ | मुदिप द्विप भीमसेन स्थान क्षेत्र सोलार सडक वत्ती जडान गर्ने कार्य | ५ | ५२७,९२०।७५ | ५४७,१३०।०० | ५०८,०३०।०० | १७०,०००।०० | ३३८,०३०।०० | |
| ५ | नारायण मन्दिर परिसरमा सोलार सडक वत्ती जडान गर्ने कार्य | ५ | १०५,५८४।१५ | १०९,४२६।०० | १०१,६०६।०० | ३४,८४२।७७ | ६६,७६३।२३ | |
| ६ | इन्द्रायणी द्योछें, इन्द्रायणी पीठ, इताछें द्योछें इताछें, तकोने, न:पुखु, तापालाछी चोक, मिबाछे, लोकेश्वर मन्दिरमा सोलार सडक वत्ती जडान गर्ने कार्य | २ | ८४४,६७३।२० | ८७४,९९२।०० | ८१८,८३२।०० | २७०,०००।०० | ५४८,८३२।०० | |
| ७ | वडा नं. ३ नासमना, देगमना सोलार सडक वत्ती जडान गर्ने कार्य | ३ | ४२२,३३६।६० | ४३५,०००।०० | ४०३,९७९।१९ | १४०,०००।०० | २६३,९७९।१९ | |
| ८ | वडा नं. ९ ब्रम्हायणी बस पार्क, सोलार सडक वत्ती जडान गर्ने कार्य | ६ | १,१६१,४२५।६५ | १,२०३,६८६।०० | १,१०६,६६६।०० | ३८०,०००।०० | ७२६,६६६।०० | |
| ९ | खर्ला क्षेत्र, भद्रकाली, कुमारी क्षेत्र सोलार सडक वत्ती जडान गर्ने कार्य | ९ | ४२२,३३६।६० | ४३७,७०४।०० | ४०६,४२४।०० | १४०,०००।०० | २६६,४२४।०० | |
| १० | वडा न ४ माकचो गणेश सोलार सडक वत्ती जडान गर्ने कार्य | ४ | २११,१६८।३० | २२४,११७।०० | २०८,०००।०० | ७०,०००।०० | १३८,०००।०० | |
| ११ | वडा नं. ६ तुच्छिमला, प्वकचाद्यो र बखुमला सोलार सडक वत्ती जडान गर्ने कार्य | ६ | ३१६,७५२।४५ | ३२६,१८०।०० | ३०२,३६९।८० | १००,०००।०० | २०२,३६९।८० | |
| १२ | श्रीजनानगरको विभिन्न ग्राभेलिङ्ग बाटोमा मर्मत गर्ने कार्य | १ | | | ७९,१००।०० | ०।०० | ७९,१००।०० | मर्मत कोषबाट |
| १३ | उप-मेयर र कार्यकारी अधिकृतको कोठामा शौचालय निर्माण कार्य (५३९६३।५७ + १०६१४३।७५) | २ | ७७८,४१६।५२ | | १६०,१०७।३२ | ०।०० | १६०,१०७।३२ | मर्मत कोषबाट |
| १४ | पर्यटक सूचना केन्द्र भवनमा फिनिसिग कार्य | २ | ८२२,९८१।९८ | ५४७,८३४।१६ | ४११,३०२।४० | | ४११,३०२।४० | |
| १५ | पर्यटक सूचना केन्द भवन निर्माण कार्य (दोश्रो बिल) | २ | ८,५५८,१२१।०० | ५८७,५८२।०० | ४८७,४११।९७ | | ४८७,४११।९७ | |

## उपभोक्ता समिति अनुमोदन

उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

क. **योजनाको नाम :** भ.न.पा.वडा नं. ३ स्थित बाराही उकालोको पर्खाल मर्मत कार्य

पदाधिकारीहरूको नाम :

१. अध्यक्ष : श्री मुक्तिनाथ स्वानेपा
२. सचिव : श्री एजना स्वानेपा
३. कोषाध्यक्ष : श्री कृष्णप्रसाद सुवाल
४. सदस्य : श्री राजनप्रसाद साखकर्मी
५. सदस्य : श्री तुल्सीनारायण ठिमी
६. सदस्य : श्री संगिता कर्माचार्य
७. सदस्य : श्री हरिशरण बाइजु

ख. **योजनाको नाम** : भ.न.पा.वडा नं. ३ स्थित बाराही पुलको (त:मो) पर्खाल मर्मत कार्य

पदाधिकारीहरूको नाम :

१. अध्यक्ष : श्री पूर्णप्रसाद सुवाल
२. सचिव : श्री रजनी अवाल
३. कोषाध्यक्ष : श्री कृष्णकुमार नायभा
४. सदस्य : श्री विक्रम देउबन्जार
५. सदस्य : श्री रामकृष्ण ग्वाछा
६. सदस्य : श्री सुमिता चौगुठी
७. सदस्य : श्री कृष्णहरि कर्माचार्य

ग. **योजनाको नाम** : भ.न.पा.वडा नं. ३ स्थित लाछिचा चोकमा ढल निकास व्यवस्थापन कार्य

पदाधिकारीहरूको नाम :

१. अध्यक्ष : श्री हरिराम सिलाकार
२. सचिव : श्री इन्द्रमाया के.सी.
३. कोषाध्यक्ष : श्री विमल वैद्य
४. सदस्य : श्री रामबहादुर श्रेष्ठ
५. सदस्य : श्री सुवर्ण वैद्य

## वार्षिक कार्यक्रम

सडक मर्मत संभार बजेट अन्तर्गत आर्थिक वर्ष २०७४/०७५ को लागि सडक बोर्ड नेपालबाट रु.७०,००,०००।- (सत्तरी लाख मात्र) बजेट विनियोजित भई आएकोमा उक्त बजेट रकमको आधारमा यस नगर पालिकाबाट म्याचिङ्ग फण्डको रूपमा ३० प्रतिशत रकम व्यहोर्नु पर्ने समेत गरी रु.१,००,००,०००।- (एक करोड मात्र) बराबरको वार्षिक कार्यक्रम तयार गरी पेश गर्ने निर्णय गरियो ।

## निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

### युवा तथा खेलकुद समिति :

मिति २०७४।६।२३ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाको युवा तथा खेलकुद समितिको आयोजनामा २०७४ कार्तिक ९-११ गतेसम्म हुने भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगिता भव्य रूपमा सफल पार्न तपसिल अनुसारको उपसमिति गठन गर्ने निर्णय गरियो :

तपसिल

### १. प्रतियोगिता निर्णायक समिति

संयोजकः श्री श्यामकृष्ण खत्री-संयोजक युवा तथा खेलकुद समिति
सदस्य : श्री उकेश कवां - सदस्य युवा तथा खेलकुद समिति
सदस्य : श्री विनोद चरण राय, अध्यक्ष भ.जि. भलिबल संघ
सदस्य : श्री विनोद प्रजापति, अध्यक्ष भ.जि.कबड्डी - सदस्य
सदस्य : श्री राजेन्द्र प्रजापति, ब्याटमिन्टन
सदस्य : श्री निरञ्जन प्रजापति, बुद्धिचाल
सदस्य : श्री प्रेमकृष्ण खर्बुजा, टेबुलटेनिस
सदस्य : श्री उपेन्द्र सुवाल, खो.खो
सदस्य : श्री गौत्तम सुजखु, फुटबल
सदस्य : श्री आशराम बाडे, एथ्लेटिक्स

### २. पुरस्कार व्यवस्थापन समिति

संयोजकः श्री हरिप्रसाद बासुकला, सदस्य, युवा तथा खेलकुद समिति
सदस्य : श्री सुनिता अवाल, सदस्य, युवा तथा खेलकुद समिति
सदस्य : श्री रत्नमाया बालाय् श्रेष्ठ, लेखा प्रमुख
सदस्य : श्री रेबिड कुस्मा, जिन्सी प्रमुख
सदस्य : श्री गणेशप्रसाद सुवाल, सदस्य नगर खेलकुद समिति
सदस्य : श्री बलराम न्हिसुतु, सदस्य नगर खेलकुद समिति
सदस्य : श्री इन्द्रभक्त पञ्च, प्रशिक्षक, टेबुल टेनिस
सदस्य : श्री काशीलाल प्रजापति, प्रेस प्रमुख

### ३. ग्राउण्ड व्यवस्थापन समिति

संयोजक : श्री कुमार चवाल, सदस्य, युवा तथा खेलकुद समिति
सदस्य : श्री उकेश कवां, युवा तथा खेलकुद समिति
सदस्य : श्री ओमहरि था, योजना प्रमुख
सदस्य : श्री दिलिपकुमार सुवाल, श्यानिटेशन शाखा प्रमुख
सदस्य : श्री कृष्णगोविन्द लाखा, सदस्य नगर खेलकुद समिति
सदस्य : श्री कृष्णराम जाकिबन्जार, सदस्य, नगर खेलकुद समिति
सदस्य : श्री हरिबहादुर सुवाल, मर्मत उपशाखा, प्रमुख
सदस्य : श्री कृष्णप्रसाद कोजु, सदस्य नगर खेलकुद समिति

४. कार्यक्रम तथा जलपान व्यवस्थापन समिति

संयोजक : श्री उकेश कवां सदस्य, युवा तथा खेलकुद समिति
सदस्य : श्री हरिप्रसाद बासकुला, युवा तथा खेलकुद समिति
सदस्य : श्री अम्बिका धौभडेल, प्रशासन प्रमुख
सदस्य : श्री गौत्तमप्रसाद लासिवा, पर्यटन सेवा केन्द्र प्रमुख
सदस्य : श्री दामोदर सुवाल, पर्यटन सेवा केन्द्र
सदस्य : श्री राजु बजिकों, सदस्य, नगर खेलकुद समिति
सदस्य : श्री शिवराम धुख्वा, सदस्य, नगर खेलकुद समिति
सदस्य : श्री रामकृष्ण प्रजापति, सदस्य, नगर खेलकुद समिति

## युवा तथा खेलकुद समिति

मिति २०७४।६।२९ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. मिति २०७४ कार्तिक ९-११ गतेसम्म हुने भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा अनुमानित आम्दानी रु.८०,०००।- (असी हजार मात्र) र अनुमानित खर्च रु.८,४८,७५०।- (आठ लाख अरचालिस हजार सात सय पचास) हुने निर्णय अनुमोदन गरियो।

ख. खेल निम्नानुसार स्थानमा गर्ने

१. भलिबल खेल - शहीद स्मृति खेल मैदान
२. सुटर फुटसल खेल - राम मन्दिर भुलांचा
३. टेबुलटेनिस - खेलकुद प्रशिक्षण हल, कमलविनायक
४. बुद्धिचाल - ख्वप कलेज, देकोचा
५. खोखो - लिवाली (बालविकास ईङ्गलिस स्कूल)
६. एथ्लेटिक्स - भाज्या पोखरी
७. ब्याट्मिन्टन - कमलविनायक आवास क्षेत्रभित्रको खुल्ला क्षेत्र
८. कबड्डी - शहीद स्मृति खेल मैदान

ग. उद्घाटन र्‍याली दत्तात्रयबाट शहीद स्मृति खेल मैदानसम्म गर्ने।

**समय : विहान ७:०० बजे**

## वातावरण तथा पर्यटन समिति :

मिति २०७४।६।२६ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।

क. नियमित सरसफाइ अन्तर्गत कार्तिक १ गतेका दिन विहान ७:०० बजे भाजु पोखरी सफाइ कार्यलाई नै निरन्तरता दिने निर्णय गरियो।

ख. एक विद्यालय एक सम्पदा अन्तर्गत सबै विद्यालय तथा कलेजहरूलाई आफूले जिम्मा लिएका सम्पदा क्षेत्रको सर सफाइ गर्न र गराउन नगरपालिकाबाट पत्राचार गर्ने निर्णय गरियो।

## महिला, बालबालिका तथा समाज कल्याण समिति :

मिति २०७४।६।१० गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा संचालित शिशु स्याहार केन्द्रका बालबालिकाहरूको स्वास्थ्य परीक्षण बाल विशेषज्ञ डा. गणेन्द्र राय मार्फत स्वास्थ्य परीक्षण गराउने र प्रति केन्द्र रु.४,०००।- पारिश्रमिक दिने निर्णय गरियो।

ख. निरन्तर शिक्षा कार्यक्रम सञ्चालनका लागि प्रत्येक वडामा ३० देखि ६० वर्षका पढ्न इच्छुक महिला तथा पुरुषहरूको नामावली संकलन यही कार्तिक मसान्तभित्र गर्ने।

## बाँसुरी बाजा प्रतियोगिता

भक्तपुरको कला संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने हेतुले नगरव्यापी बाँसुरी बाजा प्रतियोगिता आयोजना गर्ने र त्यसको तयारीको विषयमा छलफल गर्न निम्न मिति २०७४।७।१ गते, अपरान्ह ५:०० बजे, नगरपालिकाको सभा कक्षमा बाँसुरी बाजा समूहका प्रतिनिधिहरूको भेला आयोजना गर्ने निर्णय गरियो।

## पेश्की फछ्र्यौट

पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

क. गत आ.व. २०७३/०७४ मा स्वीकृत भूकम्पपछिको पुनः निर्माण संरक्षण योजना अन्तर्गत साविक भ.न.पा.वडा नं. ६, हाल भ.न.पा.वडा नं. ७ इनाचोस्थित श्री नास द्योः मन्दिर सुधार कार्य गर्न रु.३,४०,०१६।३५ को इष्टिमेट स्वीकृत भै उक्त योजना सञ्चालनार्थ गठित उपभोक्ता समितिका अध्यक्ष श्री पद्मसुन्दर शाक्यले मिति २०७४।६।३० सम्ममा योजना सञ्चालन र सम्पन्न गर्ने (म्याद थप समेत) गरी सम्झौता गरी रु.२,००,०००।- (दुई लाख) पेश्की लिई मन्दिर मर्मतको कार्य सम्पन्न पश्चात् रु.३,३९,८५१।९६ बराबरको फाँटवारी पेश भएकोमा उपभोक्ता समितिका अध्यक्षको नाउँको रु.२,००,०००।- (दुई लाख) पेश्की फछ्र्यौट गरी नपुग रु.१,३९,८५१।९६ भुक्तानी पाउँ भनी निवेदन पेश भएकोमा सम्पन्न कार्यहरूको नाप जाँच गरी कार्य मूल्याङ्कन गर्दा कूल रु.४,३१,९५५।४८ बराबरको कार्य भएको देखिएकोले उपभोक्ता समितिको माग बमोजिम रु.२,००,०००।- (दुई लाख) पेश्की फछ्र्यौट गरी बाँकी रु.१,३९,८५१।९६ चालू आ.व.०७४/०७५ को क्रमागत योजनाको उक्त योजनालाई छुट्याइएको बजेट रकमबाट भुक्तानी दिने तथा कार्यालयको खूद खर्च रु.३,३९,८५१।९६ खर्च समर्थन गरी संशोधित कार्यहरू समेत समर्थन गर्ने निर्णय गरियो।

ख. भ.न.पा.को आ.व. ०७१/०७२ को स्वीकृत कार्यक्रमानुसार साविक भ.न.पा.वडा नं. ४ बाट हाल वडा नं.

१० स्थित श्री कमलविनायक सत्तल पुनः निर्माण गर्न मिति २०७१।५।३० मा रु.७२,७४,६७६।- बराबरको इष्टिमेट स्वीकृत गरी स्थानीय श्री तिर्थमान दुमरुको अध्यक्षतामा गठित उपभोक्ता समिति मार्फत क्रमागत रूपमा योजना सञ्चालन गर्ने गरी सम्झौता भै कार्य शुरु पश्चात् मिति २०७३।२।१८ सम्ममा रु.३२,४७,२७७।- र मिति २०७४।४।१७ मा रु.१५,४६,५८५।२० बराबरको फाँटवारी पेश भई रु.२५,००,०००।- पेश्की माग भएको तत्सम्बन्धमा भ.न.पा.ले योजना सञ्चालनार्थ मिति २०७१।७।१० मा रु.१५,००,०००।- (पन्ध्र लाख) पेश्की, मिति २०७३।३।३ मा रु.१७,४७,२७७।- भुक्तानी र मिति २०७३।६।४ मा रु.१०,००,०००।- (दश लाख) पेश्कीसहित जम्मा रु.४२,४७,२७७।- (अक्षेरेपी बयालिस लाख, सतचालिस हजार दुई सय सतहत्तर) नगद रकम उपलब्ध गराइसकेकोमा निवेदन बमोजिम मिति २०७४।६।१ सम्ममा सम्पन्न कार्यहरूको मूल्याङ्कन गर्दा रु.४८,६९,२५६।१४ बराबरको कार्य भएको देखिएको जसमध्ये मिति २०७३।२।१८ मा रु.३२,४७,२७७।- (अक्षेरूपी बत्तिस लाख सतचालीस हजार दुई सय सतहत्तर) बराबरको क्रमिक पेश्की फछ्र्यौट भैसकेको र बाँकी रु.१०,००,०००।- (दश लाख) उपभोक्ता समितिले रु.१५,४६,५८१।२० बराबरको फाँटवारी पेश भएकोले उपभोक्ता समितिको नाउँमा रहेको रु.१०,००,०००।- (दश लाख) क्रमिक पेश्की फछ्र्यौट गरी चालू आ.व. ०७४/०७५ मा उक्त योजनालाई छुट्याइएको रकमबाट रु.५,४६,५८१।- भुक्तानी दिने र रु.५,५०,०००।-(पाँच लाख पचास हजार) पुनः पेश्की दिने निर्णय गरियो।

## खर्च समर्थन

यस कार्यालयबाट मिति २०७४।६।६,७ र ११ गते गाईजात्रा मूल्याङ्कनबाट विजयी समूहहरूको पुरस्कार वितरण कार्यक्रम, विश्व पर्यटन दिवस र सफाइ कार्य समेतमा भएको खाजा, टेण्ट र माइक समेतको रु.१,०५,२७७।- खर्च समर्थन गरी भुक्तानी सूर्य विनायक रिसोर्टलाई दिने निर्णय गरियो ।

## भुक्तानी

क) यस कार्यालय अन्तर्गत भक्तपुर क्राफ्टको सामान मिलाउन र विभिन्न समिति बैठक बस्दाको खाजा खर्च रु.१२,९१०।- भुक्तानी इन्द्रायणी खाजा घरलाई दिने निर्णय गरियो ।

ख) यस कार्यालयको दैनिक जलपान गर्न रु.१०,०००।- का.स. गणेशलाल जधारीले पेश्की लिई रु. २२,५५९।- बराबर खर्च भएको हुँदा उक्त पे.फ. गरी नपुग रु.१२,५५९।- भुक्तानी दिने निर्णय गरियो।

## प्राक्टिकमका विद्यार्थी

पुल्चोक कलेजबाट Practicum को लागि पठाइएका फिल्ड विद्यार्थी श्री प्रमित मानन्धरलाई यस न.पा.को सम्पदा उपशाखामा राखी कार्य गराउने निर्णय गरियो।

## वडा कार्यालय भवन निर्माण गर्ने

भक्तपुर नगरपालिका साविक वडा नं. १७ बाट हाल भ.न.पा. वडा नं. १ को पत्र सङ्ख्या २०७४/०७५, च.नं. ४३९ प्राप्त पत्रअनुसार हाल वडा कार्यालय सञ्चालन गरिआएको भवनको पश्चिमतर्फ नगरपालिकाको नाउँमा दर्ता भएको जग्गा साविक भ.न.पा.वडा नं. १७(क) कि.नं. ७० भई हाल कि.नं. ४८२ को क्षे.फ. २-७-२-० भएको कित्तामा वडा कार्यालय भवन निर्माण गर्न उपयुक्त भएकोले सो स्थानमा निर्माण गर्ने निर्णय गरियो।

## दररेट परिमार्जन

आर्थिक वर्ष २०७४/०७५ को जिल्ला दररेटमा निम्न बमोजिम परिमार्जन गर्ने निर्णय गरियो :

**Unit rate of materials, labor, equipments and service (Fiscal Year 074/75)**

**Note: 3.5% of transportation cost has been added to the rate of material. VAT has not been included.**

| SN | Particular | Unit | Rate, Rs. | Remarks | 072/073 | 074/075 |
|---|---|---|---|---|---|---|
| 1.1 | Skilled labor | md | 1000.00 | | | 1000 |
| 1.2 | Skilled labor (for Dachhi Appa) | md | 1200.00 | | | 1200 |
| 2 | Unskilled labor | md | 700.00 | | | 700 |
| 21 | Machine made dense brick (Teliya Itta)6"x6" | no | 24.84 | | | 24 |
| 32(c) | Sal wood ( 3'-0" - 8'-0" ) Column & Beam | cft | 7762.50 | | | 7500 |
| 32(d) | Sal wood ( 8'-0" - 12'-0" ) Column Beam | cft | 8797.50 | | | 8500 |
| 80 | Collapsible gate (4*10*20 mm channel) | sq.ft. | 646.88 | | | 625 |
| 84 | Dressed Stone | cft. | 113.85 | | | 110 |
| 115 | Rain seal paint (linsed oil) | l | 496.80 | | | 480.00 |
| 119 | Wood preservative paint | l | 517.50 | | | 500 |

वडाध्यक्ष परिचय

# /fhs[0f uf]/f



राजकृष्ण गोरा भक्तपुर नगरपालिकाको वडा नं. ३ का वडाध्यक्ष हुनुहुन्छ। पिता सेल गोरा र माता न्हुछेथुकु गोराका जेठो पुत्र राजकृष्णको जन्म साविक वडा नं. १३ हाल वडा नं. ३ खौमा टोलको एक किसान परिवारमा २०२८ साल असोज ११ गते भएको हो। वहाँका दुई भाइ र एक बहिनी हुनुहुन्छ।

वहाँका अर्धाङ्गिनी राज्यलक्ष्मी र दुई छोरा मनिष र अमित हुनुहुन्छ।

प्रविणता प्रमाणपत्रसम्म अध्ययन गर्नु भएका गोरा पेशाले मजदुर हुनुहुन्छ।

नेपाल मजदुर किसान पार्टी (तत्कालीन संगठन) लाई समूल नष्ट गर्न पञ्चायती राज्यस्तरबाट २०४५ सालमा भक्तपुर काण्डको षड्यन्त्र गरिएको थियो। भक्तपुर काण्डको बेला प्रहरीराजको कारण भक्तपुर जिल्लाका जोकोही त्रासमा थिए। तर युवा गोरालाई राजनीतिमा चासो बढ्यो। वहाँ नेपाल क्रान्तिकारी विद्यार्थी संघको सम्पर्कमा पुग्नुभयो। २०४६ सालमा स्थानीय नेक्राविसंघको स्थानीय प्रारम्भिक समितिमा आवद्ध भई भक्तपुर क्याम्पसमा नेक्राविसंघको गतिविधिमा क्रियाशील हुनुभयो। वहाँ २०५४ सालमा नेक्राविसंघ जिल्ला समितिमा पुग्नुभयो र २०६० सालसम्म विद्यार्थी राजनीतिमा क्रियाशील रहनुभयो।

२०४६ सालको जनआन्दोलनमा सहभागी भै वडाको विद्यार्थी गतिविधिमा वहाँको सक्रियताले २०४९ मा १३ वडाको पार्टी समितिमा पुग्नुभयो। पार्टी समितिमा वहाँको क्रियाशीलताबाट २०५४ मा वहाँलाई स्थानीय पार्टी समितिको इन्चार्जको जिम्मेवारी दिइयो। उक्त जिम्मेवारी अहिले पनि सम्हालिरहनु भएको छ। २०५९ सालदेखि २०७४ सालसम्म पार्टी नगर समितिमा कार्यरत गोराले पार्टीको मजदुर-किसान, श्रमिकलगायत अन्य प्रकाशनहरू वितरणको जिम्मेवारी पनि निर्वाह गर्नुभयो।

वहाँ २०६० सालदेखि नेपाल क्रान्तिकारी मजदुर संघमा आवद्ध हुनुभयो। २०६७ सालमा नेक्रामसंघको केन्द्रीय तदर्थ समितिमा रहनु भएका वहाँ भक्तपुर जिल्ला समितिको अध्यक्ष हुँदै हाल नेक्रामसंघको केन्द्रीय सचिवको पनि जिम्मेवारी सम्हालिरहनु भएको छ।

पार्टीको काम र मजदुर संगठन विस्तारको सिलसिलामा वहाँ देशका विभिन्न जिल्ला तथा कलकारखानाहरूमा पुग्नु भएको छ।

राजनीतिमा चासो लिएर विद्यार्थी राजनीतिमा प्रवेश गरेयता पार्टीले आयोजना गरेका विभिन्न संघर्ष, आन्दोलन र गतिविधिमा वहाँ क्रियाशील रहँदै आउनु भएको छ। त्यस्तै पार्टी सहभागी रहेका संयुक्त संघर्ष र आन्दोलनमा पनि वहाँ पार्टीले दिएको जिम्मेवारी निर्वाह गर्दै आउनु भएको छ। २०४६ सालको जनआन्दोलनदेखि असमान सन्धि, आतंककारी विधेयक, भारतीय हस्तक्षेप, अतिक्रमण र नाकाबन्दी, प्रतिगमन विरोधी आन्दोलनहरूलगायत विभिन्न विषयमा पार्टीले आयोजना गरेको भक्तपुर-काठमाडौं ऱ्याली, विरोध प्रदर्शन, संघर्ष र आन्दोलनहरूमा वहाँ सक्रिय रहनु भयो। यसक्रममा वहाँ पटक पटक गिरफ्तारीमा पर्नुभयो भने प्रतिगमन विरोधी आन्दोलनमा तीन महिने पुर्जीसहित थुनामा पर्नुभयो।

वहाँ स्थानीय रेडस्टार क्लब, उत्थान वाचनालय, इन्द्रायणी सरोकार समाज, १३ वडा खेलकुद समितिलगायत अन्य विकास-निर्माण समितिहरूमा बसी आफ्नो जिम्मेवारी पूरा गरिरहनु भएको छ। समय समयमा आउने विभिन्न कार्यबारे टोलवासीलाई सुसूचित गर्ने, जनसभागिता जुताउने, वडावासीको समस्यालार्य लिएर डोलिगेसन झैंझगडा मिलाउने लगायतका कार्यमा पनि वहाँ सक्रिय हुनुहुन्छ।

२०७२ सालमा गएको महाभूकम्पको बेला एक राजनीतिक कार्यकर्ताको रूपमा वहाँ खोज तथा उद्धार, क्षति र घाइतेको विवरण संकलन, पीडितहरूको लागि

# g]kfn ;+jt\sf] P]ltxfl;s dx⁼j df h]f 6f]hsf]eldsf



ओम धौभडेल

संवत्को विश्व इतिहासमा मेसोपोटामियाको वेविलोनियाबाट शुरु भएको र यसको इतिहासमा थुप्रै शासकहरू र धर्मगुरुहरूले विभिन्न संवत्हरू प्रचलनमा ल्याएको देखिन्छ । यसै सन्दर्भमा नेपाल र वरपर कलिगत संवत्, विक्रम संवत्, शाके संवत्, लक्ष्मण संवत्, मानदेव संवत्, नेपाल संवत् जस्ता थुप्रै सम्वतहरू चलन–चल्तीमा आएका पाउँछौं । तर नेपालको आफ्नै भूमिमा जन्मेको लिच्छवी संवत् (मानदेव संवत्) र नेपाल संवत् मध्ये नेपाल संवत् मात्रै त्यस्तो संवत् हो जसलाई एकजना सर्वसाधारण नेपाली नागरिकले चलाएर गएको देखिन्छ । यसै सन्दर्भमा आजभन्दा ११३७ वर्ष अगाडि नेपालको आफ्नै भूमिमा जन्मेको नेपाल संवत्को श्रेय संखधर साखवाललाई जान्छ । जुन शंखधर साखवाललाई १८ मंसीर २०५६ मा तत्कालीन श्री ५ को सरकारले देशको एक महान् राष्ट्रिय विभूति घोषणा गरेर मान दर्शाइसकेको छ ।

आजभन्दा ११३७ वर्ष अगाडि नेपाल खाल्डोमा लिच्छवी वंशको शासन थियो भन्ने प्रमाण इतिहास साक्षी छ । विगतका ती दिनहरूमा प्रशस्त अभिलेखहरू राख्ने चलन नभएता पनि हाम्रो इतिहास जीवन्त वंशावलीहरूबाट थाहा हुन्छ । त्यतिवेला ललितपटन (हालको पाटन) शहरमा राघवदेव शासन गर्दथे । त्यसवेला काठमाडौं छुट्टै राज्यको रूपमा विकास नभएर पाटनको अधिनमा थियो भने भक्तपुर शहर नवस्थापित अवस्थामा थियो । यसबारे वंशावलीहरूमा मतभिन्नता भएपनि भक्तपुर शहर ने.सं. २६७ (वि.सं. १२०३) मा आनन्ददेवले स्थापना गरेकोमा प्रायः वंशावलीहरूमा एकरूपता छ । यता लिच्छवी वंशहरूको वंशावलीहरूमा नामावली फरक दिने क्रममा गोपाल वंशावलीले वरदेव, शंकरदेव, वालार्जुनदेव, विक्रमदेव, गुणकाम देव नाम दिएको छ भने राइटले वरदेव, शंकरदेव, वर्धमान, वलिदेव, जयदेव वालार्जुनदेव, गुणकामदेव दिएको छ । नेपालमा प्रायः वंशावलीहरू नेपाल एकीकरण पछि लेखिएको सन्दर्भमा संस्कृत एवं पुरानो नेवारी (भुजिमोल) लिपिमा लेखिएको वेण्डालले पाएको वंशावलीमा चाहि वलिदेव, राघवदेव, जयदेव, विक्रमदेव, नरेन्द्रदेव, गुणकामदेव आदिको नाम उल्लेख भएको पाइन्छ । यसैवीच विभिन्न प्रामाणिक अभिलेखहरूबाट ई.सं. ७३६–७३ तिर यहाँ शंकर देवले राज्य गरिरहेको मानिन्छ । त्यसपछि यिनका छोरा वर्धमानले पाटन राज्य काठमाडौंसम्म विस्तार गरेकोमा एकपटक रुद्रदेव नाम गरको राजाले यहाँका शासकहरूलाई हराई राजा भएका थिए । तर रुद्रदेव निसन्तान भएकोले पूर्व लिच्छवी वंशकै एक राजकुमार जयदेवलाई राजा बनाएको उल्लेख छ । जयदेवले विक्रमको नवौं शताव्दीतिर पाटन र काठमाडौंमा राज्य गरिरहेको समयमा उनका भाइ आनन्ददेवले पूर्वतर्फका ६ वटा गाउँहरू मिलाएर खुपो देश बनाएको वंशावलीहरूमा पाइन्छ । तसर्थ आनन्ददेवलाई भक्तपुरको संस्थापक राजा मानिन्छ ।

हुन त वंशावलीहरूमा नेपाल संवत् चलेको समयमा पाटनमा राघवदेव र भक्तपुरमा आनन्ददेवले राज्य गरिरहेको उल्लेख भएबाट अलिकति शंका लाग्न सक्छ । तर कतिपय इतिहासकारहरूले जयदेवको अन्तिम समयतिर आनन्ददेव भक्तपुरमा राजा भएको, जयदेवको मृत्यु पछि वालार्जुनदेव केही समयसम्म राजा भई उनकै छोरा मानदेव चौथोले राज्य गरेको मानिन्छ । जून लिच्छवी सं. ३०४ तिरको घटना मानिन्छ । साढे तीन वर्षपछि अर्थात मानदेवको मृत्युपछि राघवदेव पाटनको राजा भएको र त्यस समयसम्म भक्तपुरमा

---

➲➲ शिविर व्यवस्थापन, राहत वितरणमा समन्वय र व्यवस्थापन, भग्नावशेष पन्छाउने तथा व्यवस्थापनलगायतका कार्यमा वहाँ सक्रिय पूर्वक लाग्नुभयो र साथी–भाइ र टोलवासीलाई उत्प्रेरित गर्नुभयो । त्यस क्रममा राहतका लागि प्रतिनिधिमण्डल जाने, क्षतिपूर्ति र पक्षपातको विरोधमा सम्बन्धित निकायमा प्रतिनिधिमण्डलसहित ध्यानाकर्षण गराउने कार्यमा पनि वहाँको सक्रियता रह्यो । भूकम्पको बेला चोरको बिगबिगी रोक्न टोल सुरक्षा टोलीको गठन र परिचालनको व्यवस्थापनमा पनि वहाँको योगदान रह्यो ।

गएको वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा भक्तपुर नपाको ३ वडाको वडाध्यक्ष पदमा मिलनसार, शिष्ट र मृदभाषी राजकृष्ण गोराले १६६६ मत प्राप्त गरी विजयी हुनुभयो । वहाँका निकटतम प्रतिद्वन्दीको मत ११४० थियो ।



जेंलाको पाटी

आनन्ददेवकै शासन रहेको थियो। यसै समयमा काठमाडौं इलाछेँ भीमसेन स्थान वस्ने शंखधर साखवालले आफूले पाएको अपार धनले काठमाडौं र पाटनका जनताको ऋणमोचन गरी नेपाल संवत् चलाएको मानिन्छ।

शंखधर साखवालको विषयमा हाल सम्म ऐतिहासिक अभिलेखहरू नभेटिए पनि शंखधरलाई एक व्यापारी मानिन्छ। कसै कसैले शुद्र जातिका फौवन्जा भनिएका शंखधर सर्वसाधारण नागरिक हो भन्नेमा दुईमत हुन सक्दैन। किम्वदन्तीकै आधारमा भएपनि आफूसँग भएको अपार धन सदुपयोग गरी यश कमाउन सफल **शंखधरको शालिक पशुपतिनाथको परिसरमा स्थापना हुनु** पनि कम महत्त्वको प्रमाण मान्न सकिदैन। त्यहाँ पाइएको शालिकमा हातमा शंख लिएको कारण शंखधर नामाकरण हुन गएकोमा धेरै संयोग मिल्न आउँछ।

साखवाल वा साख्वालबारे अध्ययन गर्नु पर्ने अवस्थामा नेवाः जातिमा अहिले पनि साख, सिख्वाल, सापाल जस्ता जातिहरू रहेको सन्दर्भमा शंखधरको थरबारे गहन अध्ययन हुनु पर्ने देखिन्छ। हुन त अपार धन भएका शंखधरले कान्तिपुर, पाटनका जनताको ऋणमोचन गरिदिएकै कारण साखवाल हुन गएको हुनु पर्छ। किनभने साखको अर्थ सापटी हुन जान्छ। प्राचीन कालमा यहाँ यस्तै सापटी दिने ठाउँहरूलाई साखकोठा भन्ने चलन थियो। ल्हासामा व्यापार गर्ने व्यापारी साहुमहाजनहरूको कारोवार गर्ने ठाउँलाई साखकोठा भन्ने चलन थियो। त्यसबाहेक भक्तपुर क्वाछेँस्थित साकोठालाई कसै कसैले साखकोठाबाट साकोठा भएको पनि बताउँछन्। यसै सन्दर्भमा जनताको ऋण तिरी दिने शंखधर साखवाल त हुन गएन ? प्रश्न उठ्न सक्छ।



नेपाल संवतका प्रवर्तक शंखधर साख्वा

त्यस्तै यता नेपाल संवत्को शुरुआतको तिथिमिति एवम् नेपाल संवत्को प्रवर्तकबारे पनि विवाद नदेखिएको होइन। कतिपय विद्वान लेखकहरूले राघवदेव एवं आनन्ददेव राजाहरूलाई मल्ल वंशका भनी वंशावलीमा पढी दिंदा नेपाल संवत्को शुरुवात मल्लकालमा भएको भनी लेखेको पाइन्छ। यस वंशावलीमा अभय मल्लको मृत्यु पछि जयदेव राजा भएको र उनको भाइ आनन्ददेव मल्लले भक्तपुर स्थापना गरेको उल्लेख छ। जून सरासर गलत छ। अभय मल्लको शासन काल ने.सं. ३४४ तिर देखिन आउँछ। जून कुरा भरत नाट्यम शास्त्र भन्ने किताबमा ने.सं. ३४४+८८०.१२२४ सन् लेखेबाट अभय मल्लको शासनकाल स्पष्ट हुन्छ। फेरि यता गुणकामदेव (राघवदेव पछि ३ पुस्ताको) को पालामा पाटनमा भेटिएको एक अभिलेखमा ने.सं. १०७ स्पष्टसँग उल्लेख छ। यसबाट नेपाल संवत् लिच्छवी कालमै शुरु भएको हो भन्ने स्पष्ट हुन्छ। यता विद्वानहरूले नेपाल संवत् २० अक्टोवर ८७९ सन्मा अर्थात वि.सं. ९३६ कार्तिक शुक्ल प्रतिपदाको दिनबाट शुभारम्भ भएको मानिन्छ जुन काठमाडौं उपत्यका लगायतका नेवारहरूको महान् चाड स्वन्तीको म्हपूजाको दिन पर्दछ। तसर्थ यस दिन नयाँ वर्ष मनाउने चलन छ।

अर्को एउटा गहन प्रश्न नेपाल संवत्को प्रवर्तक को हुन् भन्नेबारे पनि विवाद छ। कतिपय विद्वानहरूले नेपाल संवत् प्रचलनमा आएताका यहाँका राजा राघवदेवलाई नै यसको प्रवर्तक मान्ने गर्दछन्। कतै कतै त राघवदेवले आफ्नो बाबु मानदेव चौथोलाई हत्या गरी गद्दी हत्याएको र त्यसताका चलिरहेको मानदेव संवत्को ठाउँमा नयाँ संवत् चलाएको भन्ने गरिन्छ र पितृहत्याको कारण आफ्नो नाम नराखी पशुपतिमा शंख बोकेको आफ्नो मूर्ति स्थापना गरी शंखधर नामबाट संवत् चलाएको भनी विवाद बढाउने काम पनि भइरहेको छ। त्यसबाहेक संक्षिप्त गोपाल वंशावलीमा "राजा श्री राघवदेव वर्ष ६३ मास ६ श्री पशुपति भट्टारके संवत्सर प्रवृति कृता" भनी उल्लेख छ। यसैको आधारमा नेपाल संवत् राघवदेवले चलाएको भन्नेहरू पनि छन्। वास्तवमा माथि उल्लेखित दुवै तथ्यहरू आफैमा विरोधाभाषपूर्ण देखिन्छ। पितृहत्याको

आरोप आफू माथि लाग्ला भन्ने डरले संवत्को नाममा आफ्नो नाम नजोड्ने राघवदेवले पशुपतिनाथमा आफ्नो नामबाट संवत् चढाएको अभिलेख सायद राख्दैन होला। तर यो कुरालाई कदापि विर्सनु हुँदैन कि संखधर साखवाल एकजना सर्वसाधारण व्यक्ति भएकोले संवत् जस्तो महत्त्वपूर्ण कदम (जुन प्रतापी महात्वाकांक्षी राजाहरूले मात्र गर्न सक्छ) चाल्न त्यसवेलाका राजाको आज्ञा अवश्य चाहिन्छ होला र अभिलेखमा त्यही भएर राजा राघवदेवको नाम उल्लेख भएको हुनुपर्छ। त्यस्तै नेपाल संवत् संखधरले चलाएको भन्नेबारे प्रमाण डा. डिल्ली रमण



पाटीमा रहेको अभिलेख

रेग्मीको 'मिडियभल क्यालेण्डर अफ नेपाल' मा नेपाल सम्वत्सर साखीवाल भनी स्पष्ट उल्लेख छ। त्यस्तै वंशावलीहरूमा पनि नेपाल संवत् संखधर साखवालले नै चलाएको भनी स्पष्ट छ। त्यसबाहेक नेपाली पात्रोहरूमा नेपाल संवत्लाई संखधर नेपाली सम्बत्सर भनी उल्लेख छ। अझ कतिपय अभिलेखहरूमा समेत नेपाल संवत्लाई संखधरकृत नेपाल संवत् भनी उल्लेख गरिएको छ। २०३० सालमा डा. मोहन प्रसाद खनालले प्रकाशित गर्नुभएको "मध्यकालीन अभिलेख" भन्ने पुस्तकमा भक्तपुरको जँला टोलको एउटा पाटीमा रहेको अभिलेखले नेपाल संवत्को शुरुआत संखधर साखवालले नै गरेको हो भन्ने स्पष्ट हुन्छ। नेपाल संवत् ८२७ मा स्थापना गरिएको भूपतिन्द्र मल्लको समयको उक्त अभिलेखमा स्पष्टसँग संख्वा संवत् भनि उल्लेख छ। यसरी नेपाल संवत् शुरु भएर ८२७ वर्षपछि सम्म पनि भक्तपुरका मल्ल शासकहरूले संखधरको नाम उल्लेख गर्नुबाट पनि यो संवत्को शुरुआत संखधरले नै गरेको हो भन्ने स्पष्ट हुन्छ। उक्त पाटीको अभिलेख यसप्रकारको छ–

स्वस्ति ॥ ॐ अद्यबराह कल्पत्यादि ॥ शंखाजोग वसु
श्चैव मासि राघव कृष्णया। ब्रम्हा तिथी तस्या जीव जी
र्ण उदारत दिने ॥ अथ नेपाल भाखा शख्वा सम्व
त ८२७ बैशाख कृष्ण दशमीउत्रभद्र नक्षत्र बृ
हस्पति वार थ्व कुन्हु श्रीश्रीश्री विष्णुप्रितिन श्री २
जय भूपतिन्द्र मल्ल देव महाराजा प्रमान हाकु
भारोया बेलस चुकुति प्रमुखन मनहोल सिं जि
व त्वार नायक रामचन्द्र त्वार नायक जँलाटोल
या पन्च सकरस्यन थ्व फले जिर्णउद्धार याङा
थ्व फल सुना नं कचंगल उपद्रव याङा व सेन क
रसा पन्चमहापातक, जँला टोलया लोकनं वि
चार याङाव सल्हा आदिन याङाव यातसा श्री ३
शिवलीं थापना याङाया पुण्यलाक ॥ शुभ ॥

भक्तपुर नगरको जँला टोल दत्तात्रय मन्दिरको पछाडि एउटा लामो गल्ली दक्षिणतीर सोझै परेको गल्ली छ। यहाँ इनाचो र सूर्यमढीबाट पनि पुग्न सकिन्छ। दत्तात्रय मन्दिर पछाडिको मक्व गल्लीबाट सोझै माहेश्वरी पिठ जाने बाटोको मध्य भागमा अलि खुल्ला ठाउँमा नारायण मन्दिर, गणेश भीमसेन मंक द्यः लगायतका देवदेवीहरूको साथ दक्षिण पूर्व मोहडा भएको एउटा पाटी छ। सोही पाटीमा दक्षिणाभिमुख यो शिलापत्र छ। जुन १३ हरफको छ। यो शिलापत्रअनुसार राजा भूपतिन्द्र मल्लले भक्तपुरमा राज्य गरिरहेको समयमा भक्तपुरका प्रमान हाकु भारोको पालामा जँला टोलका टोल नाईके मनहोरसिंह र रामचन्द्रले जँला टोलवासी सबै मिली यो पाटीको जीर्णोद्धार गरेको ब्यहोरा परेकोछ। यस शिलापत्रको सबैभन्दा महत्त्वपूर्ण बुँदा हरफ ३ मा उल्लेख **शंख्वा सम्वत** नै हो। नेपालमण्डलभित्र हालसम्म भेटिएको शिलापत्र, ताडपत्र, दानपत्र, स्वर्णपत्र, तमसुकलगायत हरेक लिखित प्रमाणमा लिच्छवी सम्वत, अशुंवर्मा सम्वत, शक सम्वतहरू शुरुमा आएको र मध्यकालदेखि नेपाल सम्वत् प्रयोग भएकोमा दुईमत छैन। यहाँ देखिएको ८२७ बैशाख कृष्ण दशमी पनि नेपाल सम्वत नै हो। जतिबेला भक्तपुरमा भूपतिन्द्र मल्लले राज्य गरिरहेको इतिहास साक्षी छ। तर उक्त शिलापत्रमा नेपाल सम्वत भनिएको छैन। बरु पहिलो पटक शंखा सम्वत लेखियो। भक्तपुरको राजा भूपतिन्द्र मल्ल हरेक क्षेत्रमा तत्कालीन समयमा कान्तिपुर

र ललितपुरभन्दा अगाडि आउन सफल राजा हुन्। यस क्रममा उनी नेपाल संवत्को शुरुआत गर्ने शंखधर साख्वाको योगदानलाई राज्यस्तरबाट सम्मान गर्ने काम गर्न भूपतिन्द्र मल्ल अगाडि आए। यसको लागि ८२७ वर्ष लाग्यो। र भूपतिन्द्र मल्लको यो कदमको उठान गर्न वि.सं. २०३० सालसम्म कुर्नुपर्यो। आज नेपाल संवत् शुरु भएको ११३७ वर्ष नाघिसकेको यो दिनमा हामी त्यसबारे चर्चापरिचर्चा गर्न बाध्य छौं। यो अत्यन्तै दुख लाग्ने विषय हो। अर्कोतिर ११३७ वर्षको त्यो लामो समयपछि भएपनि नेपाल संवत्का प्रर्वतक शंखधर साख्वाको विषयमा दरिलो प्रमाण सबैको सामु आउनु अति नै सन्तोषको विषय हो। अन्य भन्दा पनि भक्तपुरको त्यस्तो ठाउँमा यो शिलापत्र रहेको छ जुन ठाउँको इतिहास सदैव शानले ओतप्रोत रह्यो। जँला टोलको इतिहासमा वाँचु हिटी सदैव पवित्र ढुङ्गेधारा मानिन्छ। जँला **टोलको मा टोल**को रूपमा वाँचु त्वले चिनिएको यो टोल पवित्र निर्मल ठाउँ भएको कारण भक्तपुर राज्य भित्र पनि यो टोल स्वतन्त्र ठाउँ बन्न सफल थियो। तत्कालीन वाने लायकुको उत्तरमा क्वाठण्डौ सामरिक गढ रहे झैं दक्षिणमा जँलाले त्यो भूमिका निभाएको देखिन्छ। भक्तपुरको इतिहासमा सर्वप्रथम यही जँला टोलवासीले जनस्तरबाट नाटक मञ्चन गरेको प्रमाण छ। यता राजा रणजित मल्लको समयमा यही जँला टोलवासीहरूले रामायण नाटक देखाई भएको आम्दानीले माहेश्वरी मन्दिरको गजुर फेरेको उल्लेख छ। जँलापाटी जीर्णोद्धार गरेको अवसरमा शंखा सम्वत उत्किण गर्न तत्कालीन राजा भूपतिन्द्र मल्ल, प्रधानमन्त्री हाकुभारो, अन्य मन्त्री चुकुति र मनोहरसिंहलगायत जँला टोलका **जीव टोलनाईके,** रामचन्द्र नाईके र जँलाटोलवासीको ठूलो भूमिका रह्यो। यसको प्रमाण आजसम्म पनि यो टोलको मध्यभागमा रहेको यो शिलापत्र सहितको पाटीले दिइरहेको छ।


# नगरपालिका

## नगरवासीहरूको संस्था हो।

## कर दाताहरूले समयमै कर बुझाऔं नगरको विकासमा सघाऔं।

## भक्तपुर नगरपालिका

(कर शाखा)


# हार्दिक बधाई तथा शुभकामना



**अस्मिता दुवाल**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
बक्सिङ प्रशिक्षणका
प्रशिक्षार्थी खेलाडी अस्मिता दुवाल
भारतको गुआहातीमा नोभेम्वर १९-२६ मा हुने
AIBA YOUTH WOMEN'S WORLD BOXING CHAMPIONSHIP 2017 मा
४९ केजी समूहको खेलमा नेपालको प्रतिनिधित्व गर्न
छनौट हुनु भएकोमा
हार्दिक बधाईका साथै सफलताको लागि शुभकामना !

**भक्तपुर नगरपालिका परिवार**

**भक्तपुर** मासिकलाई
लेख रचनासँगै सम्बन्धित
तस्वीरहरू दिई सहयोग गर्नुहोस्।
**e-mail :** bhaktapurmasik@gmail.com

# s d lgi7x?sf] ;Qfnf]hk u7aGwg

**प्रकाश नेपाल**

फुट्नुभन्दा जुट्नु राम्रो, झगडा गर्नुभन्दा मिल्नु राम्रो-धेरैलाई यस्तै लाग्छ । सतही रूपमा हेर्दा यो खराब कुरा पनि होइन । तर किन, के का लागि र कस्ता जुटे-मिले भन्ने कुरा नबुझी आहा ! सुखद !! भन्न थाले भने त्यो जुटाइ र मिलाइ अभिशाप र प्रत्युत्पादक पनि हुनसक्छ ।

सन्दर्भ वाम वा कम्युनिस्ट गठबन्धन भनिएको एमाले, माओवादीलगायतका पार्टीहरूको 'मेलमिलाप' हो । एमालेले माओवादीसँग गठबन्धन गरेकोलाई वाम गठबन्धन भनिएको छ तर माओवादी सत्तापक्ष हो- यसमा कुनै विवाद छैन । प्रतिपक्षका एमाले र सत्तापक्षका माओवादीको गठबन्धनलाई वाम गठबन्धन भन्नु सुबुद्धिको हो कि कुबुद्धिको परिचय अथवा अज्ञानता र मूर्खताको प्रदर्शन हो ? वस्तुतः सत्तापक्ष र प्रतिपक्षको गठबन्धन संसदीय अभ्यासको विकृति हो, राजनीतिक चरित्रको स्खलन हो, प्रजातन्त्रलाई कमजोर पार्ने षडयन्त्र हो । यस्तो गठबन्धन गरेर माओवादी सत्तापक्षबाट र एमाले प्रतिपक्षको कर्तव्यबाट च्यूत भएको प्रमाण हो । राजनीतिक संस्कार र चरित्र, प्रजातान्त्रिक मूल्य-मान्यता, सत्तापक्ष र प्रतिपक्षको संसदीय व्यवस्थाका आधारभूत तत्वलाई ध्वस्त पार्ने जालसाजी हो । त्यसैले राजनीति, प्रजातन्त्र, संसदीय व्यवस्थाको मर्म र चरित्र, सिद्धान्त र व्यवहार बुझेका सबैले गठबन्धनलाई सकारात्मक रूपमा लिएका छैनन्, कतिपयले त निन्दा र भर्त्सनासँगै विरोध गर्नुपर्छ भनेका छन् र गरेका पनि छन् ।

तर विडम्वना ! राज्यको चौथो अङ्ग र प्रजातन्त्रका पहरेदार भनिएको पत्रकारिता अर्थात सञ्चार क्षेत्रले विभिन्न नेता र व्यक्तिहरूबाट त्यस गठबन्धनका बारे थुप्रै टीकाटिप्पणी गरायो, समर्थन र विरोध गरायो तर आफ्नो तर्फबाट प्रतिक्रिया दिन, राजनीतिक, प्रजातान्त्रिक, संसदीय व्यवस्थाको मूल मर्म र चरित्रलाई जोगाउने कार्यमा दायित्व पुरा गरेको भेट्टाउन कठीन भयो । सञ्चारमाध्यमहरू पढ्दा, हेर्दा र सुन्दा केवल समाचार प्राप्त भएकोमा मख्ख परेको अनुभव भयो, साँच्चै भन्ने हो भने बेल पाकेर कागलाई हर्ष न विस्मातको चरित्र प्रदर्शन गरेको महसुस भयो । यस जटिल अवस्थामा राज्यको चौथो अङ्ग कर्तव्य निर्वाहमा चुक्यो भन्दा अन्यथा हुने छैन ।

कथित वाम गठबन्धनलाई कतिपयले कम्युनिस्ट गठबन्धनको समेत संज्ञा दिएका छन् । एमाले र माओवादीले आफूलाई नेपालको कम्युनिस्ट राजनीतिको मूलधार दाबी गरे पनि दर्शन, सिद्धान्त, विचार, नीति, व्यवहार, अनुशासन, चरित्र, ..... कुनै दृष्टिले पनि कम्युनिस्ट नरहेको विश्लेषण, तथ्य र प्रमाण सार्वजनिक रूपमा प्रशस्तै आइसकेका छन् । पत्रपत्रिका अर्थात सञ्चार माध्यममा आएका ती कुराबाटै धेरैले तिनीहरू नामले मात्र कम्युनिस्ट हुन् यथार्थमा पूँजीवादी पार्टी नै भएको ठहऱ्याइसकेका छन् । एमाले र माओवादी स्वयं एकले अर्कोलाई कम्युनिस्ट मान्न तयार नभएको र नमानेको कुरा पनि पत्रपत्रिकाले थाहा दिएको हो । तर तिनै पत्रपत्रिका अर्थात सञ्चार माध्यमले एमाले-माओवादी गठबन्धनलाई 'कम्युनिस्ट गठबन्धन' भन्छ र लेख्छ भने त्यसलाई राज्यको चौथो अङ्गले पाठक र श्रोता अर्थात जनतालाई झुक्यायो, भ्रमित पाऱ्यो, पीत पत्रकारिता गऱ्यो भन्दा के अतिशयोक्ति हुन्छ ? राज्यको चौथो अङ्ग कटुवाल होइन, जाने बुझेसम्म कटुवालको भन्दा राज्यको चौथो अङ्गको काम-कर्तव्य, दायित्व र जिम्मेवारी आकाश-जमिनको फरक हुन्छ भन्ने कुरा बुद्धिजीवीहरूलाई सम्झाइरहनु पर्छ जस्तो लाग्दैन, तर .... ।

एमालेले भारतको नाकाबन्दी यता 'राष्ट्रवादी' को कल्की भीरेर नाक फुलाउन थालेको छ । उसलाई 'राष्ट्रवादी' बनाउन प्रत्यक्ष-परोक्ष देशभक्त पार्टी र नेताहरूले के कति भूमिका खेलेका थिए ? त्यो कुनै दिन प्रकाशमा आउने छ । तर राष्ट्रघाती महाकाली सन्धिलगायतका विगतदेखि वर्तमानसम्मका थुप्रै राष्ट्रघातमा एमालेको भूमिका र काम-कारबाहीमा ऊ भारतीय विस्तारवाद र एकाधिकार पूँजी, थिचोमिचो र अतिक्रमण विरोधी कतै देखिएको छैन, सहायक र सहयोगी नै सावित भएका छन् । माओवादीको कुरै गर्न परेन । ऊ कति भारत परस्त छ भन्ने कुरा कथित जनयुद्ध र शान्ति प्रक्रियामा आउँदाका घटनाहरूबाट जगजाहेर छ । यसरी भारतका 'प्रियपात्र' एमाले र माओवादीको यो 'राम-भरत' मिलाप किन र केका लागि भएको छ ? के नेपाल र नेपालीको हित, विकास र समृद्धिको लागि मिलाप गराएको होला ? हामीलाई थाहा छ विस्तारवादी भारतले नेपाल र

नेपालीको हितमा गतिविधि गर्न थाल्यो भने सूर्य पूर्वबाट होइन पश्चिमबाट उदाउन थाल्छ। भूकम्पबाट थलिएको बेला मानवोचित व्यवहार गर्नुको साटो नाकाबन्दी लगाएर अमानवीय र शत्रुको व्यवहार गर्ने भारतले आफ्नो अभीष्ट पूरा गर्न होइन नेपाल र नेपालीको हितमा कम्युनिस्टहरूलाई बलियो र सशक्त बनाउने काम गर्छ वा गऱ्यो भनी कसैले सोच्छ भने त्यो राजनीतिक, बौद्धिक, सचेत र बुझकी व्यक्ति हुन सक्दैन। केवल महामूर्ख र पटमूर्खमात्र सावित हुन्छ। साम्राज्यवादी, पूँजीवादी, विस्तारवादीलगायतका देश वा सरकारले यसरी कम्युनिस्ट पार्टीहरूलाई संगठित, सशक्त र गठबन्धन गराएको या गराउन थालेको सोच्नेलाई अझ मानसिक सन्तुलन गुमाइसकेको ठाने पनि अन्यथा हुने छैन।

राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैन भन्ने थेगो प्रशस्तै सुनिएको छ। यसलाई व्यवहारमा पनि धेरै देखिएको छ। नीति र विचारको भिन्नताले त्यस्तो भनिए र देखिए पनि धोखा दिने र बेइमानी गर्ने पनि मित्र हुन्छ ? नेका, एमाले, माओवादी र राप्रपाबीच एक आपसमा त्यस्ता धोखा र बेइमानीको सम्बन्ध धेरै पटक दृष्टिगोचर भएको हो। हिजो धोखा दिने र बेइमानी गर्ने अब सज्जन र इमानदार भएको विश्वास के को आधारमा गर्ने ? त्यस्तै कुर्सीको लागि तँछाड मछाड गर्दै तीन हातको ऱ्याल चुहाउनेहरू, आफ्नै नेताको खुट्टा तान्ने र अन्तरघात गर्नेहरूको यो गठबन्धनको आधार के काँचो धागोभन्दा बलियो होला ? दिएको खाने र अह्राएको गर्ने चरित्र र संस्कारले मात्र होइन पर्दा पछाडिका मालिकको स्वार्थपूर्ति नभएसम्म मात्र गठबन्धनले निरन्तरता पाउने कुरामा कुनै शंका छैन।

कथित कम्युनिस्ट गठबन्धन भएयता नेपाली कांग्रेस, राप्रपा, मधेस केन्द्रित दलहरू तिर्मिराएको देख्दा भने रमाइलो लागेको छ। तिनीहरू एमाले-माओवादी गठबन्धनले लोकतन्त्र ध्वस्त हुने, साम्यवाद आउने जस्ता अभिव्यक्ति दिन थालेका छन्। यदि एमाले र माओवादी सच्चा कम्युनिस्ट भएको भए पूँजीवादी व्यवस्थाको आयु छोटिने अनि शोषण, भ्रष्टाचार, पक्षपातलाई सुशासनको संज्ञा दिने पूँजीवादी व्यवस्था ध्वस्त हुने कुरामा शंका गर्नु पर्दैन। कम्युनिस्टहरूको जन्म नै पूँजीवादी व्यवस्थालाई ध्वस्त पारी कामदार वर्गको राज्य व्यवस्था ल्याउन भएको हो। तर एमाले र माओवादी पटक पटक सरकारमा गइसकेको छ, सत्तामा बसेर तिनीहरूले वर्ग संघर्षलाई कति विकास गरे ? समाजवाद र साम्यवादको लागि के कति काम गरे ? नेका र राप्रपाले भन्दा फरक काम के गरे ? जनताको रगत पसिनाबाट जम्मा भएको राज्यकोषमा ब्रम्हलुट मच्चाउनमा प्रतिस्पर्धा गर्नु बाहेक देश र जनताको व्यापक हितमा ठोस काम के गरे ? पञ्चायती नीतिलाई नेकाले, नेकाको नीतिलाई एमाले र एमाओवादीले पछ्याएको र निरन्तरता दिएको, सत्तामा जाने सबै दलहरू आपसमा भाग बन्डामा लिप्त भएको तथ्यमा कसैलाई भ्रम छैन। त्यसैले नेकालाई भाइ पञ्च र एमाले र माओवादीलाई भाइ कांग्रेस भनिएको हो। सारमा कम्युनिस्टको बिल्ला भिरेर एमाले र माओवादीले सत्तामा बसेर होस् या प्रतिपक्षमा बसेर पूँजीवादी व्यवस्थालाई नै मलजल गरेका थिए र गरिरहेका छन्। तब कसरी लोकतन्त्र ध्वस्त हुन्छ र समाजवाद र साम्यवाद आउँछ ? प्रजातन्त्रको छ्यान नभएकाहरूको कथित लोकतान्त्रिक गठबन्धनका नेताहरूले गरेको हल्ला निराधार भएको तथ्य राजनीतिमा रुची राख्नेहरू सबैलाई थाहा छ।

अर्को तथ्य समाजवाद र साम्यवाद संसद वा चुनावबाट आउँदैन र आएको छैन। दोश्रो एमाले र माओवादी पार्टी कम्युनिस्ट नभई पूँजीवादी पार्टी भएकोले त्यो हल्ला नेका वा राप्रपाले साम्यवाद ल्याउँछ भन्नुजत्तिकै मूर्खतापूर्ण छ। यदि एमाले र माओवादी कम्युनिस्ट भएको भए, संसद वा पूँजीवादी सरकारमा गएर समाजवाद ल्याउन सकिने वा आउने भए आजको मितिमा नेपाल 'समाजवादी नेपाल' भइसक्थ्यो। किनभने विगतमा संसदमा कम्युनिस्टहरूको बहुमत भएको कुरा पत्रपत्रिकाले तथ्याङ्कसहित दिएका थिए, सरकारमा एमाले र माओवादी पटक पटक पुगेका थिए र संयुक्त रूपमा पनि पुगेका थिए, अझ राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र सरकारसमेत एमाले र माओवादीको बनेको थियो। यदि आउने भए त एकपटक होइन धेरै पटक समाजवाद आइसक्नु पर्थ्यो। तर समाजवाद आउने कुरा छाडौं तिनीहरू सत्तामा पुगेर कम्युनिस्ट आन्दोलन विकास हुनुको साटो भ्रष्टाचार, कमिशनतन्त्र, तस्करी, कालो बजारमा लिप्त हुन पुगे। तिनीहरूले 'रातो झन्डाको विरोध गर्न रातो झन्डा उचालेको' मात्र प्रमाणित भएको छ।

त्यस्तै कथित लोकतान्त्रिक गठबन्धनका दलहरू पनि धेरै पटक सत्तामा पुगे तर पूँजीवादी प्रजातन्त्रका न्यूनत्तम आचरण पनि प्रदर्शन गर्न सकेनन्। साँच्चै भन्ने हो भने प्रजातन्त्रको बद्नाम गर्ने बाहेक केही गरेनन् भन्दा ९९.९९ प्रतिशत सत्य ठहरिनेछ। त्यसैले यथार्थ एमाले र माओवादी गठबन्धन वा नेका-राप्रपालगायतको गठबन्धन न वाम वा कम्युनिस्ट गठबन्धन हो न त लोकतान्त्रिक गठबन्धन हो। ती गठबन्धन केवल सत्तालोलुपहरूको अराजनीतिक, असंसदीय, सिद्धान्त र विचारहीन गठबन्धन हो। काले काले मिलेर भाले खाने गठबन्धन हो। यहाँनिर बुझ्नु पर्ने अर्को तथ्यचाहिं भाले खाने को हो ?

नागरिक भावना

# संरक्षण

हेमन्त

महिना कार्तिकको थियो। जाडो महिना भए पनि गर्मीको आभास बाँकी थियो। फाँटमा धानका बालाहरू शिर निहुर्‍याउँदै लहलह झुलिरहेका थिए। सधैँजसो बिहान खुल्ला फाँटमा घुमघाम गर्ने समाजसेवी रामदाइ आज फाँटतिर नगइ नगरभित्रका मन्दिरहरू र देवताका मूर्तिहरू दर्शन गर्दै आफ्नै टोलको पाटीमा बसेर मनमा कुरा खेलाउँदै थिए। बाटोमा आवत जावत गर्ने बटुवाहरूको नमस्कार फर्काउँदै उनी कहिले मुसुक्क हाँस्थे त कहिले कता हो भाइ ! आरामै हुनुहुन्छ भन्दै बसी बियाँलो गर्थे। फेरि एक्लै हुन थालेपछि मनमा कुरा खेलाइ हाल्थे। राम दाइले मनमा कुरा खेलाइरहेको उनको अनुहारबाटै स्पष्ट थाहा हुन्थ्यो।

–"ओहो, राम दाइ ! आज त बिहानैदेखि पाटीमा आराम गरिराख्नु भो त, कता पुगेर आउनु भो एकाबिहानै ?" बजारतिर किनमेल गरी फर्केका न्हुँछे मार्साबले सोधे।

–"अँ मार्साब यसो मन्दिरहरू दर्शन गर्दै आएको नि ! अनि मार्साब कहाँ पुगेर आउनु भो त ?"

–"म पनि यसो बजारतिर तरकारी सरकारी किनेर फर्क्या हो राम दाइ। के गर्ने, समयमै विद्यालय पुग्नु परिहाल्छ जहिल्यै यी यस्तै हतारो हुन्छ। "

–"राम दाइ, आज बडो आश्चर्य भो त !" मार्साबले आश्चर्यको भावमा बोले।

–"किन के भो र मार्साब ?" राम दाइले पनि आश्चर्यकै भावमा प्रश्न गरे।

–"सधैं ढुङ्गाको मूर्तिलाई पूजा गर्दैमा स्वर्ग पुगिन्छ र भन्ने मान्छे आज आफैं मन्दिरभित्रका मूर्तिहरू दर्शन गर्दै हिँडेको कुरा सुन्दा मान्छेलाई आश्चर्य लाग्दैन त ?" मार्साब खित्का छोडेर हाँसे।

–"त्यसरी हाँस्नु पर्दैन मार्साब ! नगरभित्रका सम्पूर्ण मूर्ति र मन्दिरहरू चहार्दै आएको सत्य हो। ती मूर्ति र मन्दिरहरूको अवस्था देख्दा मलाई साह्रै चिन्ता पो लाग्यो त कुरा बुझ्नुभयो ?"

–'लौ, जसलाई त ईश्वरप्रति आस्थै छैन उसैलाई मूर्तिको चिन्ता ?' झन् आश्चर्य ! राम दाइको विचार परिवर्तन भयो कि क्या हो ? जतिसुकै नास्तिक भए तापनि बुढो हुन थालेपछि ईश्वरको भक्ति नगरी छोड्दैनन् भन्छन् मानिसहरू, हो कि क्या हो। राम दाइले भौतिकवादी विचार त्यागेछन् क्यारे !.......... मार्साब कल्पनामा डुब्दै आफू आफैँमा बोल्न थाले।

–"ओ, मार्साब ! के भो, किन बरबराउनु भएको ?" मार्साबलाई झक्झक्याउँदै राम दाइले प्रश्न गरे।

–"अँ......, आश्चर्यमा परेँनि दाइ। बरु कहिलेदेखि विचार बदल्नुभयो ? ईश्वरकै लीला भन्छन्।" झसङ्ग हुँदै मार्साब बोले।

–"मैले विचार बदलेको छैन मार्साब। मृत्युपछि स्वर्ग र नर्क जाने कुरामा मलाई विश्वास छैन। सत्य यही जीवन हो। सत्य यो ब्रम्हाण्ड हो। मृत्युपछि कसैको जीवनको अस्तित्व रहँदैन। मृत्युपछि अस्तित्वमा रहने त विचार तथा कृतिमात्र हो। भगवान त असल काम गर्ने जोकोही पनि बन्न सक्छन्।" राम दाइले दार्शनिक विचार व्यक्त गरे।

–"त्यसो भन्ने व्यक्ति किन मूर्ति र मन्दिरको दर्शन गर्दै हिँड्नुभएको त ?" मार्साबले ठाउँमै प्रश्न गरे।

–"मार्साब पनि ! कुरा नबिर्सनुस्, जसले समाजको हितको लागि योगदान गर्छ, उसैलाई मान्छेले ईश्वर मान्छन्। कलाकारहरूले उसैको प्रतिमा स्थापना गर्छन्। कलाकारहरूबाट बनाइएका त्यस्ता प्रतिमाहरू देशका सम्पदा हुन्। त्यस्ता सम्पदाहरूको अध्ययनबाट इतिहास बुझिन्छ। हामीले मूर्ति पूजा गर्ने होइन बरु ती इतिहास पुरुषका गुण

---

➲➲ कथित वाम र लोकतान्त्रिक गठबन्धन समाजवादको लागि या प्रजातन्त्र सुदृढ र संस्थागत गर्न होइन सत्तामा पुग्न नै हो। अहिले तिनीहरू एउटा रोटीको लागि दुई विरालो झैं ड्याररररर ङुरर गर्न थालेका छन्। अब एउटा बाँदर आउने छ, त्यसले रोटी बाँड्ने छ, अन्तमा सबै रोटी खाने छ। कथित वाम र लोकतान्त्रिक गठबन्धनको नियति त्यही हो। यसैमा देशका सम्पूर्ण देशभक्त, सच्चा कम्युनिस्ट र इमानदार प्रजातन्त्रवादीहरूलाई चिन्ता छ। समाजवाद र प्रजातन्त्रप्रति नै कम निष्ठहरूको यो गठबन्धन वस्तुतः विस्तारवादी भारतले बाँदरले सबै रोटी खाए झैं हाम्रो देश नै खाने षडयन्त्रको सिलसिला वा कडी हो। भारतीय शासक वर्गको इशारामा कठपुतली झैं नाच्ने कथित कम्युनिस्ट र लोकतन्त्रवादी पार्टीहरूलाई जनताले समय मै चिन्न सकेन भने देश र जनताको लागि परिणाम घातक हुनेछ। यसका साथै भारतको इशारामा नाच्ने र आशीर्वादमा रमाउनेहरूले भिन्द्रानवाले, लेण्डुप, पार्क चुङ ही, सद्दाम ... को नियति स्मरण गरे जीवनमा घाटा हुने छैन। भोलि पछुताउनुभन्दा आज बुद्धि पुऱ्याउनु उत्तम हुन्छ– सबैलाई चेतना भया !

र दोष छुट्याई आफ्नो व्यवहारमा परिणत गर्नुपर्दछ। हामीले हाम्रा मातापिताले दिनुभएको अर्तिलाई बेवास्ता गरी दिनदिनै मातापिताको प्रतिमा बनाइ पूजामात्र गरिरहे त्यसको परिणाम के होला ? मेरो विचारमा परिणाम शून्य हुन्छ। त्यस कारण मातापिताले आफ्ना सन्ततिहरू ठीक ठीक ठाउँमा पुऱ्याउनको निम्ति दिएका अर्तीलाई सन्ततिले व्यवहारमा लागु गरे निश्चय पनि मातापिताका इच्छा पुरा हुन्छन्। सन्ततिहरू पनि सही ठाउँमा पुग्छन्। परिवार राम्रो हुन्छ, बुझ्नु भो मार्साब म के भन्दै छु ?" मार्साब चुप्प लागेर सुनिरहे। अन्तमा राम दाइको विचारलाई समर्थन गर्दै भने

–"हो राम दाइ ! तपाईले भन्नुभएको कुरा मनासिब छ। अर्ती उपदेशलाई व्यवहारमा परिणत नगरी मात्र पूजा गर्नाले समाजलाई केही फाइदा छैन।"

–"म बिहानको घुमघामको लागि खुल्ला फाँटतिर जाने गर्थें तर आज भक्तपुरका टोलटोल घुमें, मन्दिर–मन्दिर घुमें, मन्दिरभित्रका मूर्तिहरू अवलोकन गरें तर मैले अवलोकन गरेका मूर्तिहरूको अवस्था देख्दा साह्रै चित्त दुख्यो। हामीले मूर्ति बनाउने कलाकारको अपहेलना गऱ्यौं जस्तो अनुभव भयो मार्साब, के गर्ने ? हामीले नगरमा बसेर पनि नगरका सम्पदाहरू जोगाउन सकेका रहेनछौं।" राम दाइले एकाएक गम्भीरता पोखे।

–"त्यस्तो के भो राम दाइ र ती सम्पदाहरू के भएका छन् र ?" मार्साबले उत्सुकता पूर्वक प्रश्न गरे।

–"मार्साब ! म मूर्तिलाई पूजा गर्दिन। सँस्कार र चलन धान्न पूजा गरे पनि त्यसबाट धर्म पाइन्छ भन्ने मलाई विश्वास छैन तर ती मूर्तिहरूको संरक्षण गर्नुपर्छ भन्ने लाग्छ मलाई। मूर्तिहरु संरक्षण गर्नु भनेको कलाकारहरूको सम्मान गर्नु हो। आज मन्दिरहरू घुम्दै गर्दा मैले धेरै मूर्तिहरू क्षत विक्षत भएको पाएँ। कुनै मूर्तिको हातखुट्टा, कुनै मूर्तिको टाउको त कुनै मूर्तिको स्वरूप नै नचिनिने गरी खुइलिएको र कुनै मूर्तिको निधारै प्वाल परेको पाएँ। के यो हामीभित्रकै गैरजिम्मेवारीपनाको उपज होइन ? के यो हाम्रो लापर्वाही होइन ?" राम दाइले साह्रै चित्त दुखाएर मनको भावना व्यक्त गरे।

– "तपाईंको कुरा सत्य हो राम दाइ ! मैले पनि त्यस्ता मूर्तिहरू धेरै देखेकोछु तर तपाईंमा जस्तो गम्भीरता ममा आएन।"

–"अझै पनि हाम्रो भक्तपुरमा राम्रा राम्रा मूर्तिहरू धेरै बाँकी छन्। त्यसलाई संरक्षण गर्न हतार भइसकेको छ। स्थानीय तहलाई सम्पदा संरक्षणको लागि हामी नगरवासीले अनुरोध गर्नै पर्ने भएको छ। पूजाको नाममा मूर्तिमा टीका मात्रै लगाइ दिनदिनै हातले छुँदा निश्चय पनि मूर्तिहरु यसरी नै बिग्रनेछन्। त्यसकारण सारा नगरवासीहरूमा मूर्ति हातले छुनु हुन्न भन्ने भावना जागृत गराउन अगाडि बढौं हुन्न र मार्साब ?"

राम दाइको भावनामा मार्साब नतमस्तक भए। बिहानपखको घामका किरण पाटीको पेटी हुँदै राम दाइको मुहारमा पर्न थाल्यो र राम दाइले पाटीबाट बिस्तारै उठ्दै बिदा मागे– "जाऊँ त है मार्साब, अबेला भयो।"

मार्साबको ध्यान भने पाटीसँगैको मूर्तिमा थियो। स्थिर भैरवको मूर्तिले पनि एकटक मार्साबलाई नै हेरे झैंथियो। राम दाइ पर पुगेपछि बल्ल झस्किँदै मार्साब पनि तरकारीको थैलो बोक्दै घरतिर लागे।

# आगलागी नियन्त्रणसम्बन्धी अभिमुखीकरण सम्पन्न

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजना तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वारुण यन्त्रका कर्मचारीहरूको संयोजन एवं साफर नेपाल र भेरिन नेपालको प्राविधिक सहयोगमा असोज २७ गते वडा कार्यालयको सभाकक्षमा स्थानीय वडावासी गृहिणी, शिक्षक तथा समाजसेवीहरूलाई आकस्मिक आगलागी नियन्त्रणसम्बन्धी अभिमुखीकरण सम्पन्न भयो।

कार्यक्रमको समापन सत्रलाई सम्बोधन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विपद डाकेर नआउने उल्लेख गर्दै आगलागी नियन्त्रणबारे आफूले सिकेको ज्ञान र सीप व्यवहारमा प्रयोग गर्न सके समाजको हित हुने बताउनुभयो।

उहाँले नगरपालिका जनताको कार्यालय भएकोले जनताको हितका गतिविधिलाई नै नगरपालिकाले प्राथमिकतामा राख्ने प्रष्ट पार्नुभयो।

वडाध्यक्ष रविन्द्र ज्याख्वले आगलागी नियन्त्रणबारे वडावासीहरूलाई जनचेतना जगाउने कार्यक्रम गर्न सहयोग गरेकोमा प्राविधिक टोलीलाई धन्यवाद ज्ञापन गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रजापतिले प्रशिक्षकहरूलाई मायाको चिनो र प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो। त्यस्तै प्राविधिकहरूको टोलीले नगरपालिकालाई आकस्मिक अग्नि नियन्त्रक सामग्री हस्तान्तरण गरेको थियो।

अभिमुखीकरण कार्यक्रममा आगलागी नियन्त्रणसम्बन्धी सैद्धान्तिक कक्षासँगै खुल्ला स्थानमा प्रयोगात्मक सीप पनि सिकाइएकोले प्रभावकारी रहेको स्थानीय सन्तेमाया गाइजूले बताउनुभयो।

# y]; xfN8-dt ;Ldf_M lg/+s'ztf kmsf{pg]if8oGq

विवेक

नेपालको संविधान २०७२ लागू भएको दुइ वर्ष वित्यो। संविधान अनुसार स्थानीय तहको निर्वाचन भर्खर सम्पन्न भयो। प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन कार्तिकको १० र २१ गते हुँदैछ। स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनपछि संविधान कार्यान्वयनको एक चरण पूरा हुनेछ। स्थानीय तहको निर्वाचनमा जनताको उत्साहप्रद सहभागिताले जनता निर्वाचनको लागि कति आतुर छन् भन्ने संदेश दिएको छ।

निर्वाचन घोषणा हुनु अघि नै निर्वाचनका लागि आवश्यक कानूनहरू निर्माण गरी सक्नुपर्ने थियो तर निर्वाचनको घोषणापछि हतारहतार कानून बनाउने हाम्रो परम्परा जस्तै बनेको छ। स्थानीय तहको पहिलो चरणको निर्वाचन भएको पाँच महिना वित्यो। स्थानीय तह संचालन सम्बन्धी कानूनमा भर्खर राष्ट्रपतिबाट प्रमाणीकरण भयो। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्बन्धी ऐन बन्यो। ऐनमा प्रतिनिधिसभामा समानुपातिकतर्फ कुल सदर मतको ३ प्रतिशत र प्रदेशसभामा १.५ प्रतिशत मत प्राप्त गर्न नसकेको दललाई राष्ट्रिय दलको मान्यता नदिने र त्यसता दलहरूबाट प्रतिनिधिसभा र प्रदेशसभामा समानुपातिकबाट प्रतिनिधित्व नगराइने प्रावधान राखियो। नेपाल मजदुर किसान पार्टीलगायतका दलहरूले त्यस प्रजातन्त्र विरोधी निरंकुशता फर्काउने षडयन्त्रको शुरुदेखि नै विरोध गर्दै आएका छन्। नयाँ बादशाहहरू दलहरूको विरोधलाई बेवास्ता गर्दै अगाडि बढे र अन्ततः मत सीमाको बन्दोबस्त गरेरै छाडे।

पूँजीवादीहरू आफ्नो स्वार्थ पूरा गर्न प्रजातन्त्र, लोकतन्त्र तथा गणतन्त्र जस्ता शब्दहरूको प्रचार गर्ने गर्छन्। ती शब्दहरू सुन्नमा अत्यन्त कर्णप्रीय लागे पनि देखाउने दाँतमात्रै हुने गर्छन्। सं.रा.अमेरिकाले इराक, लिबिया, अफगानिस्तानलगायतका देशहरूमा आक्रमण गर्नु अघि ती देशहरूमा प्रजातन्त्र, मानव अधिकार र व्यक्तिगत स्वतन्त्रता नभएको प्रचार गरेर हस्तक्षेप गरे जस्तै मात्र हुन्।

प्रजातन्त्रको अर्थ विचारको स्वतन्त्रता हो र विभिन्न विचारहरूबीच प्रतिस्पर्धा गर्ने अवसर हो। टाउको गिन्तिलाई नै महत्त्व दिने हो भने पंचायती व्यवस्था र वर्तमान गणतान्त्रिक व्यवस्थाबीच कुनै फरक हुने छैन। पंचायती व्यवस्थामा पनि पंचहरूको लागि पूर्ण प्रजातन्त्र थियो वा स्वतन्त्रता थियो। सभा सम्मेलन गर्ने, प्रकाशन गर्ने, भेला हुने आदि सबै प्रकारका गतिविधि गर्न तिनीहरूलाई छुट थियो। तर पंचायत इतर पार्टीहरूले त्यही काम गरेको खण्डमा 'अराष्ट्रिय तत्व' को आरोप लगाएर कार्वाही गर्थ्यो, जेलनेलको सजायँ दिन्थ्यो। त्यसकारण नेपाली जनताले पंचायती निरंकुशता विरुद्धसंघर्ष गर्नु परेको थियो । पंचायती व्यवस्था समाप्त भयो। जनताले संविधान र कानूनभन्दा माथि बसेको राजालाई कानूनको परिधिमा ल्याए र अन्ततः अर्को जनआन्दोलनले २४० वर्ष लामो इतिहास बोकेको राजतन्त्रलाई इतिहासमा सीमित पारे र देशमा गणतन्त्र स्थापना गरे। नेपाली जनताले जनता सर्व शक्तिवान छ भन्ने कुरा सावित गरे।

पंचायती व्यवस्था र राजतन्त्र नेपालमा इतिहास बन्यो तर गणतन्त्रवादी नेताहरू नयाँ पंच र निर्वाचित नयाँ राजाको रूपमा उदय हुँदैछन्। जनताबाट निर्वाचित भएर तिनीहरू गणतन्त्रवादीको भेषमा जनतालाई शोषण र शासन गर्दैछन्। ती नेताहरू नेपालको राजनीतिमा देखा परेका समस्याको दोष साना पार्टीहरूलाई दिंदै साम्राज्यवादी र विस्तारवादीहरूको इशारामा नेका र एमालेबाहेक अन्य पार्टीहरूको अस्तित्व समाप्त पार्ने षडयन्त्र गर्दैछन्। पंचायती निरंकुशता र वर्तमान शासक दलहरूबीच के भिन्नता रह्यो ? यही जनताको प्रश्न छ। पद र पैसाको लागि स्थापना गरिएका पार्टीहरू थ्रेसहोल्डको कारण समाप्त हुन सक्छन् तर सिद्धान्त र दर्शनको आधारमा स्थापना भएका पार्टीहरूलाई थ्रेसहोल्डले केही असर गर्दैन। पार्टीहरू प्रतिबन्धित अबस्थामा पनि विचारका आधारमा दलहरूले काम गरिरहेका थिए। जनताको सेवा गरुन्जेल कानूनले प्रतिबन्ध लगाएर दलहरूलाई समाप्त पार्न सक्दैन भन्ने कुरा शासक दलहरूले बुझ्नु आवश्यक छ।

नेका र माओवादी सरकारले संविधान विपरीत इतिहासमै ठूलो ६४ जनाको मन्त्रिमण्डल गठन गऱ्यो, यस अघि एमालेले ६ जना उप प्रधानमन्त्री बनायो। यी सबै देशको ढुकुटीमा ब्रम्हलुट गर्न बाहेक अरु के का निम्ति थिए ? अनि त्यस्ता नेताहरूले राजनैतिक विकृतिको दोष साना

पार्टीहरूलाई दिन मिल्छ ?

नेपाल अधिराज्यको संविधान २०४७ मा पनि ३ प्रतिशतको थ्रेसहोल्ड थियो। २०४८ सालको निर्वाचनमा धेरै दलहरूले तीन प्रतिशत मत प्राप्त गर्न सकेनन्। काठमाण्डौको उप निर्वाचनमा नेमकिपालाई तीन प्रतिशत मत नआएको भन्दै निर्वाचन कार्यालयले काठमाण्डौमा दलगत रुपमा निर्वाचन लड्न दिएन। नेमकिपा त्यसको विरुद्ध सर्वोच्च अदालतमा गयो र अदालतले संविधानको व्याख्या गर्दै निर्वाचन प्रयोजनको लागि त्यो धारा आकर्षित नहुने र कुनै दलका प्रतिनिधि निर्वाचित भएको अवस्थामा संसदमा रहन्जेल स्वतन्त्र हुने भनी व्याख्या गऱ्यो। त्यो नेमकिपाको मात्रै जित थिएन, प्रजातन्त्रकै जित थियो। त्यही मुद्दाको कारण धेरै दलहरूले निर्वाचनमा भाग लिन पाए र आफ्ना गतिविधिहरू अगाडि बढाउने अवसर पाए। नेपालको प्रजातान्त्रिक इतिहासमा त्यस मुद्दाको विशेष महत्त्व छ।

नेका, एमाले र माओवादीका नेताहरूले विश्वका धेरै देशहरूमा थ्रेसहोल्ड लागू गरिएको हुँदा नेपालमा पनि लागु गर्नु पर्ने तर्क गरे। वास्तवमा कुन देशको प्रजातान्त्रिक इतिहास कति लामो छ, त्यहाँको जनताको राजनैतिक चेतना स्तर कति उठेको छ र ती देशका जनताको आर्थिक स्थिति कस्तो छ ? त्यसको विस्तृत अध्ययन गर्नुपर्थ्यो। धेरै देशहरूमा थ्रेसहोल्डको व्यवस्था भए पनि एकरूपता पाइन्दैन। नेडरल्याण्डमा ०.६७ प्रतिशत छ भने टर्कीमा १० प्रतिशत छ। जर्मनी र न्युजिल्याण्डमा भने प्रत्यक्ष सिट जितेको आधारमा समानुपातिकमा प्रतिनिधित्व गर्न पाउने व्यवस्था छ। जर्मनीमा ३ र न्युजिल्याण्डमा १ सिट प्रत्यक्षमा जितेको अवस्थामा पनि समानुपातिकमा जतिसुकै मत आए पनि संसदमा समानुपातिकतर्फबाट प्रतिनिधित्व गराउने व्यवस्था छ।

उपरोक्त अन्तराष्ट्रिय अनुभवहरूबाट देशको राजनैतिक स्थिति, प्रजातान्त्रिक इतिहास, आर्थिक स्तरको आधारमा ती देशहरूले थ्रेसहोल्डलाई अंगालेको भन्ने प्रष्ट हुन्छ। नेपालमा पंचायती व्यवस्था समाप्त भएको भर्खर २७।२८ वर्ष भयो। यस अवधिमा करिब १० वर्षसम्म शसस्त्र द्वन्दको सामना गर्नु पऱ्यो। २०५८ सालदेखि २०६४ सालसम्म प्रतिगमनमै वित्यो। नेपाली जनताले प्रजातन्त्रको अभ्यास लामो समय गर्न पाएका छैनन्। गणतन्त्र नेपालको स्थापनापछि नयाँ संविधान निर्माण गर्नमै छ वर्ष लगाइयो। यसरी नेपालमा नयाँ नयाँ दलहरूले आ-आफ्नो दलको विचार र सिद्धान्तबारे व्यापक जनताको घर दैलामा पुगेर संगठन विस्तार गर्न पाएका छैनन्। फेरि एक पटक निर्वाचनमा भाग लिने वितिकै तीन प्रतिशत मत प्राप्त गर्न सकिन्छ भन्ने पनि होइन। अहिले एकातिर माओवादी र एमालेले पार्टी एकीकरण गर्ने भन्दै कथित वाम गठबन्धन गऱ्यो, राजपाका नेताहरू हृदेयश त्रिपाठीलगायतकाहरू एमालेको निर्वाचन चिन्ह लिएर निर्वाचन लड्न तयार भए भने अर्कोतिर नेका र राप्रपालगायत प्रजातान्त्रिक गठबन्धनको नाउँमा चुनाव लड्ने तयारी गर्दैछन्। एमाले र माओवादीहरूको गठबन्धन संशोधनवादीहरूको गठबन्धन हो भने नेका र राप्रपालगायतको गठबन्धन प्रजातन्त्र विरोधी भागबण्डामा रमाउनेहरूको गठबन्धन हो। यो दुइ दलीय तानाशाहीको प्रारम्भिक रूप हो। के नेपाली जनताले दुइ दलीय तानाशाही चाहेका हुन् ? तानाशाही आखिर एक दलीय होस् या दुइ दलीय त्यो तानाशाही नै हुन्छ। नेपाली जनताले एउटा राजालाई फालेर अर्को निर्वाचित राजतन्त्र स्थापना गर्न खोजेका होइनन्। अब दुइ दलीय तानाशाही विरुद्ध संघर्ष अगाडि बढाउने जिम्मेवारी नेपाली जनताको काँधमा आएको छ।

संविधानको धारा १७ मा राजनैतिक दल खोल्ने स्वतन्त्रता छ। त्यो जनताको मौलिक हक हो। धारा २७० (१) मा 'धारा १६९ बमोजिम राजनैतिक दलको गठन गरी संञ्चालन,दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि र त्यसको प्रचार प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो कानूनको प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुनेछ' भनिएको छ। शासक दलहरूले पारित गरेको थ्रेसहोल्ड संविधान विपरीत छ। नेमकिपाले सर्वोच्च अदालतमा त्यस अप्रजातान्त्रिक प्रावधानविरुद्ध मुद्दा दर्ता गरिसकेको छ। त्यो कानूनी प्रावधान खारेज नभएसम्म नेमकिपाले कानूनी लडाईलाई पनि निरन्तरता दिनेछ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

# नेपालको संविधान २०७२ (२५)

## भाग – १८

## स्थानीय व्यवस्थापिका

**२२१. स्थानीय तहको व्यवस्थापिकीय अधिकार** : (१) यस संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहनेछ ।

(२) गाउँ सभा र नगर सभाको व्यवस्थापिकीय अधिकार अनुसूची–८ र अनुसूची–९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

**२२२. गाउ सभाको गठन** : (१) प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहनेछ ।

(२) उपधारा (१) बमोजिमको गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् ।

(३) उपधारा (१) बमोजिम गठन हुने गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।

(४) संघीय कानून बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

(५) अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुनेछ ।

(६) देहायको योग्यता भएको व्यक्ति गाउँ सभाको सदस्यको पदमा उम्मेदवार हुन योग्य हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानूनले अयोग्य नभएको ।

(७) गाउँ सभाको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**२२३. नगर सभाको गठन** : (१) प्रत्येक नगरपालिकामा एक नगर सभा रहनेछ ।

(२) उपधारा (१) बमोजिमको नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन् ।

(३) उपधारा (१) बमोजिम गठन हुने नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।

(४) संघीय कानून बमोजिम नगरपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

(५) अठार वर्ष उमेर पूरा भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानून बमोजिम मतदान गर्ने अधिकार हुनेछ ।

(६) देहायको योग्यता भएको व्यक्ति नगर सभाको सदस्यको पदमा उम्मेदवार हुन योग्य हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानूनले अयोग्य नभएको ।

(७) नगर सभाको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**२२४. गाउ सभा र नगर सभाको अध्यक्ष र उपाध्यक्ष** : गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुखले क्रमशः गाउँ सभा र नगर सभाको पदेन अध्यक्ष र उपाध्यक्ष भई कार्य सम्पादन गर्नेछ ।

**२२५. गाउ सभा र नगर सभाको कार्यकाल** : गाउँ सभा र नगर सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुनेछ । त्यस्तो कार्यकाल समाप्त भएको छ महीनाभित्र अर्को गाउँ सभा र नगर सभाको निर्वाचन सम्पन्न गर्नु पर्नेछ ।

**२२६. कानून बनाउन सक्ने** : (१) गाउँ सभा र नगर सभाले अनुसूची–८ र अनुसूची–९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ ।

**२२७. गाउ सभा र नगर सभा सम्बन्धी अन्य व्यवस्था** : गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

क्रमशः



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 18

After a minute's delay, on they went through the camp to the ground where all the tame elephants were picketed under a large group of trees, about two hundred in number. The two tame elephants guided the new one with the greatest skill through the trees, ropes, &c, till they brought her up to a large stake about fifteen feet high and firmly fixed in the ground, to which she was to be secured. The leading elephant led her straight up to it ; and when her neck, round which the rope was fastened, came up to the post, the two tame ones making a turn with their respective ropes, she was fairly secured from moving away. The tame ones immediately (Jang continuing on the back of his elephant, with his 'once' white kid gloves and patent leather boots still on) closed on her, one standing on each side, and leaning rather against her. Her head being fixed, this kept her quite steady. The mahauts then firmly secured the ropes in knots around her neck, so that there was no danger of her slipping them during the night. They now had to secure her feet ; no easy matter, as she kept kicking and struggling most violently. However, the tame elephants kept up the pressure on her sides, and with their trunks played with her trunk and head so skillfully to divert her attention from her front feet, and prevent her seeing what was going on, that two men succeeded in crawling under the tame ones' bellies (who kept their own feet steady so as not to hurt them), and fastening a figure-of-eight knot firmly round her two front legs just above the feet.

They now had to put a noose round one of her hind legs to keep her steady and prevent her slewing her body round too much. She plunged so violently at first, and afterwards, apparently knowing what they were about, kept her hind feet so firmly on the ground, that this was a matter of difficulty. However, at last, by putting a rope round the other foot, and pulling it, at the same time knocking it with a stick, they induced her to raise her foot and make the attempt to slip off the rope; immediately they threw the noose over her raised foot. However, she managed to push it off with the other several times before it was securely fixed. She was now firmly bound head and foot. The tame ones were withdrawn, and she was alone for the first minute since her capture. It was wonderful to see the prodigious efforts she made to loose herself; but the ropes were too strong, and the post too firmly fixed. The rope round her neck prevented her rolling or throwing herself on the ground, which she tried to do, and which, had she succeeded in doing, she would probably have strangled herself. After a little-when it was seen that the ropes to her neck and fore feet were sufficient-the noose to her hind feet was let go. She renewed her struggles, crying most piteously all the while : she kicked most tremendously, and actually repeatedly raised her hind foot right up to her neck, scratching most violently at the rope round her throat to get it off. In these attempts she frequently struck her own ear, so high did she lift her foot. She was now left for the night. No food was to be given to her for three or four days, as the continued hunger would wear her strength and her spirit too, so as to make her more tameable. In the course of three or four days, when she became less violent, they would give her a little food, and then move her about, secured by ropes, in company with tame elephants. In about ten days or a fortnight she would be sufficiently tamed to cease all resistance, to let a mahaut ride her, and only to require teaching to make her obedient and tractable.**(To be continued)**

तपाईंको भान्छा

# ज्वानोले गर्ने फाइदाहरु

ज्वानो एक मसला हो। यो उष्ण प्रकृतिको मानिन्छ। यसको प्रयोग तरकारी आदिमा बढी गरिएपनि नेपालमा यसको प्रचलन सुत्केरी अवस्थामा धेरै गरेको पाईन्छ। बच्चा र आमा दुबैको स्वास्थ्यको लागि परापूर्वकालदेखि यसको प्रयोग बढी लाभदायक मानिएको छ। ज्वानोको सबैभन्दा ठूलो विशेषता यसमा रहेको क्याल्सियम हो।

एक चिया चम्चा ज्वानोमा ७६ मिलिग्राम क्याल्सियम पाइन्छ। कुपोषण भएका र लामो बिमारीपछि उठेका बालबालिका, वृद्धा, गर्भवती महिला सबैलाई ज्वानोको प्रयोगले गर्छ। सुत्केरी अवस्थामा ज्वानोले शरीरलाई चाहिने आवश्यक क्याल्सियमको परिपूर्ति गर्छ र दूध बढाउँछ। आमाको दूधबाट बच्चालाई पनि क्याल्सियम प्राप्त हुन्छ।

यसले पाचनशक्ति बढाउँछ, हानीकारक जीवाणु एवं कृमिनाश गर्छ, वायुविकार हटाउँछ। गर्मी, सर्दी दुबै मौसममा अनुकुल ज्वानोले फाइदा गर्छ। पेट दुखाइ कम गर्न, पेटका कृमिहरू नाश गर्न र पाठेघर सबल पार्न ज्वानोको प्रयोग फाइदा जनक छ। ज्वानोको बढी प्रयोग गर्दा हानी देखिएमा धनियाँको प्रयोग गर्नुपर्ने कुरा आयुर्वेदले मानेको छ।

पेट दुखेमा ज्वानो पानी पकाएर थोरै नून मिसाई खान दिंदा पेट दुखेको कम हुन्छ। पेट फुलेमा भुटेको ज्वानो एक चम्चा र थोरै बीरेनून मिसाई पिस्ने र त्यो पाउडरलाई एकडेढ चम्चा तातो पानीसँग खाने गर्दा पेट फूल्ने ठिक हुन्छ। महिलाहरूमा सेतो पानी बग्ने समस्या भएमा नियमित रूपले चौलानी पानीमा भुटेको ज्वानोको पाउडर राखी फिटेर केही महिनासम्म पिउने गर्दा सुधार हुन्छ। ज्वानोको प्रयोग झोल बनाउँन, तरकारी एवं भात, रोटी वा अन्य खानेकुरा आदि पनि गर्न सकिन्छ।

'स्वास्थ्य खवरपत्रिका' बाट

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## जनस्वास्थ्य केन्द्रमा उपलब्ध सेवाहरू

(उल्लेख गरिएका र शनिबार बाहेक)

### जनस्वास्थ्य सेवा केन्द्र, व्याम्हासिंह

१. सामान्य स्वास्थ्य परीक्षण — बिहान ७-११ बजे
२. बाल रोग विशेषज्ञ सेवा — बिहान ७-९ बजे
३. स्त्री रोग विशेषज्ञ सेवा — बिहान ८-१० बजे
४. फिजियोथेरापी — बिहान ७-९ बजे
५. ड्रेसिङ — बिहान ७-१ बजे
६. परिवार नियोजन सेवा — (बिहान ७-१ बजे, आइतबार, मङ्गलबार, बुधबार र बिहीबार)
७. खोप सेवा — (बिहान ७-१ बजे, सोमबार र शुक्रबार)
८. क्षयरोगविरुद्धको DOTS सेवा (बिहान ७-१ बजे)
९. दन्त रोग परीक्षण सेवा — (बिहान ७-११ बजे दिउँसो २-६ बजे)
१०. हाडजोर्नी तथा नशारोग विशेषज्ञ सेवा (बिहान ७-९ बजे आइतबार, मङ्गलबार र विहिबार, साँझ ४-६ बजे शनिबार बाहेक)
११. नाक, कान र घाँटी विशेषज्ञ सेवा (बिहान ७-९ बजे, आइतबार, मङ्गलबार र विहिबार)
१२. X-Ray सेवा — (बिहान ७ बजेदेखि बेलुका ७ बजे)
१३. आकस्मिक तथा अवलोकन सेवा (हरेक दिन २४ सै घण्टा)
१४. प्रयोगशाला सेवा — (हरेक दिन २४ सै घण्टा)
१५. छाला तथा यौन रोग विशेषज्ञ सेवा (हरेक शनिबार बिहान ९-११ बजे, हरेक बुधबार साँझ ४-६ बजे)
१६. मानसिक स्वास्थ्य विशेषज्ञ सेवा — (हरेक महिनाको दोस्रो तथा अन्तिम मङ्गलबार दिउँसो १-३ बजे)
१७. आँखा रोगसम्बन्धी सेवा (तिलगंगा) (बिहान ८-२ बजे)
१८. एम्बुलेन्स सेवा/शव वाहन — (हरेक दिन २४ सै घण्टा)

### जनस्वास्थ्य सेवा केन्द्र, भगवतीस्थान

१. बाल रोग विशेषज्ञ सेवा — (साँझ ३:३०-६:३० बजे)
२. सामान्य स्वास्थ्य परीक्षण — (साँझ ४-६ बजे)
३. घाउ खटिरा ड्रेसिङ सेवा — (साँझ ३:३०-६:३० बजे)

### नगर स्वास्थ्य केन्द्र, व्यासी

१. सामान्य स्वास्थ्य परीक्षण — (बिहान ७-१ बजे)
२. घाउ खटिरा ड्रेसिङ सेवा — (बिहान ७-१ बजे)
३. खोप सेवा — (बिहान ७-१ बजे, मङ्गलबार र बिहीबार)
४. परिवार नियोजन सेवा — (बिहान ७-१ बजे, बिहीबार बाहेकका दिनहरू)
५. क्षयरोगविरुद्धको DOTS सेवा (बिहान ७-१ बजे)

# आ.व. २०७४/७५ असोज महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३५१ | २८० | २७१ | २३१ | ३२० | ३०० | २७३ | २८३ | २७६ | २९३ | २६७ | ३५६ | २७८ | ३९९ | ४१८ | ३९८ |
| ■ सार्क तथा चिनियाँ | १७३ | १३३ | १५६ | ९४ | १८४ | २३९ | १६३ | १५२ | १३८ | १७० | ११० | २५५ | २२७ | ३३५ | ३९७ | ३१९ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४५५ | ४१६ | ५७५ | ५४० | ४७० | ४५९ | ६७३ | ४७७ | ५२६ | ७६३ | ६८१ | ६४६ | ६५० | ६५७ | ४६३ |
| ■ सार्क तथा चिनियाँ | ४०० | ४०० | ४२३ | ६८१ | ३७३ | ३६० | ३८७ | ३४७ | २७१ | २६५ | २५० | २५७ | २६१ | २१० | १३१ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७३ असोज | १०,२७१ | ६,६३४ | १६,९०५ |
| २०७४ असोज | १३,४४५ | ८,२६१ | २१,७०६ |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# नेमकिपाका जनप्रतिनिधिहरू इमानदार छन्

भक्तपुर नगरपालिकाले कार्तिक महिनामा दुई वटा नगरव्यापी प्रतियोगिता सम्पन्न गरेर जनप्रतिनिधिहरू जनता समक्ष गरेको वाचा पूरा गर्न तदारुक रहेको प्रमाणित गरेको छ । नगरव्यापी अन्तरविद्यालय खेलकुद प्रतियोगिता कार्तिक ९–१३ गते र कार्तिक २५ गते नगरव्यापी बाँसुरी बाजा प्रतियोगिता सफलतासाथ सम्पन्न भएको छ ।

नेपाल मजदुर किसान पार्टीले स्थानीय तह निर्वाचनको बेला जारी गरेको घोषणापत्रमा प्रतिवद्धता जनाएका उपरोक्त प्रतियोगिताहरू छोटो समय मै सम्पन्न गरेर एउटा नयाँ उदाहरण प्रस्तुत गरेको छ । 'हामी जे बोल्छौं त्यो गरेरै छाड्छौं' नेमकिपाका उम्मेदवारहरूले चुनावको बेला भनेका थिए । विजयी भएपछि जनप्रतिनिधिहरूले आफ्नो वाचा अनुकरणीय रूपमा इमानदारी साथ पूरा गरेका छन् ।

धेरैले भन्ने गरेका छन्– कतिपय दलहरूले जारी गर्ने घोषणापत्र केवल देखाउने दाँत हो । चुनाव जितेपछि विजयीहरूले घोषणापत्रलाई रद्दीको टोकरीमा फालिदिन्छन् । तर नेमकिपाको सवालमा उक्त भनाइ सरासर गलत छ । स्थानीय तहको सन्दर्भमा मात्र होइन संसदमा विजयी भएका नेमकिपाका सांसदहरूले समेत घोषणापत्रलाई आफ्नो बलबुताले भ्याएसम्म पालना गरेका छन्, लागू गराउन संघर्ष गरेका छन् । यो नै नेमकिपाको विशिष्ट चरित्र र विशेषता हो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले घोषणापत्रलाई मार्गचित्रको रूपमा लागू गर्न प्रतिवद्ध र निःस्वार्थ रूपमा समर्पित रहेको अभिव्यक्तिमात्र दिएका छैनन् । व्यवहारमा पनि ल्याएका छन् । यसबाट नेमकिपालाई मत दिनेहरू आफ्नो मताधिकार सही ठाउँमा प्रयोग भएकोमा हर्षित देखिएका छन् ।

भक्तपुर नपामा वहाली भएको पाँच महिनामै घोषणापत्रका प्रतिवद्धताहरू पूरा गर्न जनप्रतिनिधिहरूले देखाएको तदारुकताले भक्तपुर नगरलाई नमुना नगर बनाउने छ भन्ने थप विश्वास दिलाएको छ । आगामी दिनमा आफ्नो क्रियाशीलता र तदारुकतालाई अझ व्यवस्थित रूपमा अगाडि बढाउने छ, नगर र नगरवासीको उच्चतम हितको लागि आफ्ना कार्यक्रमहरूलाई तीब्रता दिएर नमुना नगरको उद्देश्य पुरा गर्ने आशा नगरवासीहरूले लिएका छन् ।